# द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन

## लघु शोधप्रबन्ध

## सिक्किम विश्वविद्यालय

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध

रोशनी भुजेल

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

फरवरी २०२०

# द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध


शोध निर्देशक

डा पुष्प शर्मा

सह प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

शोधार्थी

रोशनी भुजेल

पञ्जीकरण सङ्ख्याः18/M.Phil/NEP/04

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


फरवरी २०२०

# सिक्किम विश्वविद्यालय

(भारतीय संसद के अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
गुणवत्तापूर्ण प्रबंधन प्रणाली ISO 9001:2008 हेतु प्रमाणित संस्थान

# SIKKIM UNIVERSITY

*[A Central University established by an Act of Parliament of India in 2007]*
An ISO Quality Management System 9001:2008 Certified Institution


No. SU/LIB/F-1/05/NOT/2017/2020/002. Dated 31-01-2020

From: Prof A S Chandel,
Librarian

To
The Head,
Department of Nepali,
Sikkim University

Sub: Anti-Plagiarism Check

Dear Madam,

With reference to your inquiry about the plagiarism check of theses of your department, I may inform you that the present software (URKUND) being used by the University and approved by the UGC does not support languages like Hindi Nepali and other regional languages. Therefore, works written in these languages cannot be tested for plagiarism. However, the supervisor and the Head of the department may certify at their respective ends that to the best of their knowledge the thesis being submitted for the award of MPhil/PhD degree is free of plagiarism or within the limit prescribed by UGC.

Yours sincerely,

A S Chandel

( A S Chandel)

Copy for information:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-Charge Department of Hindi


6 माईल, सामदुर, तादोंग, गगंटोक - 737102 सिक्किम, भारत
दूराभाष : 00-91-3592 - 251067, 251403, फैक्स :- 251067/251757

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India
Phones : 00-91-3592-251067, 251403, Fax - 251067/251757
website : www.sikkimuniversity.in/www.sikkimuniversity.ac.in
Email : sikkimuniversity@gmail.com

SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India, 2007]*
**DEPARTMENT OF NEPALI**
SCHOOL OF LANGUAGES & LITERATURE

**Dr. Pushpa Sharma**
**Associate Professor**
**Department of Nepali**
**Sikkim University**

## शोध निर्देशकबाट अग्रसारण

"द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" शीर्षकमा प्रस्तुत लघु शोधप्रबन्ध नेपाली विभाग, सिक्किम विश्वविद्यालय एमफिलकी शोधार्थी सुश्री रोशनी भुजेलले मेरो निर्देशनमा रही धेरै परिश्रमपूर्वक तयार पारेकी हुन्। एमफिल स्तरको अध्ययनक्रममा तेस्रो सत्रअन्तर्गत गरिनुपर्ने यस लघु शोधप्रबन्ध लेखन यिनले शोध विधि र नियमको यथोचित पालन गर्दै गहन अध्ययन, लगन र परिश्रमका साथ तयार पारेकी हुन्। यसको उचित मूल्याङ्कनका निम्ति यस लघु शोधप्रबन्धलाई म सम्बन्धित निकायमा अग्रसारित गर्दछु।

पुष्पशर्मा
06.02.2020
Supervisor
Department of Nepali
पुष्प शर्मा
शोध निर्देशक
सह प्राध्यापक,
नेपाली विभाग
सिक्किम विश्वविद्यालय



6th Mile,Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91–03592251342 (O), WWW.sikkimuniversity.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका निम्ति प्रस्तुत "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" शीर्षकको यस लघु शोधप्रबन्धमा नितान्त मौलिक कार्य भएको छ। शोध निर्देशक सह प्राध्यापक डा पुष्प शर्माको कुशल निर्देशनमा रहेर मैले आफ्नो शोधकार्य पूर्ण गरेकी हुँ। मैले यस लघु शोधप्रबन्धको लेखनक्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलित गरेर तिनको उपयोग गरेकी छु। यस लघु शोधप्रबन्धबाट प्राप्त निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गराएकी छैन। प्रस्तुत लघु शोधप्रबन्धभित्रका कुनै पनि अंश अन्य पत्र-पत्रिका तथा कुनै पनि पाठ्य पुस्तकको अंशको रूपमा प्रकाशित गराएकी छैन।

मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताको विरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म सम्पूर्ण रूपले उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता व्यक्त गर्दछु।

शोधार्थी

रोशनी भुजेल
07/02/20

रोशनी भुजेल

07.02.2020

अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

पञ्जीकरण सङ्ख्या-18/M.Phil/NEP/04

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## कृतज्ञता ज्ञापन

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" रहेको छ। प्रस्तुत लघु शोधप्रबन्ध मैले आदरणीय गुरुमा सह प्राध्यापक डा पुष्प शर्माको कुशल निर्देशनमा तयार पारेकी हुँ। आफ्नो कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई लक्षित मार्गमा पुऱ्याउन उहाँले यथेष्ट समय र उत्साहबर्धक सुझाव दिँदै यस लघु शोधप्रबन्ध सम्पन्न गराउनु भएकोले म पुष्प गुरुमाप्रति आन्तरिक हृदयबाट आभार प्रकट गर्दछु। यसरी नै यस लघु शोधप्रबन्धका लागि सदैव प्रेरणा, हौसला तथा सहयोग गर्नु हुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका मेरा आदारणीय गुरुमा डा कविता लामा, डा अरूणा राई, गुरुबा डा समर सिन्हा, डा देवचन्द्र सुब्बा, प्रा बलराम पाण्डे अनि अतिथि प्राध्यापक डा सुमन बान्तवाप्रति विशेष आभारी छु। यसरी नै उत्तरबङ्ग विश्वविद्यालयका सम्पूर्ण गुरुजनप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु। उहाँहरूको उचित परामर्श र सहयोग मेरो निम्ति प्रेरणाको स्रोत बनेको छ।

समीरण छेत्री 'प्रियदर्शी'-को पहिलो कृति *फुटेको मुरली* कथासङ्ग्रह भारतमा उपलब्ध नभएकाले उक्त पुस्तक प्राप्त गराई दिनुहुने नेपालका मदन पुरस्कार पुस्तकालय अनि आफ्नो निजी व्यस्ततालाई पन्साएर शोध सामग्री पठाई दिनुहुने त्रिसन भुजेलप्रति आभारी छु। यसबाहेक परिमलमित्र स्मृति महाविद्यालयमा अध्ययनरत रहँदा मलाई पढाई क्षेत्रमा सदैव अघि बढ्ने प्रोत्साहन दिनुहुने उक्त महाविद्यालयकी प्राध्यापक डा रेमिका थापा गुरुमालाई पनि सुझाव र स्नेहका लागि धेरै धेरै धन्यवाद दिँदछु। यसरी नै शोधसम्बन्धी उचित परामर्श दिएर सहयोग पुऱ्याउनु हुने लेखक श्री समीरण छेत्री 'प्रियदर्शी', श्री हीरा छेत्री, डा राजेन्द्र भण्डारी अनि श्री भुपेन घिसिङ आदि विद्वानहरूप्रति पनि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यस लघु शोधप्रबन्धसम्बन्धी सामग्री सङ्कलन गर्न सहयोग अनि सुझाव दिनु हुने नेपाली विभागका शोधार्थी दाजु विष्णुलाल भुजेल, रोजन

राई, कपिल तामाङ, योगेश लिम्बु, नवराज छेत्री अनि मेरी प्रिय मित्र कृष्णमाया दाहाल, रेनुका छेत्री, सत्य राई, दिदी विनुपा राईलाई पनि धेरै धन्यवाद दिँदछु। शोध सामग्री सङ्कलन गर्नेक्रममा प्रशस्त पुस्तकहरू उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने सिक्किम विश्वविधालयको केन्द्रिय पुस्तकालय, उत्तरबङ्ग विश्वविद्यालयको पुस्तकालय र सिक्किम अकादमीको पुस्तकालयका अधिकारीहरूप्रति पनि आभारी छु।

शोधकार्यको प्रारम्भदेखि उत्साहबर्धक प्रोत्साहन एवम् विभिन्न समस्याहरू सुल्झाउन आत्मीयतापूर्वक सहयोग दिनुहुने मेरा पूज्य आमा बाबा, मेरा श्रद्धेय दाजु अनि साथी बिमेश छेत्रीप्रति पनि म धेरै स्नेह र आभार व्यक्त गर्दछु।

अन्तमा यस लघु शोधप्रबन्धको कार्य अवधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण अग्रज शोधार्थी दाजु दिदी अनि सहपाठी मित्रगणप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

मिति: ०७/02/२०

विनीत,
रोशनी भुजेल

रोशनी भुजेल
नेपाली विभाग,
सिक्किम विश्वविद्यालय

## लघुशोध प्रबन्धमा प्रयुक्त संक्षिप्त शब्दरूप

अनु.----------------------- अनुवाद

आई.ए--------------------- इन्टरमिडिएट इन आर्ट्स

आ.सं.--------------------- आठौं संस्करण

चौ.सं.--------------------- चौथो संस्करण

डा.------------------------ डाक्टर

ते.सं.---------------------- तेस्रो संस्करण

दो.सं.--------------------- दोस्रो संस्करण

न.सं.---------------------- नवौं संस्करण

पृ.------------------------ पृष्ठ

पाँ.सं.--------------------- पाँचौं संस्करण

प्रा.लि.-------------------- प्राइभेट लिमिटेड

बी.ए---------------------- बेचुलर अफ आर्ट्स

वि सं--------------------- विक्रम सम्वद

स्व.----------------------- स्वर्गीय

सम्पा.--------------------- सम्पादक

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
| --- | --- |
| **भावहरणको प्रमाण पत्र** | **क** |
| **शोध निर्देशकबाट अग्रसारण** | **ख** |
| **प्रतिबद्धता पत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ-ङ** |
| **सङ्क्षिप्त शब्दरूप** | **च** |
| **पहिलो अध्याय** | **१-९** |
| **१. शोध परिचय** | |
| १.१ शोधको शीर्षक | |
| १.२ शोध शीर्षकको परिचय | |
| १.३ शोधको प्रयोजन | |
| १.४ शोधको समस्या | |
| १.५ शोधको उद्देश्य | |
| १.६ पूर्वकार्यको समीक्षा | |
| १.७ शोधको औचित्य | |
| १.८ शोधको सीमाङ्कन | |
| १.९ शोध विधि | |
| १.९.१ सामग्री सङ्कलन विधि | |

**दोस्रो अध्यायः** **१०-३५**

**२. द्वन्द्वविधानको सैद्धान्तिक परिचय**

२.१ द्वन्द्वविधानको अर्थ अनि परिभाषा

२.२ द्वन्द्वको अवधारणा र पृष्ठभूमि

२.३ द्वन्द्वसम्बन्धी मनोवैज्ञानिक दृष्टिकोण

२.३.१ द्वन्द्वसम्बन्धी सिग्मन्ड फ्रायडको अवधारणा

२.३.२ द्वन्द्वसम्बन्धी अलफ्रेड एडलरको अवधारणा

२.१.३ द्वन्द्वसम्बन्धी कार्ल गुस्ताव जुङ्गको अवधारणा

२.१.४ द्वन्द्वसम्बन्धी कुर्ट लेविनको अवधारणा

२.४ द्वन्द्वको प्रकार

२.४.१ आन्तरिक द्वन्द्व

२.४.२ बाह्य द्वन्द्व

२.५ द्वन्द्वको स्रोत

२.५.१ निष्पत्ति

२.५.२ स्वतन्त्रता

२.५.३ विरोधीभाव

२.५.४ काम र यौन

२.६ द्वन्द्वको समाधान विधि

२.६.१ प्रमुख मनोरचना

२.६.२ गौण मनोरचना

२.७ साहित्यमा द्वन्द्वको स्थान

२.८ कथामा द्वन्द्वको स्थान

**तेस्रो अध्याय** **३६-७१**

**३ आधुनिक भारतीय नेपाली कथामा द्वन्द्वको प्रयोग**

३.१ रूपनारायण सिंहको *कथा नवरत्न* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.२ शिवकुमार राईको *खहरे* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.३ इन्द्रबहादुर राईको *विपना कतिपय* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.४ हायमनदास राई 'किरात'-को *चौकीदार* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.५ विन्ध्या सुब्बाको *शीतलहर* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.६ मटिल्डा राईको *टोटलाको फूल* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.७ पूर्ण राईको *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.८ सानु लामाको *कथा सम्पद्* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.९ लीलबहादुर छेत्रीको *लीलबहादुर क्षत्रीका कथाहरू* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

३.१० गुप्त प्रधानको *मान्छे-मान्छेको बस्तीभित्र* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

**चौथो अध्याय** **७२-१२१**

**४. समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधान**

४.१ समीरण छेत्री 'प्रियदर्शी'-को संक्षिप्त परिचय

४.१.१ समीरण छेत्री 'प्रियदर्शी'-को साहित्यिक यात्रा

४.१.१.१ उपन्यासकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

४.१.१.२ एकाङ्कीकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

४.१.१.३ कथाकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

४.१.२ पत्रकार एवम् सम्पादकका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

४.२. समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा प्रयुक्त मूलभूत प्रवृत्तिहरू

४.२.१ सामाजिक यथार्थवादी प्रवृत्ति

४.२.२ मनोवैज्ञानिक प्रवृत्ति

४.२.३ अस्तित्ववादी प्रवृत्ति

४.२.४ ऐतिहासिक एवम् राजनैतिक प्रवृत्ति

४.३ समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको विश्लेषण

४.३.१ *फुटेको मूरली* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

४.३.२ *असफल चित्रकार* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

४.३.३ *अर्को मान्छे* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

४.३.४ *नीलो झिंगा* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

४.३.५ *निर्वाणको रात* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

४.३.६ *गैरीगाउँकी चमेली* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

**पाँचौं अध्याय** **१२२-१२९**

**५. उपसंहार तथा निष्कर्ष**

**सन्दर्भग्रन्थसूची** **१३०-१३६**

**परिशिष्ट**

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोधको शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" रहेको छ।

### १.२ शोध शीर्षकको परिचय

द्वन्द्व अङ्ग्रेजी शब्द 'कनफ्लिक्ट'-को नेपाली रूपान्तर हो। हिन्दीमा यसलाई 'सङ्घर्ष' भनिन्छ। दुई विपरीत विचार वा वस्तुबिचको बेमेलपूर्ण स्थिति वा सङ्घर्ष नै द्वन्द्व हो। द्वन्द्व एउटा यस्तो स्थिति हो, जसमा मानिसका आन्तरिक र बाह्य दुवै रूपमा सङ्घर्ष, द्विविधा, मतभेद तथा विवाद जस्ता कुराहरूको मिश्रण भएको हुन्छ। व्यक्ति र समाजमा हुने विभिन्न किसिमको प्रतिस्पर्धा तथा शक्तिका लागि हुने सङ्घर्ष, मानवीय मूल्य-मान्यता, संस्कृतिमा देखिने असमानता तथा विभिन्न विचारहरूबिचको मतभेदबाट द्वन्द्वको स्थिति उत्पन्न हुन्छ।

द्वन्द्व मानव जीवनमा देखिने स्वाभाविक प्रक्रिया भएको हुनाले साहित्यमा पनि यसको प्रयोग प्रशस्त भएको देखिन्छ। नेपाली आख्यानले समातेको एउटा मूल विषय मानवीय द्वन्द्व पनि हो। आख्यानको विभिन्न भेदहरूमध्ये कथा एउटा महत्त्वपूर्ण विधाअन्तर्गत पर्दछ। नाटकमा जस्तै कथामा पनि द्वन्द्वको उपस्थिति र आवश्यकता उतिकै महत्त्वपूर्ण मानिन्छ। द्वन्द्वको सबल प्रयोगले नै कथाको विषयवस्तु प्रभावकारी, कौतूहलपूर्ण र रोचक हुँदछ। यसैले मूलतः कथामा द्वन्द्वको प्रयोग धेरै मात्रामा भएको देखिन्छ। कथामा यस्तो पक्षलाई प्रस्तुत गर्न द्वन्द्वविधानको आयोजना गरिएको हुन्छ। 'विधान'-को अर्थ कुनै कामको आयोजना गर्ने व्यवस्था हो। त्यसैले द्वन्द्वविधान भन्नाले द्वन्द्वको विधिसम्मत व्यवस्था भन्ने बुझिन्छ। यसले कथाको विषयवस्तु, चरित्र र संवादलाई सशक्त र सबल बनाउनका साथै कथामा द्वन्द्वको संरचना निर्माण गर्ने गर्दछ।

कथामा प्रयोग हुने द्वन्द्वको आरम्भ, विकास, उत्कर्ष अनि चरमउत्कर्षमा पुग्ने व्यवस्थाको सैद्धान्तिक अध्ययन द्वन्द्वविधानले गर्दछ।

समीरण छेत्री 'प्रियदर्शी' भारतीय नेपाली साहित्यका एकजना परिचित साहित्यकार हुन्। सन् १९६० देखि नेपाली साहित्य क्षेत्रमा देखा परेका समीरण छेत्री 'प्रियदर्शी' विशेषत: कथाकारका रूपमा चर्चित छन्। सामाजिक यथार्थको सजीव चित्रण प्रस्तुत गर्नु उनको मूल विशेषता हो। उनले सरल, सहज र बोधगम्य शैलीमा जीवन जगत्का यथार्थलाई देखाउँदै मानिसहरूका आन्तरिक र बाह्य द्वन्द्वहरूलाई आफ्ना रचनामा प्रस्तुत गर्न गरेका देखिन्छन्। समीरण छेत्री 'प्रियदर्शी'-का आजसम्म प्रकाशित जम्मा ६ वटा कथासङ्ग्रहहरू रहेका छन्- *फुटेको मुरली* (१९६४), *असफल चित्रकार* (१९६७), *अर्को मान्छे* (१९८६), *नीलो झिंगा* (१९९३), *निर्वाणको रात* (१९९६), *गैरीगाउँकी चमेली* (२००७) आदि। समीरण छेत्री 'प्रियदर्शी'-ले वर्तमान समयका मानिसहरूको यथार्थ चित्रण प्रस्तुत गर्दै आफ्ना कथाहरूमा तिनीहरूको आन्तरिक र बाह्य पक्षमा पाइने द्वन्द्वलाई सबल रूपमा प्रस्तुत गरेका छन्। उनले आफ्ना कथामा पात्रको मानसिकता, चारित्रिक दुर्बलता, कुण्ठा, हीनताबोध जस्ता मनोवैज्ञानिक पक्षलाई मार्मिक र कलात्मक ढङ्गमा प्रस्तुत गरेको देखिन्छ। उनका कथाहरूमा सामाजिक, राजनैतिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा मानिसहरूले भोग्नु परेका दु:ख कष्ट, पीडा, सङ्घर्ष आदिको यथार्थ चित्रण पाइन्छ। भारतमा बसोबास गर्ने नेपालीहरूको जातीय चिन्हारीको सङ्कट, वर्तमान समाजका विकृति र विसङ्गतिपूर्ण परिवेश, अस्तित्व रक्षाको निम्ति भएका विभिन्न किसिमका युद्ध, झगडा आदिले उत्पन्न गरेका त्रास, भय, पीडाजस्ता विषयहरू प्रियदर्शीका कथाहरूमा पाइने द्वन्द्वजन्य परिवेश हुन्। प्रस्तुत लघु शोधप्रबन्धमा यही द्वन्द्व पक्षलाई लिएर समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन र विश्लेषण गरिएको छ।

## १.३ शोधको प्रयोजन

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल तहको पाठ्यक्रममा रहेको लघु शोधप्रबन्ध तयार पार्नु यस शोधको मुख्य प्रयोजन हो। आधुनिक भारतीय नेपाली कथामा द्वन्द्वविधानको प्रयोग र परम्पराको अध्ययन गर्दै समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा प्रयुक्त द्वन्द्वविधानको अध्ययन गर्नु पनि प्रस्तुत लघु शोधप्रबन्धको प्रयोजन रहेको छ।

## १.४ शोधको समस्या

प्रस्तुत लघु शोधप्रबन्धमा "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" शीर्षकलाई मूल समस्याको रूपमा लिइएको छ। यस शोध कार्यका समस्यालाई निम्न बुँदाहरूमा प्रस्तुत गरिन्छ-

(क) आधुनिक भारतीय नेपाली कथाहरूमा द्वन्द्व कसरी अभिव्यक्त गरिएको छ ?

(ख) समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा द्वन्द्वजन्य परिवेशको चित्रण कसरी भएको छ ?

(ग) द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरू कस्ता रहेका छन् ?

## १.५ शोधको उद्देश्य

समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पाइने द्वन्द्व पक्षहरूको अध्ययन गर्नु प्रस्तुत लघुशोधको उद्देश्य रहेको छ। प्रस्तुत लघु शोधप्रबन्धको उद्देश्य निम्न बुँदाहरूमा प्रस्तुत गरिन्छ-

(क) आधुनिक भारतीय नेपाली कथाहरूमा पाइने द्वन्द्वको अध्ययन गर्नु।

(ख) समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पाइने द्वन्द्वजन्य परिवेशको अध्ययन गर्नु।

(ग) द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको विश्लेषण गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूका बारेमा विभिन्न विद्वानहरूद्वारा समीक्षा, समालोचना, टीका, टिप्पणी साथै अध्ययन, विश्लेषण गरिएको पाइन्छ। समीरण छेत्री 'प्रियदर्शी'-का कथाको विभिन्न पक्षहरूबारे भएका पूर्वकार्यहरूको समीक्षा निम्नप्रकारले गर्न सकिन्छ-

सन् १९८९ मा घनश्याम नेपालद्वारा सम्पादित *कथा सागर* नामक पुस्तकमा आधुनिक नेपाली कथाकारहरूका कथाहरू समावेश गर्नेक्रममा समीरण छेत्री 'प्रियदर्शी'-का कथा 'धनबहादुरको लौरो' कथा पनि समावेश गरिएको छ। प्रस्तुत पुस्तकमा समीरण छेत्री 'प्रियदर्शी'-का कथाकारिताको उल्लेख गर्दै 'धनबहादुरको लौरो' कथालाई मनोवैज्ञानिक यथार्थवादी कथाको रूपमा विश्लेषण गरिएको छ।

सन् १९९३ मा प्रकाशित *नीलो झिंगा* नामक कथासङ्ग्रहको भूमिकामा किशोर मोक्तानले 'प्रियदर्शी-का कथाहरू नियाल्दा' शीर्षकमा समीरण छेत्री 'प्रियदर्शी'-को साहित्यिक यात्राको उल्लेख गर्दै उनका कथा लेखनको सबल पक्षहरूको वर्णन गरेका छन्।

सन् १९९४ मा प्रस्तुत *समीरण प्रियदर्शी-का कथाहरू* शीर्षक सङ्गोष्ठी पत्रमा घनश्याम नेपालले समीरण छेत्री 'प्रियदर्शी'-को परिचय र उनको कथाकारिताको उल्लेख गर्दै उनका कथाहरूलाई विविध आयामबाट चर्चा गरेका छन् ।

सन् १९९७ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट डिल्लीराम शर्माद्वारा *सिक्किममा नेपाली कथाको विकास एक सर्वेक्षण* शीर्षक लघु शोधप्रबन्धमा शोधकर्ताले सिक्किमेली कथाको विकासक्रममा देखा परेका विभिन्न कथाकारहरूका चर्चा गर्नक्रममा समीरण छेत्री 'प्रियदर्शी'-को पनि उल्लेख गरेका छन्। यस लघुशेध प्रवन्धमा समीरण छेत्री 'प्रियदर्शी'-को लेखनगत प्रवृत्तिलाई अवलोकन गर्दै सिक्किमेली कथा साहित्य जगत्का एकजना विशिष्ट कथाकारका रूपमा उनलाई चिनाएको पाइन्छ।

सन् २००१ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट राजेन्द्रप्रसाद भण्डारीद्वारा *सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन* शीर्षक शोधप्रबन्धमा शोधकर्ताले सिक्किमेली प्रमुख नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन गर्नेक्रममा समीरण छेत्री 'प्रियदर्शी'-का 'धनबहादुरको लौरो', 'लावारिश लाश', 'सूर्यकिरण छरिएपछि' आदि कथाहरूको पनि अध्ययन गरेका छन्। उक्त शोधप्रबन्धमा शोधकर्ताले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूलाई स्वच्छन्दतावादी र सामाजिक यथार्थवादी प्रवृत्तिबाट विश्लेषण गर्ने प्रयास गरेका छन्।

सन् २००३ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट इन्द्रबहादुर छेत्रीद्वारा *दार्जिलिङका नेपाली कथाहरूको प्रवृत्तिगत अध्ययन* शीर्षक शोधप्रबन्धमा शोधकर्ताले दार्जिलिङका नेपाली कथा र कथाकारहरूको प्रवृतिगत विश्लेषण गर्नेक्रममा समीरण छेत्री 'प्रियदर्शी'-का *फुटेको मुरली, असफल चित्रकार* कथासङ्ग्रहहरूलाई स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी र मनोविश्लेषणवादी प्रवृत्तिमा राखेर अध्ययन गरिएको पाइन्छ।

सन् २००५ मा मोहन पी. दाहालद्वारा सम्पादित *नेपाली अकादमी जर्नल* वर्ष २, अङ्क २ मा राजेन्द्र भण्डारीद्वारा 'समीरण क्षत्री 'प्रियदर्शी'-का कथामा मृत्युचिन्तन' शीर्षक लेख छापिएको पाइन्छ। यस लेखमा समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पाइने मृत्युका विभिन्न आयाम, मुद्रा र प्रभावबारे चर्चा गर्दै उनको 'लावारिस लाश', 'कुवाको लाश', 'आत्महत्या', 'म बाँचे', 'सूर्यकिरण छरिएपछि', 'निर्वाणको रात', 'दमसकिएको घडी' जस्ता कथाहरूको विश्लेषणात्मक अध्ययन गरिएको पाइन्छ।

सन् २००७ मा अविनाश श्रेष्ठद्वारा सम्पादित *आधुनिक नेपाली कथा* पुस्तकमा समीरण छेत्री 'प्रियदर्शी'-को परिचय दिदैं उनको *अर्को मान्छे, नीलो झिंगा* आदि कथासङ्ग्रहको विवेचना गरिएको पाइन्छ। यस लेखमा उनका कथाहरूको प्रवृत्तिगत अध्ययन गरिएको छ साथै उनका कथालेखनको दुर्बल पक्षको पनि चर्चा गरिएको पाइन्छ।

सन् २००७ मा प्रकाशित *परिप्रेक्ष्य* वर्ष १, अङ्क १ मा हीरा छेत्रीले 'प्रथम पाद्री गङ्गाप्रसाद प्रधान पुरस्कारद्वारा सम्मानित पत्रकार समीरण छेत्री 'प्रियदर्शी'-को सङ्क्षिप्त परिचय' शीर्षक लेखमा समीरण छेत्री 'प्रियदर्शी'-लाई सफल पत्रकारका रूपमा चिनाउदै पत्रकारिता क्षेत्रमा दिएको योगदानबारे उल्लेख गरेका छन्।

सन् २०१० मा के.बी नेपालीद्वारा सम्पादित *केही कवि साहित्यकारहरू र विविध लेखहरू* पुस्तकमा 'समीरण छेत्री 'प्रियदर्शी' शीर्षक लेखमा समीरण छेत्री 'प्रियदर्शी'-को लेखनगत विशेषताहरूको चर्चा गर्दै उनको उपन्यास *बलिवेदी* र *गैरीगाउँकी चमेली* कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन गरिएको पाइन्छ।

सन् २०१३ मा कुमार छेत्रीद्वारा सम्पादित *साहित्य सङ्केत* वर्ष ४७, अङ्क ३३ मा धनबहादुर मगरद्वारा 'समीरण छेत्री 'प्रियदर्शी'-का गद्याख्यान: विवेचनात्मक अध्ययन' शीर्षक लेख छापिएको पाइन्छ। यस लेखमा समीरण छेत्री 'प्रियदर्शी'-को सामान्य परिचयका साथै उनका गद्याख्यानहरूलाई सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, ऐतिहासिक तथा राजनैतिक अनि अस्तित्ववादी प्रवृत्तिको आधारमा व्याख्या गर्दै त्यसबारे विश्लेषणात्मक र वर्णनात्मक अध्ययन प्रस्तुत गरिएको पाइन्छ।

सन् २०१४ मा सहदेव एस गिरीद्वारा सम्पादित *चरित्र* वर्ष २८, अङ्क १३ मा राजबहादुर राईद्वारा 'समकालीन भारतीय नेपाली कथामा परिवेश चित्रण' नामक एउटा लेख छापिएको पाइन्छ। प्रस्तुत लेखमा समकालीन भारतीय नेपाली कथाकार र उनको कथामा पाइने परिवेशको चर्चा गर्दै समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पाइने परिवेशको चित्रणबारे प्रकाश पारिएको पाइन्छ।

सन् २०१६ मा तारा दासद्वारा सम्पादित *नव प्रभात* वर्ष ९, अङ्क ७ मा वीणाश्री खरेलद्वारा साहित्यकार 'समीरण छेत्री 'प्रियदर्शी'-को संक्षिप्त जीवन वृतान्त' शीर्षक लेख छापिएको पाइन्छ। यस लेखमा समीरण छेत्री 'प्रियदर्शी'-को जीवनी प्रस्तुत गर्दै उनको

साहित्य लेखनको प्रेरणास्रोत, साहित्यप्रतिको रुचि, कथा लेखन र पत्रकारिता लेखनको थालनीबारे जानकारी दिएको पाइन्छ।

सन् २०१७ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट रेमिका थापाले *हायमनदास राई किरातका कथामा चित्रित नर-नारी सम्बन्ध: विवेचनात्मक अध्ययन* शीर्षक शोधप्रबन्धमा शोधकर्ताले आधुनिक भारतीय नेपाली कथामा चित्रित नर-नारी सम्बन्धको विश्लेषण गर्नेक्रममा समीरण छेत्री 'प्रियदर्शी'-का *गैरीगाउँकी चमेली* कथासङ्ग्रहलाई नर-नारी सम्बन्धको आधारमा अध्ययन गरेकी पाइन्छ। उनले यस शोधप्रबन्धमा 'ठुलो झरीको त्यो रात', 'गैरीगाउँकी चमेली' आदि कथाहरूमा निहित दाम्पत्य सम्बन्धलाई देखाउँदै पति पत्नीबिचको सुझबुझ, प्रेम, सौहार्द, आस्था र विश्वास आदिलाई विश्लेषणात्मक रूपमा अध्ययन गरेकी देखिन्छ।

सन् २०१८ मा उदय छेत्रीद्वारा सम्पादित *अकादमी जर्नल* वर्ष १४, अङ्क ०७ मा पारसमणि शमद्वारा 'समकालीन सिक्किमेली साहित्यको परिचयात्मक अध्ययन' शीर्षक लेख छापिएको पाइन्छ। उक्त लेखमा लेखकले समकालीन सिक्किमेली साहित्यकारहरूको परिचयात्मक तथा लेखनगत प्रवृत्तिको चर्चा गर्नेक्रममा *नीलो झिंगा, निर्वाणको रात* जस्ता कथासङ्ग्रहको उल्लेख गर्दै समीरण छेत्री 'प्रियदर्शी'-लाई समकालीन कथाकारका रूपमा स्वीकारेका छन्। 'प्रियदर्शी'-का कथाहरूमा सामाजिक यथार्थको विडम्बनापूर्ण र विसङ्गत स्वरूपप्रति व्यङ्ग्यात्मक प्रस्तुति र आलोचनात्मक दृष्टिकोण पाइन्छ भन्ने मत यस लेखमा पाइन्छ।

उल्लिखित पूर्वकार्यहरूको अवलोकन गर्दा समीरण छेत्री 'प्रियदर्शी' र उनका कथाहरूबारे धेरै समीक्षा, समालोचना, टीका टिप्पणी र लेखहरू प्रकाशित भएको पाइन्छ तर द्वन्द्वविधानमाथि नै केन्द्रित रहेर उनका कथाहरूको अध्ययन भने भएको पाइँदैन। उक्त विषयलाई ध्यानमा राख्दै समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन द्वन्द्वविधानका पक्षबाट गर्नु आवश्यक रहेको बुझिन्छ ।

## १.७ शोधको औचित्य

नेपाली कथाहरूको अध्ययन गर्दा धेरै कथाहरूका विषयवस्तु द्वन्द्वसँग सम्बद्ध छन्। यस्ता रचनाभित्र मानिसका आन्तरिक र बाह्य द्वन्द्वहरूको समावेश भएको हुन्छ र यसको प्रभावले रचनामा राम्रा नराम्रा पक्षहरूको उद्घाटन हुने गर्दछ। समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको यस अघि शोध, अध्ययन नभएको भने होइन तर उनका कथाहरूलाई द्वन्द्वविधानमा नै केन्द्रित रहेर गहन अध्ययन अनि विश्लेषण भने भएको पाइँदैन। यसर्थ उनका कथामा पाइने द्वन्द्वपक्षको अध्ययन गर्नु नै प्रस्तुत लघु शोधप्रबन्धको मुख्य औचित्य रहेको छ।

## १.८ शोध सीमाङ्कन

प्रस्तुत शोध कार्यको मूल क्षेत्र समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन हो। समीरण छेत्री 'प्रियदर्शी'-का आजसम्म प्रकाशित भएका कथासङ्ग्रहहरूमा पाइने द्वन्द्वपक्षका आधारमा उनको कथाहरूको विश्लेषण गर्नु यस शोध कार्यको सीमा तोकिएको छ।

## १.९ शोध विधि

प्रस्तुत शोध कार्य निगमनात्मक शोध विधिको आधारमा गरिएको छ। यस शोध कार्यमा भाषा र शैलीको शुद्धिका लागि भारतीय भाषा संस्थान र सिक्किम अकादमीद्वारा प्रकाशित *नेपाली लेखन शैली* (सन् २०११) लाई आधार मानिएको छ। हिज्जे तथा शब्दार्थका लागि विद्यार्थी प्रकाशनद्वारा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश* (सन् २०१४) लाई मानक मानिएको छ। पाद टिप्पणी र सन्दर्भसूचीका लागि चुडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (२०१३) लाई आधार मानिएको छ।

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यमा शोध विषयसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका, शोधपत्र, शोधप्रबन्ध, लेख, समालोचना र अन्तर्वार्ता आदिको अवलोकन गर्दै सम्भाव्य सामग्री पुस्तकालयबाट

सङ्कलन गरिएको छ। यसक्रममा प्राथमिक एवम् द्वितीय स्रोतलाई आधार मानिएको छ।

# दोस्रो अध्याय

## २. द्वन्द्वविधानको सैद्धान्तिक परिचय

### २.१ द्वन्द्वविधानको अर्थ अनि परिभाषा

द्वन्द्व शब्दको उत्पत्ति ग्रीक भाषाको 'डायलेगो'-बाट भएको हो। यसलाई अङ्ग्रेजीमा 'कनफ्लिक्ट' र हिन्दीमा 'सङ्घर्ष' शब्दका रूपमा प्रयोग गरेको देखिन्छ। यसको शाब्दिक अर्थ सङ्घर्ष, प्रतिस्पर्धा, तनाउ र घर्षण हो। विभिन्न शब्दकोशअनुसार द्वन्द्वलाई निम्नप्रकारले अर्थाइएको पाइन्छ-

*प्रयोगात्मक नेपाली शब्दकोश* अनुसार- द्वन्द्व भनेको दुई व्यक्तिबिचको कलह, झगडा, सङ्घर्ष, खिचातानी वा तानातानीको स्थिति हो।[1]

*अक्सफोड एड्भान्स लर्नर डिक्सनेरी* अनुसार- द्वन्द्वको अर्थ बाझाबाझ, जुधाजुध, सङ्घर्ष, कलह, अस्वीकृति, वादविवाद, भिन्नता, झगडा आदि हो।[2]

विभिन्न विद्वानहरूले द्वन्द्वसम्बन्धी विभिन्न परिभाषा दिएका छन्-

(१) फ्रेडरिक हेगल अनुसार- जुन वस्तुको अस्तित्व छ, त्यसको विनाश निश्चित छ। अन्तर्विरोध नै यस्तो चिज हो, जसले संसारलाई गतिमान बनाउँछ।[3]

(२) कार्ल मार्क्स अनुसार- प्रत्येक परिवर्तनहरू द्वन्द्वात्मकताकै कारण घटित हुन्छन्। द्वन्द्वात्मकता बिना परिवर्तन सम्भव हुँदैन। द्वन्द्वात्मकता प्रत्येक परिणामात्मक र गुणात्मक परिवर्तनहरूको मूल स्रोत वा आत्मशक्ति हो।[4]

---

[1]हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई,(सम्पा.) वि सं २०६२,*प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं, विद्यार्थी प्रकाशन प्रा.लि, पृ-७१६

[2]ए.एस हर्नी (सम्पा.) सन् २०१५, *अक्सफोड एड्भान्स लर्नर डिक्सनेरी,* न. सं, न्यु यर्क, अक्सफोड युनिभर्सिटी प्रेस, पृ-१५९

[3]कृष्णदास श्रेष्ठ, वि सं २०६२, *द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गबारे,* ते. सं, काठमाडौं, विश्व नेपाली पुस्तक सदन, पृ-४

[4]गोविन्द शरण उपाध्याय, वि सं २०६४, *परिचयात्मक पाश्चात्य दर्शन,* काठमाडौं, पैरवी बुक हाउस, पृ-१११

(३) जे.एफ ब्राउन अनुसार- द्वन्द्व भनेको यस्तो अवस्था हो जसमा दुई वा दुईभन्दा अधिक विरोधी भावना उत्पन्न हुन्छ जसको परिपूर्ति एकै साथ गर्न सम्भव हुँदैन।[5]

(४) कृष्णप्रसाद पोखरेल अनुसार- परस्पर विरोधी तत्त्वहरूको असमञ्जसता, दुई व्यक्ति तथा समूहबिचको झगडा, दोधार, संशयलाई नै द्वन्द्व भनिन्छ।[6]

(५) लक्ष्मणप्रसाद गौतम अनुसार- दुई भिन्न विचारधारा र शक्तिकाबिचको तार्किक बाझाबाझ नै द्वन्द्व हो।[7]

समग्रमा भन्नुपर्दा दुई भिन्न शक्ति तथा परस्पर विरोधी भावनाहरूबिचको सङ्घर्ष, लडाइँ, झगडा, तनाउ, प्रतिस्पर्धा र अन्योलता नै द्वन्द्व हो। द्वन्द्व मानव जीवनको एउटा अनिवार्य घटक हो। यसले जीवनलाई गति प्रदान गर्ने गर्दछ। हरेक व्यक्तिका आआफ्ना इच्छा र आकाङ्क्षाहरू हुन्छन् र ती इच्छा आकाङ्क्षाहरूलाई पूर्ति गर्न व्यक्तिले अनेक प्रयास गर्दछ। व्यक्तिमा एकभन्दा बढी समान इच्छाहरू उत्पन्न हुँदा एउटालाई पूर्ति गर्नेक्रममा अर्को बाधित बन्न पुग्छ। यसको फलस्वरूप व्यक्ति कुण्ठित र निराश बन्न पुग्छ। सबै इच्छाहरूको परिपूर्ति नहुँदा व्यक्तिमा तनाउ र कुण्ठा पनि बिस्तारै बढ्न थाल्दछ अनि यसैबाट व्यक्तिमा द्वन्द्वको जन्म हुँदछ।

साहित्यमा मानव जीवनको अभिव्यक्ति प्रस्तुत हुने हुनाले यस्ता द्वन्द्वहरूको प्रशस्त प्रयोग गरिएको देखिन्छ। अधिकांश साहित्यिक कृतिमा द्वन्द्वको प्रस्तुतिबाट नै कार्यव्यापार अघि बढेको हुन्छ। कथावस्तुको विकास र पात्रको मनस्थिति तथा उसको चरित्रचित्रणको उद्घाटन गर्नेक्रममा द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। एम. एच अब्राहम अनुसार कथानक हुने साहित्यिक कृतिमा द्वन्द्वको प्रयोग गरिएको पाइन्छ।

---

[5] जे.एफ. ब्राउन, सन् १९४०, *द साइकोडाइनामिक्स अफ एबनर्मल साइकोलजी,* न्यु यर्क, एम.सी ग्र हिल बुक कम्पनी, पृ-१६२

[6] कृष्णप्रसाद पोखरेल, वि सं २०३३, *द्वन्द्व: परिचय र विश्लेषण,* चुडानाथ भट्टराई (सम्पा.), प्रज्ञा, वर्ष ४, अङ्क ३, नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं पृ-१६

[7] लक्ष्मणप्रसाद गौतम, वि सं २०६३, *समकालीन नेपाली द्वन्द्वकथा,* काठमाडौं, पैरवी प्रकाशन, पृ-१

कथानकमा कार्य कुनै पात्रका माध्यमबाट मौखिक वर्णन वा शारीरिक क्रियाद्वारा व्यक्त गरिन्छ। कथानकमा आउने अनुकूल र प्रतिकूल चरित्रहरूबिचको सम्बन्धलाई द्वन्द्व भनिन्छ।[8] कथावस्तुलाई जीवन्त र क्रियाशील बनाउन द्वन्द्वको आवश्यकता पर्छ। पाठकलाई प्रभावित पार्न पनि द्वन्द्वको अनिवार्यता स्वीकार गरिन्छ। कथावस्तुमा क्रियाव्यापार र द्वन्द्वको पारस्पारिक संयोजन हुनुपर्छ।[9]

कथा, उपन्यास र नाटकमा द्वन्द्व एउटा अनिवार्य तत्त्व मानिन्छ। यसले घटनालाई प्रभावकारी, रोचक र सशक्त बनाउन सहयोग गर्दछ। यसैले साहित्यमा द्वन्द्वविधानको प्रयोग गरिएको हुन्छ। *प्रयोगात्मक नेपाली शब्दकोश*-मा विधान भनेको कुनै कार्यका लागि निर्धारण गरेको व्यवस्था, विधि वा प्रणाली हो।[10] आख्यानका भेदमध्ये कथा पनि एउटा भएकोले यसका कथावस्तुमा घटनाहरू क्रमैले आरम्भ, सङ्घर्ष विकास, चरम र सङ्घर्षह्रास गर्दै अघि बढेको हुन्छ। यसक्रममा द्वन्द्व वा सङ्घर्ष पनि घटनासँगै अघि बढेको हुन्छ। यसरी घटनालाई अघि बढाउने क्रममा प्रयोग गरिने द्वन्द्वको संरचना वा विधान नै द्वन्द्वविधान हो।

कथालाई प्रभावकारी, मर्मशील तथा संवेदनात्मक बनाउनमा द्वन्द्वविधानको प्रयोग आवश्यक देखिन्छ। द्वन्द्वको सम्बन्ध पाठक तथा श्रोताको मनोदशा, मनोवेगसँग रहेको हुन्छ। एरिस्टोटलले विरेचन सिद्धान्तमा दु:खान्त नाटकबाट दर्शक वा श्रोतामा त्रास र करूणा उत्पन्न भइ मनको शुद्धीकरण गर्न सक्ने उल्लेख गरेका छन्। त्यसरी नै पाठक वा श्रोता कथा पढ्दा पढ्दै रूने, खिन्न अनुभव गर्ने वा हर्षित भइ रमाउने जस्ता क्रियाकलाप गर्नुमा द्वन्द्वकै प्रधानता रहेको हुन्छ। यसैले ईश्वर बरालका विचारमा सङ्घर्ष

---

[8]कुमारप्रसाद कोइराला, वि सं २०६७, *रत्न वृहत समालोचना,* काठमाडौं, रत्न पुस्तक भण्डार, पृ- ३८५

[9]लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारी, वि सं २०६९, *नेपाली कथाको इतिहास,* काठमाडौं, नेपाली प्रज्ञा प्रतिष्ठान, पृ-१५

[10]हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई,(सम्पा.) वि सं २०६२, पूर्ववत्, पृ-१३०४

कथाको अनिवार्य तत्त्व हो।[11] द्वन्द्वका लागि दुई विरोधी पक्ष अनिवार्य हुन्छ। यो एउटा महत्त्वपूर्ण सामाजिक प्रक्रिया हो, जो मानवीय सम्बन्धहरूमा विद्यमान रहेको हुन्छ। यसैलाई कथामा समायोजित ढङ्गमा परिस्थितिअनुरूप अघि बढाउदै लैजाने कार्य द्वन्द्वविधानले गर्दछ।

## २.२ द्वन्द्वको अवधारणा र पृष्ठभूमि

द्वन्द्व शब्दको वैज्ञानिक व्याख्या १८औं शताब्दीदेखि प्रारम्भ भएको देखिए तापनि यसको अवधारणा र पृष्ठभूमिबारे अध्ययन गर्दा संसारको सृष्टि भएदेखि नै द्वन्द्वको थालनी भएको हो भन्ने मान्यता पाइन्छ। पूर्वीय र पाश्चात्य दुवै जगत्ले द्वन्द्वबारे आआफ्नो विचारधारा प्रकट गरेका छन्। पूर्वमा पौराणिक ग्रन्थ, पूराण आदिमा द्वन्द्वको उल्लेख पाइन्छ भने पश्चिममा ईश्वीको पाँचौं शताब्दीदेखि नै ग्रीक दर्शनमा यसको चर्चा पाइन्छ। पुराणमा उल्लिखित संसार सृष्टिको पुराकथा, गीतामा मानिस जन्मन बित्तिकै द्वन्द्वजन्य रागद्वेष, दु:ख-सुख जस्ता विषयहरूमा बाँधिएको वर्णन पाइन्छ भने रामायण र महाभारत जस्ता धार्मिक ग्रन्थहरूमा वर्णित युद्ध, सङ्घर्ष आदिले पूर्वीय जगत्मा द्वन्द्वको प्रभाव र व्यापकता देखाइएको छ। यस्तै पाश्चात्य जगत्मा पनि हेरेक्लाइटिस, प्लेटो, फ्रेडरिक हेगल, कार्ल मार्क्सजस्ता दार्शनिक अनि मनोविज्ञान क्षेत्रका सिग्मन्ड फ्रायड, अलफ्रेड एडलर, कार्ल गुस्ताव जुङ्ग, करेन हर्नी, कुर्ट लेविन आदिले द्वन्द्वसम्बन्धी विभिन्न विचारधारा प्रकट गर्दै यसको व्यापक चर्चा गरेको पाइन्छ।

प्राचीनकालदेखि नै विभिन्न युद्ध र द्वन्द्वहरू मानवजातिले भोगिरहेका छन्। परस्परबिचको विचारधारा, कार्यशैली र परिणामले गर्दा आआफ्ना चाहना, इच्छा, सिद्धान्त र धर्म विपरीत एक अर्को वर्ग र समुदायबिच हुने विद्रोह र युद्धलाई द्वन्द्व भनिन्छ।[12] पाश्चात्य जगत्मा ईश्वीको पाँचौं शताब्दीतिर नै ग्रीक दार्शनिकहरूले द्वन्द्ववादको मान्यता

[11]ईश्वर बराल, वि सं २०५३, *झ्यालबाट,* चौ.सं, काठमाडौं, साझा प्रकाशन, पृ- ४३

[12]केशवप्रसाद चौलागाई, वि सं-२०६७, *द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा आध्यात्मिक क्षेत्रको भूमिका,* काठमाडौं, सक्सेस फाउन्डेसन, पृ- ण

स्थापित गर्दै द्वन्द्वबारे चर्चा गर्न थालेको देखिन्छ। द्वन्द्ववादको अर्थ वादविवाद वा छलफल गर्नु हो। पूर्वीय जगत्मा 'वादेवादे जायते तत्त्वबोध' अर्थात् वादविवादबाट नै कुरोको वास्तविक अर्थसम्म पुग्न सकिन्छ भन्ने धारणा पाइन्छ भने प्राचीन ग्रीक दार्शनिकहरूले पनि विचारहरूबिचको द्वन्द्व अर्थात् झगडा नै सत्यसम्म पुग्ने बाटो हो भनेका छन्।[13]

ग्रीकका हेरेक्लाइटिस अनुसार संसारका हरेक वस्तुहरूमा द्वन्द्व हुन्छ। विरोध वा निषेधविना गति वा विकास सम्भव छैन।[14] एउटा वस्तुको विनाशमा अर्को वस्तुको जीवन हुन्छ। यसैले द्वन्द्वद्वारा सबै वस्तुको उत्पत्ति हुन्छ र यसबाट नै नष्ट हुन्छ भन्ने उनको धारणा छ। द्वन्द्वबारे चर्चा गर्नेक्रममा प्लेटोले पनि द्वन्द्वात्मक तर्कको प्रस्तुति वा छलफलद्वारा सत्यसम्म पुग्न सकिन्छ भनेका छन्। प्लेटोपछि जर्मनका दार्शनिक फ्रेडरिक हेगेलले जुन कुराको अस्तित्व छ, त्यसको विनाश निश्चित छ भन्दै द्वन्द्वको अस्तित्वलाई मानेका छन्। १८औँ शताब्दीमा कार्ल मार्क्स र एङ्गेल्सले 'द्वन्द्वात्मक भौतिकवाद'-को स्थापना गरी वर्गसङ्घर्षको चर्चा गर्नेक्रममा द्वन्द्वलाई मानव समाज र विकासको मूल तत्त्व मानेका छन्। उनीहरूको विचारमा भौतिक उत्पादक शक्तिहरू र उत्पादन सम्बन्धहरूबिचको अन्तर्विरोध र सो अन्तर्विरोधको आधारमा हुने विरोधी पक्षहरूको सङ्घर्ष नै समाज विकासका सर्वव्यापी कारण हुन्।[15] यसबाहेक १९औँ शताब्दीमा मनोविज्ञानको क्षेत्रमा द्वन्द्वबारे व्यापक रूपमा चर्चा भएको देखिन्छ। यस क्षेत्रमा सर्वप्रथम सिग्मन्ड फ्राइडले द्वन्द्वबारे विस्तृत र वैज्ञानिक व्याख्या प्रस्तुत गरेका छन्। मानव मन नै द्वन्द्वको मूल आधार हो र यो असन्तुलित भएमा द्वन्द्वको उत्पत्ति हुन्छ भन्ने धारणा उनले प्रस्तुत गरेका छन्। उनीपछि अल्फ्रेड एडलर, कार्ल गुस्ताव

---

[13]कृष्णप्रसाद दाहाल, वि सं २०५७, *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,* शोध प्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालय, पृ-२७

[14]चन्द्रधर शर्मा, सन् १९८४, *पाश्चात्य दर्शन,* आ. सं, वाराणसी, मनोहर प्रकाशन, पृ-५

[15]कृष्णदास श्रेष्ठ, वि सं २०६२, पूर्ववत्, पृ-२७

जुङ्ग, करेन हर्नी, कुर्ट लेविन जस्ता विभिन्न मनोविश्लेषकहरूले द्वन्द्वसम्बन्धी व्यापक दृष्टिकोण राखेका देखिन्छन्। यसरी द्वन्द्वको अवधारणा र पृष्ठभूमिलाई पूर्वीय र पाश्चात्य जगत्का सन्दर्भमा पुष्टि गर्न सकिन्छ।

## २.३ द्वन्द्वसम्बन्धी मनोवैज्ञानिक दृष्टिकोण

द्वन्द्वबारे वैज्ञानिक व्याख्या १९औँ शताब्दीदेखि मनोविज्ञानको क्षेत्रमा भएको देखिन्छ। यसैले द्वन्द्वको सैद्धान्तिक पक्षको अध्ययन गर्दा मनोविज्ञानको चर्चा गर्न आवश्यक देखिन्छ। यस क्षेत्रमा सिग्मन्ड फ्राइड, अल्फ्रेड एडलर, कार्ल गुस्ताव जुङ्ग, कुर्ट लेविन अनि करेन हर्नी जस्ता मनोवैज्ञानिकहरूले द्वन्द्वको विस्तृत व्याख्या गरेका छन्। द्वन्द्वको मूल स्रोत मानव मन हो। मानव मनमा एकभन्दा बढी इच्छा, लक्ष्य वा आवश्यकताहरू उत्पन्न भइ तीमध्ये कुन कुन इच्छाहरूलाई प्राथमिकता दिने र कुन कुन लक्ष्य वा आवश्यकतालाई दोस्रो सूचीमा राख्ने जस्तो स्थिति उत्पन्न हुँदा व्यक्ति अन्योलमा पर्दछ। दुईमध्ये एउटालाई छाड्नु पर्ने बाध्यता अनि एउटाको तृप्ति हुँदा अर्को अतृप्त हुनु जस्तो परिस्थितिबाट व्यक्ति द्वन्द्वग्रस्त बन्दछ। यसरी हेर्दा मानव मन नै द्वन्द्वको केन्द्रबिन्दु हो।

### २.३.१ द्वन्द्वसम्बन्धी सिग्मन्ड फ्रायडको अवधारणा

मनोविज्ञानमा सर्वप्रथम द्वन्द्वको वैज्ञानिक व्याख्या दिने मनोविश्लेषक सिग्मन्ड फ्राइड हुन्। उनले लिविडो अर्थात् कामशक्तिलाई द्वन्द्वको स्रोत मान्दै मानव मनलाई दुई भागमा विभाजन गरेका छन्-

(क) गत्यात्मक पक्ष

(ख) आकारात्मक पक्ष

**(क) गत्यात्मक पक्ष**

गत्यात्मक पक्षअन्तर्गत फ्रायडले व्यक्ति मनमा अवस्थित इद्, अहम् र पराअहम्को चर्चा गरेका छन्। उनको विचारमा इद् नै व्यक्तिका सम्पूर्ण इच्छाहरूको भण्डार हो। यो

असंयमित र अव्यवस्थित हुन्छ अनि यसले तत्काल तुष्टिको अपेक्षा गर्ने गर्दछ।[16] यो अबौद्धिक, अनैतिक र स्वार्थी प्रवृत्तिको हुन्छ। यसले व्यक्तिलाई सधैं सुखको परिपूर्ति गर्न प्रेरित गर्ने हुनाले यो आनन्दसिद्धान्तप्रति बढी झुकाउ राख्ने हुन्छ। यसैले आनन्दप्राप्तिका निम्ति यसले कुनै कुराको वास्ता गर्दैन। इद्का अनुकूल इच्छाहरूलाई सन्तुष्टि दिने र प्रतिकूल इच्छाहरूलाई दमन गरी अवचेतनमा पठाउने कार्य अहम्ले गरेको हुन्छ। फ्रायडअनुसार बुद्धि वा चेतन नै अहम् हो। यसले यथार्थको सिद्धान्तअनुसार कार्य गर्ने गर्छ। यसले इद् र पराअहम् अनि यथार्थ परिस्थितिबिच सन्तुलन ल्याउने गर्छ। यस्तै व्यक्तिको आदर्श र नैतिकताको प्रतिनिधित्व गर्ने शक्ति पराअहम् हो। यसले व्यक्तिलाई सामाजिक मूल्य-मान्यता र आदर्शको ज्ञान दिने गर्छ। यसको सम्बन्ध नैतिकतासँग हुन्छ। यसले इद्को नकारात्मक इच्छाहरूलाई नियन्त्रण गरी अचेतनतर्फ पठाउने गर्दछ।

**(ख) आकारात्मक पक्ष**

फ्रायडले मानव मनको आकारात्मक पक्ष बारे प्रकाश पार्दै चेतन, अवचेतन र अचेतनको चर्चा गरेका छन्। उनका विचारमा चेतन तत्कालिक ज्ञान हो। तत्काल घटेका घटनाहरू स्मृतिको रूपमा अचेतनमा बसेका हुन्छन्। अतीतमा भएका ती स्मृतिहरूलाई चेतनमा तत्काल स्मरण गर्न सकिन्छ। यसले अतीतको स्मृतिलाई ल्याउने र लाने कार्य गर्दछ। चेतन र अचेतनबिच सन्तुलन गराउने मनको अर्को भाग अवचेतन हो। चेतन मनले पठाएका स्मृतिहरूलाई यसले तत्काल स्मरण गरी चेतनमा नै फर्काउन सक्छ। फ्रायडले मनको सबैभन्दा ठुलो भाग अचेतनलाई मानेका छन्। व्यक्तिका अपूर्ण इच्छा र आकाङ्क्षाहरू यसमा नै दमित भएर बसेका हुन्छन्। यसलाई तत्काल स्मरण गरेर चेतनमा ल्याउन सकिँदैन। यसैले व्यक्तिका सबै क्रियाकलापहरू अचेतन अवस्थामा हुन्छन् र यसलाई परिवर्तन गरेर मात्र चेतनमा ल्याउन सकिन्छ भन्दै फ्रायडले फोटोको

---

[16]जे. एफ. ब्राउन, सन् १९४०, पूर्ववत्, पृ-१६३

नेगेटिभ र पोजिटिभको उदाहरण प्रस्तुत गरेका छन्।[17] द्वन्द्वको सम्बन्ध व्यक्ति मनको यिनै पक्षहरूसँग रहेको हुन्छ। सुख प्राप्तिका लागि विद्यमान इद् भावको चाहना पुरा नहुनु र अचेतनको इच्छा दबाएर राख्नु पर्दा कुण्ठाको विकास हुने अवस्था नै द्वन्द्व सिर्जनाको सन्दर्भ मानिन्छ।[18]

### २.३.२ द्वन्द्वसम्बन्धी अल्फ्रेड एडलरको अवधारणा

फ्रायडपछि मनोविज्ञानका अर्का विश्लेषक अल्फ्रेड एडलरले पनि द्वन्द्वसम्बन्धी व्यापक चर्चा गरेको पाइन्छ। उनले फ्रायडको कामशक्तिलाई खण्डन गर्दै वैयक्तिक मनोविज्ञानको सिद्धान्त प्रतिपादन गरेका छन्। उनले मानव मनलाई कामशक्तिको दृष्टिले नभएर जैविक अनि मानसिक सिद्धान्तको आधारमा हेर्नुपर्छ भन्ने विचार राखेका छन्। यसलाई स्पष्ट पार्न उनले हीनत्वग्रन्थि, क्षतिपूर्ति अनि रचनात्मक शक्ति आदिको उल्लेख गरेका छन्। उनको विचारमा व्यक्तिमा रहेको कमीको कारण व्यक्तिमा हीनभावको जन्म हुन्छ। यही हीनताबोधले गर्दा नै व्यक्ति आफूलाई अन्यको तुलनामा सानो ठान्दछ। अरूमा भएको वस्तु आफूमा नहुँदा व्यक्ति आफैलाई हीन भएको अनुभूत गर्दछ। यसको फलस्वरूप व्यक्तिमा कुण्ठा र निराशा उत्पन्न भएर ऊ द्वन्द्वग्रस्त बन्दछ।

### २.३.३ द्वन्द्वसम्बन्धी कार्ल गुस्ताव जुङ्गको अवधारणा

अल्फ्रेड एडलरपछि कार्ल गुस्ताव जुङ्गले विश्लेषणात्मक मनोविज्ञानको प्रतिपादन गरी द्वन्द्वसम्बन्धी व्याख्यालाई अघि बढाएका छन्। सिग्मन्ड फ्रायडले लिबिडो अर्थात् कामशक्तिलाई मानिसको मूल शक्ति मानेका देखिन्छ भने जुङ्गले कामशक्तिको सट्टा जीवनशक्तिलाई मानेका छन्। उनी सामूहिक अवचेतनलाई व्यक्तित्व निर्माणको मूल स्रोत मान्छन्। सामूहिक अवचेतन भनेको व्यक्तिको संस्कार-संस्कृति, परम्परागत विचारधारा तथा आदिम विश्वास हो, जो एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुने गर्दछ।

---

[17]देवेन्द्रकुमार प्रसाद, सन् २०१४, *फ्रायड मनोविश्लेषण* (अनु), दिल्ली, राजपाल एण्ड सन्ज, पृ-२०६
[18]कृष्णप्रसाद पोखरेल, वि सं २०३३, पूर्ववत्, पृ-१९

सामूहिक अवचेतनबाट नै व्यक्तिले आफ्नो जाति र संस्कृतिसँग सम्बद्ध ज्ञानहरू प्राप्त गरेको हुन्छ। उनले सामूहिक अवचेतनलाई व्यक्तिको आन्तरिक तहमा निहित शक्ति मानेका छन्। यसलाई उनले आद्यरूप मान्दछन्। उनको अनुसार आद्यरूप एनिमस, एनिमा, पर्सोना र स्याडो हुन्। मानिसमा यी सबै आद्यरूपहरू विद्यमान रहन्छन्। एनिमस भनेको नारीमा पाइने पुरुष गुण हो भने एनिमा भनेको पुरुषमा पाइने नारी गुण हो। पर्सोना भनेको छद्मरूप हो। उनी चेतनलाई अचेतनको छद्मरूप मान्दछन्। यस्तै स्याडो भनेको छायारूप हो। मानिसको अँध्यारो पक्षसँग सम्बद्ध छाया आद्यरूपले पूर्वजबाट प्राप्त आदिम पाशविक मूलप्रवृत्तिहरूको प्रतिनिधित्व गर्छ।[19] त्यही सामूहिक अवचेतनको प्रजातीय ज्ञानलाई अहम् भावले स्वीकार नगर्दा व्यक्ति मनमा उत्पन्न हुने कुण्ठा र मानसिक विकृतिले नै मनोद्वन्द्वको रूप लिन्छ भन्ने[20] जुङ्गको धारणा छ।

### २.३.४ द्वन्द्वसम्बन्धी कुर्ट लेविनको अवधारणा

द्वन्द्वसम्बन्धी विस्तृत रूपमा चर्चा गर्ने अर्का विश्लेषक कुर्ट लेविन हुन्। उनले आफ्नो क्षेत्रसिद्धान्त अन्तर्गत विभिन्न परिस्थितिअनुरूप देखा पर्ने व्यक्तिका प्रतिक्रियाहरूको उल्लेख गरेका छन्। उनले बल वा कर्षण शक्तिको चर्चा गर्दै प्रत्येक व्यक्तिमा आफ्नो लक्ष्यप्रति आकर्षण र विकर्षणको भावना हुन्छ भन्ने देखाएका छन्। यही आकर्षण र विकर्षणबिचको सङ्घर्षमा नै व्यक्ति द्वन्द्वग्रस्त बन्छ भन्ने उनको धारणा रहेको पाइन्छ। उनले द्वन्द्वलाई तीन भागमा विभाजन गरी यसको व्याख्या गरेका छन्-

(क) सकारात्मक-सकारात्मक द्वन्द्व,

(ख) नकारात्मक-नकारात्मक द्वन्द्व,

(ग) सकारात्मक-नकारात्मक द्वन्द्व।

[19]मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, वि सं २०७२, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* चौ. सं. काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, पृ-१८६

[20]वरूणकुमार तिवारी, वि सं २०३०, *मानसिक सङ्घर्ष: कारण र निवारण,* मधुपर्क ६/९, काठमाडौं, पृ-९१

**(क) सकारात्मक-सकारात्मक द्वन्द्व**

व्यक्तिको सामु समान शक्ति भएका दुई लक्ष्यहरू उत्पन्न हुँदा सकारात्मक-सकारात्मक द्वन्द्व देखा पर्दछ। यस्तो द्वन्द्वमा समान रूपले महत्त्वपूर्ण रहने दुई घनात्मक शक्ति रहेको पाइन्छ, ती मध्ये व्यक्तिले एउटालाई रोज्नु पर्ने स्थिति उत्पन्न हुने गर्दछ। व्यक्तिका लागि दुवै महत्त्वपूर्ण हुने भएकाले दुईबिच कुनलाई रोज्नु भन्ने द्वन्द्व सुरु हुन्छ। यस किसिमको द्वन्द्वमा लक्ष्य धनात्मक वा आकर्षक हुन्छन्। यसले गर्दा व्यक्ति दुवैलाई प्राप्त गर्न चाहान्छ तर त्यो सम्भव हुँदैन। यसैले स्वत: व्यक्तिमा यस्तो द्वन्द्व उत्पन्न हुने गर्दछ। उदाहरण- एकै समयमा भोक र निद्राले ग्रसित भएको व्यक्ति यस्तो द्वन्द्वमा फँस्न सक्दछ। दुवै लक्ष्य आवश्यक भएकाले कुन चाँहि पहिला गरौं भन्ने सकारात्मक द्वन्द्वमा व्यक्ति पर्न सक्दछ। यस किसिमको द्वन्द्व धनात्मक भएको हुनाले यसको तत्काल नै समाधान गर्न सकिन्छ। व्यक्तिले यस प्रकारको द्वन्द्वको विघटन वा निर्णय पहिला एउटा लक्ष्यको पूर्ति गरेर अनि अर्कोको पूर्ति गर्ने गर्दछ।[21]

**(ख) नकारात्मक-नकारात्मक द्वन्द्व**

दुई वटा समान परस्पर विरोधी लक्ष्यहरूमध्ये व्यक्तिले एउटालाई रोज्नु पर्ने स्थिति उत्पन्न हुँदा नकारात्मक-नकारात्मक द्वन्द्वको जन्म हुन्छ। यसमा दुई वटा ऋणात्मक शक्तिहरू रहेका हुन्छन्। दुवै अनाकर्षक र विरोधी लक्ष्य भएकाले व्यक्ति कुनै लक्ष्यलाई पूर्ति गर्ने इच्छा गर्दैन। तर बाध्यतावश व्यक्तिले दुईमध्ये एउटालाई रोज्नु पर्ने हुन्छ। यसमा व्यक्तिका लागि दुवै ऋणात्मक लक्ष्य हुन्छ। मनोविश्लेषकहरूको भनाइ अनुसार यस किसिमको द्वन्द्व धेरै भयानक र कष्टदायी हुन्छ र यसको समाधान गर्न पनि गाह्रो हुन्छ। यस्तो द्वन्द्वले व्यक्तिलाई तनाउग्रस्त स्थितिमा पुऱ्याउँछ। यसमा व्यक्ति दुईमध्ये कुनै पनि लक्ष्यको छनौट नगरेर अस्वीकार गर्न खोजे तापनि त्यसको परिणति

[21]कृष्णप्रसाद भण्डारी, वि सं २०४५, *मानसिक अन्तर्द्वन्द्व र कुण्ठा*, काठमाडौं, साझा प्रकाशन, पृ-६

नकारात्मक नै हुन्छ।[22] उदाहरणार्थ लडाकू सैनिकलाई लिन सकिन्छ, जसलाई आफ्नो प्राणको पनि माया छ तर कायर भइ युद्धबाट भाग्न पनि सक्दैन।

**(ग) सकारात्मक-नकारात्मक द्वन्द्व**

व्यक्तिभित्र एउटै लक्ष्यमा आकर्षण र विकर्षण भावना उत्पन्न हुनु सकारात्मक-नकारात्मक द्वन्द्व हो। यस्तो द्वन्द्वमा व्यक्ति कुनै एउटा लक्ष्यप्रति आकर्षित हुन्छ र त्यसलाई प्राप्त गर्न चाहन्छ, तर त्यसबाट हानि हुने देखेर त्यसलाई प्राप्त गर्न पनि चाहँदैन। उदाहरण- ससाना केटाकेटीहरू कुकुरहरूसँग खेल्न रूचाउँछन् र त्यसको नजिक जान खोज्छन् तर कुकुरले टोक्छ कि भन्ने डरले पर पर पनि भाग्ने गर्दछन्।[23] यसरी एउटै लक्ष्यमा आकर्षण र विकर्षण हुने स्थितिले व्यक्तिमा तीव्र द्वन्द्व उत्पन्न हुन्छ।

यसरी मनोविज्ञानको क्षेत्रमा द्वन्द्वको विस्तृत र स्पष्ट चर्चा गरिएको पाइन्छ। द्वन्द्व मूल रूपमा व्यक्तिको मनबाट उत्पन्न हुन्छ भन्ने कुराको पुष्टि माथि उल्लिखित धारणाहरूबाट गर्न सकिन्छ। साहित्यमा मनोविज्ञानको एउटा विशेष स्थान छ। पात्रहरूको मनमा उब्जेका कुण्ठा, नैराश्य जस्ता भावनाहरूलाई समेटेर साहित्यमा द्वन्द्वको आयोजना गरिएको हुन्छ। यसैले द्वन्द्वबारे चर्चा गर्दा मनोविज्ञानलाई पनि एउटा आधार मान्न सकिन्छ।

## २.४ द्वन्द्वका प्रकार

द्वन्द्व मूलतः दुई प्रकारका हुन्छन्-

२.४.१ आन्तरिक द्वन्द्व

२.४.२ बाह्य द्वन्द्व

---

[22]रोमाद अनाङ्ग फराउद्दिन, सन् २०१५, *द इन्टरनल कनफ्लिक्ट फेस्ड बाइ भ्केटर फ्रान्केन्सटिन इन मेरी शेलीज फ्रान्केन्सटिन,* मलाङ, मौलाना मलिक इब्राहिम स्टेट इस्लामिक युनिभर्सिटी, पृ-३०

[23] ऐजन, पृ-१०

### २.४.१ आन्तरिक द्वन्द्व

आन्तरिक द्वन्द्व भन्नाले मानव मनभित्र अप्रत्यक्ष रूपमा उत्पन्न हुने सङ्घर्ष, द्विविधा, विचार र चेतनाहरूको सङ्घर्षपूर्ण स्थिति भन्ने बुझिन्छ। यस्तो द्वन्द्वमा व्यक्तिले भोगेका, अनुभूत गरेका साथै उसका मनमा उब्जेका उकुसमुकुस, हलचल, आवेग, संवेगहरूको बढी प्रबलता हुन्छ। कोलम्यान अनुसार अन्तर्द्वन्द्व एउटा यस्तो तनाउ हो जो विरोधी इच्छा, आवश्यकता तथा वातावरणको मागहरूका कारणले उत्पन्न हुन्छ।[24] यस्तो द्वन्द्व व्यक्तिको स्वयम्सँग हुन्छ। व्यक्तिभित्र जब दुई वा दुईभन्दा बढी परस्पर विरोधी इच्छा, आवश्यकता, विकल्प उत्पन्न हुन्छ, त्यसबेला कुनलाई रोज्ने भन्ने अन्योलपूर्ण स्थिति उत्पन्न हुने हुँदा व्यक्ति आन्तरिक द्वन्द्वमा फँस्दछ। यो व्यक्तिको मनभित्र उत्पन्न हुने हुनाले यसलाई मनोद्वन्द्व पनि भनिएको पाइन्छ। यस किसिमको द्वन्द्वले तीव्र रूप लिँदा व्यक्ति तनाउग्रस्त, कुण्ठित, पीडित, असन्तुलित र विक्षिप्त बन्दछ, जसको निवारण गर्न कठिन हुन्छ। फ्रायडले व्यक्तिको मूलप्रवृत्तिलाई नै यसको मूल कारण मानेका छन्। उनको मतअनुसार व्यक्तिका सबै रचनात्मक र ध्वंसात्मक प्रकियाहरूको आधार यही मूल प्रवृत्ति हो। उनले व्यक्तिको मूल प्रवृत्तिलाई जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति गरी दुई भागमा विभाजन गरेका छन्। जीवन मूलप्रवृत्तिमा व्यक्तिको रचनात्मक क्रियाको प्रबलता हुन्छ भने मृत्यु मूलप्रवृत्तिमा ध्वंसात्मक क्रियाकलाप, आत्महत्या, घृणा आदिलाई देख्न सकिन्छ। यी दुवैको उपस्थितिमा व्यक्तिले आफ्नो अनुकूल र प्रतिकूल व्यवहारको प्रस्तुत गरेको हुन्छ। यसरी व्यक्तिको व्यक्तित्व विकासमा आन्तरिक द्वन्द्वको महत्त्वपूर्ण भूमिका हुन्छ।

इद्ले चेतनसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ। यसले जहिले पनि सन्तुष्टिको चाहना गर्ने हुँदा यसका कतिपय प्रतिकूल चाहनाहरूलाई अहम्ले दमन गरी अचेतनतर्फ पठाइदिन्छ। यसरी व्यक्तिका इच्छाहरू दमित हुँदा असन्तुष्टिको भाव सिर्जना हुन्छ।

---

[24]ऐजन, पृ-१

विरोधी भावनाहरूलाई दबाउदा चिन्ताहरू उत्पन्न हुन्छन् अनि यसैले मनोद्वन्द्वको रूप लिँदछ। अचेतनमा रहेका दमित इच्छा तृप्तिका लागि सङ्घर्षरत रहने हुनाले व्यक्तिका स्वप्न, तन्द्रा तथा असामान्य क्रियाकलाप आदिमा यो प्रकट हुने गर्दछ। व्यक्तिको मनमा अवस्थित इद्, अहम् र पराअहम्बिच असन्तुलन उत्पन्न भइ व्यक्ति कुण्ठित, चिन्तित र तनाउग्रस्त बन्नु जस्ता परिवेश नै आन्तरिक द्वन्द्वका मूल स्रोत हुन्। कथामा पात्रको मनमा उब्जेका चिन्ता, कुण्ठा, द्विविधा आदिमा यसै द्वन्द्वको प्रभाव परेको हुन्छ।

### २.४.२ बाह्य द्वन्द्व

बाह्य द्वन्द्व भन्नाले बाहिर प्रत्यक्ष रूपमा देखापर्ने शारीरिक सङ्घर्ष, वाद-विवाद, झगडा, युद्ध आदिबाट उत्पन्न हुने स्थिति भन्ने बुझिन्छ। प्रत्यक्ष रूपमा आफ्नो विरोधी तत्त्वसँग सङ्घर्ष गर्नु बाह्य द्वन्द्व हो। बाह्य द्वन्द्व लडाइँ, झगडा, हत्या, हिंसा, भीषण युद्ध, सङ्घर्ष, काटमार आदिका रूपमा देखिन सक्छ। यस प्रकारका द्वन्द्वमा आफ्नो हक अधिकार र प्रतिष्ठाका लागि व्यक्ति प्रतिद्वन्द्वी तत्त्वसँग लड्न अग्रसर हुँदछ। एउटा सामान्य परिवारदेखि लिएर राष्ट्र- अन्तर्राष्ट्रसम्म यसको प्रभाव देखिने हुनाले यसको क्षेत्र व्यापक एवम् विस्तृत रहेको पाइन्छ। समाज र राष्ट्र विकासको परिवर्तनका लागि द्वन्द्व आवश्यक हुन्छ। तर द्वन्द्वले हिंसात्मक रूप लिएमा यसले विनाश र विकृति ल्याउने गर्दछ। विशेष गरेर बाह्य द्वन्द्वमा यस्तो लक्षण देख्न सकिन्छ। व्यक्ति वा समूहहरूकाबिचमा हुने सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक स्वार्थ तथा दृष्टिकोणमा भएको बेमेलको परिस्थितिले बाह्य द्वन्द्व सिर्जना गर्दछ। यस बेमेलमा व्यक्तिको अहम् भावको भूमिका हुने हुँदा यस बाह्य द्वन्द्वको कारकका रूपमा अन्तर्द्वन्द्वलाई नकार्न सकिँदैन।[25] यसको कारण नै व्यक्तिले समाज अनि राष्ट्रको शासन व्यवस्था, मूल्य-मान्यता, सिद्धान्त आदिमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने गर्दछ। व्यक्तिले समाजबाट पाउने हक र अधिकारमा समान अवसर नपाउनु, परम्परागत मूल्य-मान्यता, रूढि अन्धविश्वास आदिका कारण उत्पन्न

[25]कृष्णप्रसाद पोखरेल, वि सं २०३३, पूर्ववत्, पृ-१७

विकृति, जात, वर्ग र धर्मका आधारमा गरिने भेदभाव आदिले नै बाह्य द्वन्द्व सशक्त बन्ने गर्दछ।

कथामा बाह्य द्वन्द्वको प्रशस्त प्रयोग भएको हुन्छ। पात्रहरूबिच वाद-विवाद, लडाइँ, युद्ध, हत्या, हिंसा, सङ्घर्ष आदि हुनुमा बाह्य द्वन्द्वको प्रभाव देख्न सकिन्छ। यो नायक र खलनायक, नायक र नायिका, नायिका र खलनायक, नायक र समाजबिच देखा पर्दछ, जसका कारण कथामा द्वन्द्वमय परिवेशको सिर्जना भएको देखिन्छ।

बाह्य द्वन्द्वलाई चार भागमा विभाजन गर्न सकिन्छ-

(क) व्यक्ति र व्यक्ति

(ख) व्यक्ति र प्रकृति

(ग) व्यक्ति र समुदाय

(घ) समुदाय र समुदाय

**(क) व्यक्ति र व्यक्ति**

हरेक व्यक्तिका आआफ्नो विचार, धारणा, प्रवृत्ति, इच्छा र आकाङ्क्षा हुने हुँदा एउटा व्यक्तिलाई सही लागेको कुरा अर्को व्यक्तिलाई सही नलाग्न सक्छ। यसैकारण दुई व्यक्तिमा मतभेद, विवाद र सङ्घर्षको स्थिति देखा पर्छ। कथामा नायक र खलनायकबिचको सङ्घर्षमा यस्तो द्वन्द्व देख्न सकिन्छ। यसमा एउटा व्यक्ति, अर्को व्यक्तिको विरूद्ध सङ्घर्ष गर्ने गर्दछ। व्यक्तिगत स्वार्थ सिद्ध गर्न वा आफूलाई श्रेष्ठ प्रमाण गर्न यी परस्परमा सङ्घर्षशील रहन्छन्। यसको कारण यी दुईबिच शारीरिक र मानसिक दुवै किसिमको द्वन्द्व हुनसक्छ।

**(ख) व्यक्ति र प्रकृति**

यस किसिमको द्वन्द्व व्यक्ति र प्रकृतिबिच हुने गर्दछ। विभिन्न प्राकृतिक प्रकोप जस्तै बाढी, पैह्रो, भूकम्प, हुरी, बतास साथै नियतिसँग व्यक्ति निरन्तर सङ्घर्ष गरी आफ्नो जीवन संरक्षण गर्नेक्रममा यस प्रकारको द्वन्द्व देख्न सकिन्छ। कथामा नायक अनुकूल

वातावरण बनाउन प्रकृति अनि उसको भाग्यसँग निरन्तर सङ्घर्ष गरेको हुन्छ। वर्तमान समयमा मानिस प्रकृतिको विपरीत गएर विभिन्न आविष्कारहरू गरिरहेका छन्। यो एक प्रकारको प्रकृतिको व्यवस्थासँग मानिसको द्वन्द्व नै हो जसको असर जलवायुमा परिवर्तन भएको देखिन्छ। यस विषयलाई आधारित गरेर पनि धेरै कथाहरू रचिएको पाइन्छ।

**(ग) व्यक्ति र समुदाय**

व्यक्तिका इच्छा आकाङ्क्षाहरू समाजका नियम विपरीत हुँदा यस्तो द्वन्द्वको सिर्जना हुने गर्दछ। समाजमा निहित कतिपय नीतिनियम, परम्परागत मूल्यमान्यता आदिले व्यक्तिका इच्छामा बाधा उत्पन्न गराउँदा वा व्यक्तिका कतिपय क्रियाकलापहरू समाजको नियम विरूद्ध हुनु जस्तो परिस्थितिमा व्यक्ति र समाजबिच यस किसिमको द्वन्द्व उत्पन्न हुन्छ। कथामा पनि नायक र समाजबिच द्वन्द्वको स्थिति देखाइएको हुन्छ। व्यक्तिको हक, अधिकार, इच्छा, आकाङ्क्षा आदिमा समाजले नियन्त्रण गर्ने प्रयास गर्दा व्यक्तिमा असन्तुष्टि र विद्रोही भावना विकसित हुन्छ। यसको फलस्वरूप व्यक्ति समाज विरूद्ध सङ्घर्ष गर्ने गर्दछ। समाजमा भएका विभिन्न वर्गीय, जातीय र धार्मिक भेदको कारण व्यक्तिले गर्ने सङ्घर्ष नै व्यक्ति र समाजबिचको द्वन्द्व हो।

**(घ) समुदाय र समुदाय**

दुई वा दुईभन्दा भिन्न समाज, राष्ट्र, देश, धर्म, जात र वर्गबिच हुने द्वन्द्व समुदाय र समुदायबिचको द्वन्द्व हो। यस किसिमको द्वन्द्वमा हिंसात्मक कार्य बढी मात्रामा देख्न सकिन्छ। असमान सामजिक संरचना भएको समाजमा शक्ति सम्पन्न समुदायले अर्को समुदायलाई कमजोर ठानेर दबाएको अवस्थामा क्रमश समुदाय विखण्डित हुँदै द्वन्द्व चर्कन्छ र यस्तो परिस्थितिले गृहयुद्ध, सशस्त्र द्वन्द्व र राष्ट्रिय युद्धकै रूप लिन सक्दछ।[26]

[26]विष्णुराज उप्रेती, वि सं २०६१, *द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू*, काठमाडौं, भृकुटी एकेडेमी पब्लिकेसन, पृ-५

बाह्य द्वन्द्वको विविध रूपहरूमध्ये सामाजिक द्वन्द्व, सांस्कृतिक द्वन्द्व, राजनैतिक द्वन्द्व, आर्थिक द्वन्द्व आदि महत्त्वपूर्ण देखिन्छ। यसलाई निम्नप्रकारले अध्ययन गर्न सकिन्छ-

**(क) सामाजिक द्वन्द्व**

सामाजिक द्वन्द्व भनेको समाजमा विद्यमान विभिन्न धर्म, संस्कार, सम्प्रदाय, लिङ्ग, जात-जाति, वर्ग, नीति नियम, भेदभाव, अन्धविश्वास आदिको कारण व्यक्ति वा समुदायबिच उत्पन्न हुने द्वन्द्व हो। यस्तो द्वन्द्वमा व्यक्ति वा समुदाय सामाजिक सञ्जालको विरूद्ध सङ्घर्ष गर्ने गर्दछ। समाजमा रहेका सामाजिक रूढिवादी परम्परा र नीति नियमले गर्दा व्यक्तिले आफ्ना कतिपय इच्छाहरू पूर्ण गर्न नसक्दैन। यसको फलस्वरूप सामाजिक द्वन्द्व देखा पर्ने गर्दछ। मानिस मूलत: सामाजिक प्राणी हो। हरेक व्यक्ति समाजसँग सम्बन्धित रहेको हुन्छ। तर समाजमा अवस्थित कतिपय सामाजिक परम्परा वा मान्यताले व्यक्ति वा समुदायको इच्छा, आकाङ्क्षालाई अवरोध गरेको खण्डमा सामाजिक द्वन्द्व उत्पन्न हुने गर्दछ।

**(ख) सांस्कृतिक द्वन्द्व**

प्रत्येक व्यक्ति कुनै न कुनै संस्कार-संस्कृतिसँग जोडिएको हुन्छ। आआफ्ना जात-गोष्ठीका आआफ्ना संस्कार, संस्कृति र रीतिरिवाज रहेका हुन्छन्। यस्तो संस्कृतिले जाति, समाज अनि राष्ट्रलाई नै प्रतिनिधित्व गरेको हुन्छ। तर कतिपय पुराना संस्कार र संस्कृतिले द्वन्द्वजन्य स्थिति जन्म हुँदछ। पुरानो पुस्ताले मान्ने परम्परा र संस्कृतिलाई नयाँ पुस्ताले स्वीकार्न नसक्नु, भिन्न संस्कार र संस्कृतिको कारण दुई वा दुईभन्दा अधिक व्यक्ति वा समुदायबिच कलह हुनु जस्तो परिस्थितिमा यस्तो द्वन्द्व देखा पर्ने गर्दछ।

**(ग) राजनैतिक द्वन्द्व**

'राजनीति' शब्द कुनै राज्य वा देशसँग जोडिएको हुन्छ। त्यस देशमा बसोबास गर्ने नागारिकहरूले आफ्नो हक, अधिकार र सत्ताको लागि लड्ने माध्यम राजनीति हो। तर

राजनीतिमा देखिएको भ्रष्टचार, नेताहरूको स्वार्थीपन, लोभ अनि सत्ता र शासनको होडमा बढेको हिंसा, हत्या र काटमार जस्ता अनैतिक क्रियाकलापले यस्तो द्वन्द्वको सिर्जना हुने गर्दछ। यसको नकारात्मक असर सामान्य जनसमुदायमा परेको हुन्छ। यस्तो द्वन्द्व दुई वा दुईभन्दा अधिक व्यक्ति वा समुदायबिच हुने गर्दछ। राजनीतिमा सबै जातजाति, लिङ्ग र वर्गको प्रतिनिधित्व नहुनु, स्वतन्त्र स्वच्छ र निष्पक्ष चुनाव नहुनु, प्रजातान्त्रिक संरचनाको अभाव, राजनीतिक अधिकारको उल्लङ्घन र राजनीतिक भ्रष्टाचार आदि राजनैतिक कारण अन्तर्गत पर्दछन्।[27] यस्तो द्वन्द्वले दुई भिन्न पार्टीअन्तर्गत पर्ने व्यक्तिहरूमाझ परस्परमा द्वेष. घृणा, ईर्ष्या अनि प्रतिस्पर्धा उत्पन्न गर्ने गर्दछ।

### (घ) आर्थिक द्वन्द्व

आर्थिक द्वन्द्व भनेको धन वा पुँजीको कारण उत्पन्न हुने द्वन्द्व हो। यस्तो द्वन्द्वमा व्यक्ति आफ्नो जीविका आर्जनको लागि अर्थ सञ्चय गर्न अनेक व्यवस्थासँग सङ्घर्ष गर्ने गर्दछ। आर्थिक समस्याले उत्पन्न गरेको धनी र गरीबबिचको वर्गीय भेदभाव, पुँजीका लागि हुने भ्रष्टचार, अनैतिकता, ईर्ष्या, द्वेष, झगडा र गरीबीको कारण उच्च वर्गबाट निम्न वर्ग शोषित हुनु जस्तो परिस्थितिमा यस्तो द्वन्द्वको प्रभाव रहेको हुन्छ। यसको कारण नै समाज वा राष्ट्रमा वर्गभेद, हिंसा, लडाइँ, युद्ध भएको देखिन्छ। यसैले द्वन्द्वको विभिन्न कारणहरूमध्ये आर्थिक द्वन्द्वलाई पनि मान्न सकिन्छ।

## २.५ द्वन्द्वको स्रोत

द्वन्द्व एक किसिमको मनोविकार हो। यसको सम्बन्ध मनोविज्ञानसँग रहेको हुन्छ। द्वन्द्वबारे चर्चा गर्दा विभिन्न मनोविश्लेषकहरूले निम्नप्रकारका स्रोतहरूको उल्लेख गरेका छन्-

[27]मंजु श्रेष्ठ, वि सं २०६९, *माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव,* शोधप्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालाय, पृ-४९

२.५.१ निष्पति

२.५.२ स्वतन्त्रता

२.५.३ विरोधीभाव

२.५.४ काम र यौन

### २.५.१ निष्पत्ति

व्यक्तिका असङ्ख्य लक्ष्य र चाहनाहरू हुन्छन् र त्यसलाई पूर्ति गर्न व्यक्ति निरन्तर क्रियाशील रहेको हुन्छ। व्यक्ति आफ्नो लक्ष्यलाई पूर्ति गर्नेक्रममा आएका हरेक बाधाहरूलाई हटाउने कोसिस गर्दछ। यसक्रममा कहिलेकाहीँ आफ्नो मित्रसँग पनि प्रतिस्पर्धा गर्नु पर्ने स्थिति आउँदछ। यस प्रतिस्पर्धामा विजय हासिल गरी आफ्नो इच्छाहरूको पूर्ति गरेपछि व्यक्तिले केही सन्तुष्टि प्राप्त गर्दछ तर आफ्नो इच्छाहरू पुरा भए तापनि मित्रको इच्छालाई दबाएको अनुभव हुँदा व्यक्तिमा दु:खबोध उत्पन्न भइ द्वन्द्व देखा पर्ने गर्दछ।[28] यसरी व्यक्तिमा दु:खबोध हुनु र द्वन्द्वले ग्रसित हुनु आदिको स्रोत निष्पत्तिलाई मान्न सकिन्छ।

### २.५.२ स्वतन्त्रता

व्यक्तिमा स्वतन्त्र र स्वावलम्बी भएर बस्न रुचाउने स्वभाव भएको हुनाले स्वतन्त्रताको चाहना पनि द्वन्द्वको एउटा मूल स्रोत हो। प्रत्येक व्यक्तिको आफ्नो इच्छा, आकाङ्क्षा र लक्ष्य हुन्छ। व्यक्तिको ती इच्छा र लक्ष्यमा अन्य व्यक्तिले हस्तक्षेप गर्दा व्यक्तिमा कुण्ठा र नैराश्यको भाव उत्पन्न हुन्छ। कुनै कारणवश अरूको आश्रयमा बस्न बाध्य भएको स्थितिले व्यक्तिभित्र हीनताबोध हुँदछ र आफू स्वतन्त्र नभएको अनुभूतिले व्यक्तिमा द्वन्द्वको जन्म हुँदछ।

[28]कृष्णप्रसाद दाहाल, वि सं २०५७, पूर्ववत्, पृ-३३

### २.५.३ विरोधीभाव

विरोध पनि द्वन्द्वको एउटा प्रमुख स्रोत हो। व्यक्तिको इच्छा विपरीत कार्य हुँदा व्यक्तिमा विरोध उत्पन्न हुने गर्दछ। सामाजिक नियम र परिवारबाट प्राप्त नैतिक शिक्षाका कारण व्यक्तिले आफूभित्र उत्पन्न भएको आवेग-संवेगहरूलाई खुल्ला रूपमा प्रकट गर्न नसक्नु जस्तो परिस्थितिले कुण्ठाको जन्म भइ व्यक्ति द्वन्द्वग्रस्त बन्दछ।

### २.५.४ काम वा यौन

काम पनि द्वन्द्वको अर्को मूलस्रोत हो। द्वन्द्व सिर्जना गर्नुमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ। यौन असन्तुष्टिले गर्दा व्यक्तिमा द्वन्द्व उत्पन्न हुने गर्दछ। त्यसको तृप्तिमा बाधा उत्पन्न हुँदा व्यक्तिले चाहे जस्तो सन्तुष्टि प्राप्त गर्न सक्दैन। यसको फलस्वरूप व्यक्ति कुण्ठित बन्न पुग्छ। विशेष गरेर सामाजिक मर्यादा र नीति-नियमको कारण कतिपय परिस्थितिमा व्यक्तिले आफ्नो यौनच्छालाई दबाउनु पर्ने हुनाले व्यक्तिमा कुण्ठा उत्पन्न भइ द्वन्द्वले तीव्र रूप लिने गर्दछ।

## २.६ द्वन्द्वको समाधान विधि

मनोविश्लेषकहरूले द्वन्द्वको उत्पत्तिको कारण अतिरिक्त यसको समाधानको पनि चर्चा गरेका छन्। यसलाई द्वन्द्वको समाधान विधि भनिन्छ। द्वन्द्वका कारण व्यक्ति चिन्तित, कुण्ठित, असन्तुलित र तनाउग्रस्त बन्ने हुनाले यसको समाधान गर्न अति आवश्यक हुन्छ। इद् र पराअहम्बिचको द्वन्द्वलाई अहम्ले सन्तुलन गर्ने हुनाले द्वन्द्व नियन्त्रणका लागि अहम्ले रक्षा विधिको प्रयोग गर्दछ, त्यसलाई मनोरचना विधि भनिन्छ। जे. एफ. ब्राउनले मनोरचनाहरूलाई प्रमुख र गौण गरी दुई भागमा विभाजन गरेका छन्। उनको विचारमा द्वन्द्वको समाधान गर्नेक्रममा प्रमुख मनोरचनालाई गौण मनोरचनाहरूले सहयोग गर्ने हुनाले यी दुई परस्परमा सम्पुरकका रूपमा रहेका हुन्छन्।[29] द्वन्द्वको स्थिति र

---

[29]जे. एफ. ब्राउन, सन् १९४०, पूर्ववत्, पृ-१७१

त्यसबाट निवारण हुने विधिलाई मनोरचनाका प्रकारका आधारमा निम्नलिखित आरेखद्वारा स्पष्ट गर्न सकिन्छ-

**मनोरचनाका प्रकार**

२.६.१ प्रमुख मनोरचना

२.६.२ गौण मनोरचना

| **प्रमुख मनोरचना** | **गौण मनोरचना** |
|---|---|
| १. दमन | १. स्थानान्तरण |
| २. रूपान्तरण | २. आत्मीकरण |
| ३. प्रतिगमन | ३. अन्त:क्षेपण |
| ४. उन्नयन | ४. प्रक्षेपण |
| ५. प्रतिक्रिया निर्माण | ५. विस्थापन |
| ६. युक्तिकरण | ६, क्षतिपूर्ति |

(तालिका-१ )

## २.६.१ प्रमुख मनोरचना

प्रमुख मनोरचनाअन्तर्गत दमन, रूपान्तरण, प्रतिगमन, उन्नयन, प्रतिक्रिया निर्माण अनि युक्तिकरण विधि पर्छन्। 'दमन' द्वन्द्व समाधान गर्ने एउटा प्रमुख विधि हो। यसले व्यक्तिका मनमा उत्पन्न अनैतिक र असामाजिक इच्छाहरूलाई अहम्द्वारा अचेतनमा सम्प्रेषण गर्दछ, जसले गर्दा नकारात्मक इच्छाहरूको दमन भइ व्यक्तिको मनस्थिति सन्तुलित रहन्छ। यसरी नै कहिलेकाहीं व्यक्ति आफ्नो मनमा रहेको चिन्ता वा तनाउलाई कम गर्न शारीरिक रोगलाई आत्मसात गर्ने गर्दछ। यसलाई 'रूपान्तरण विधि' भनिन्छ। यसमा व्यक्तिका कुण्ठाहरू शारीरिक रोगका लक्षणहरूमा रूपान्तरित हुने

गर्दछ।[30] यस्ता विधिहरूमा 'प्रतिगमन विधि' पनि एक किसिमको सुरक्षात्मक प्रयास हो, जसमा व्यक्ति वर्तमानमा उत्पन्न कुण्ठा वा निराशाबाट बाँच्न बाल्यकालका स्मृतिको साहारा लिन पुग्दछ। यस विधिमा व्यक्ति द्वन्द्वात्मक परिस्थितिबाट पलायन भइ बाल्य जीवनतर्फ फर्केर त्यसको समाधान गर्ने गर्दछ। व्यक्तिले बालकको जस्तो क्रियाकलाप गर्नु, वर्तमानभन्दा विगतका कुरालाई सम्झी खुसी हुनु आदि प्रतिगमनको प्रभाव हो। व्यक्तिले अचेतनमा दमित विविध अनैतिक इच्छाहरूको निष्कासन विविध रचनात्मक कार्यमार्फत प्रकट गर्ने गर्दछ भने त्यसलाई 'उन्नयन विधि' भनिन्छ। यसमा समाजबाट स्वीकृत कार्यहरू गरेर व्यक्तिले सन्तुष्टि प्राप्त गर्ने गर्दछ। 'प्रतिक्रिया निर्माण' पनि यस्तै रक्षात्मक विधि हो, जसमा व्यक्तिले आफ्नो दमित भावनाहरूको प्रस्तुति विपरीत प्रतिक्रियाहरूबाट देखाउने गर्दछ। व्यक्तिको मनमा कुनै वस्तुका लागि द्वेषपूर्ण भाव भए तापनि बाहिरी रूपमा त्यसप्रति रुचि देखाउनु जस्तो क्रियाकलापमा व्यक्तिले प्रतिक्रिया निर्माणलाई अप्नाएको हुन्छ। यसरी नै व्यक्तिका कतिपय इच्छाहरू पूर्ण नहुँदा त्यसलाई व्यक्तिले आफ्नै तर्कद्वारा औचित्य निर्माण गर्ने गर्दछ, त्यसलाई 'युक्तिकरण विधि' भनिन्छ। यसमा व्यक्तिको अहम्लाई जोगाउने प्रयास गरिएको हुन्छ। कुनै कुराको चाहना हुनु तर चाहेको वस्तु प्राप्त गर्न असम्भव भएपछि मानसिक सान्त्वनाका लागि व्यक्ति अन्य तर्कद्वारा त्यसलाई स्थापित गर्न खोज्नुमा यस्तै विधिको प्रयोग गरिएको हुन्छ। अङ्गुर अमिलो हुन्छ, धनीको महलभन्दा गरिबको खर नै राम्रो[31] भन्नु युक्तिकरण विधिको प्रभाव हो।

### २.६.२ गौण मनोरचना

गौण मनोरचनाअन्तर्गत स्थानान्तरण, आत्मीकरण, अन्त:क्षेपण, प्रक्षेपण, विस्थापन अनि क्षतिपूर्ति विधि पर्दछ। 'स्थानान्तरण विधि' भनेको व्यक्तिको मनमा कुनै वस्तु वा

[30]ऐजन, पृ-१७१

[31]कृष्णप्रसाद भण्डारी, वि सं २०४५, पूर्ववत्, पृ-८३

व्यक्तिप्रति उत्पन्न भएको भावनालाई अर्को वस्तु वा व्यक्तिमा स्थापित गर्नु हो। यसमा व्यक्तिले एउटा इच्छालाई अर्को स्थानमा परिवर्तन गरेर मनोद्वन्द्वको समाधान गर्दछ। मालिकको रिस छोरा- छोरीप्रति पोख्नु, सन्तानहीन महिलाले पशुलाई अत्यन्त माया गर्नु यसका उदाहरणहरू हुन्। कुनै बेला व्यक्ति अन्य व्यक्तिको व्यक्तित्वबाट प्रभावित भइ त्यसलाई आदर्श मान्दै आफू पनि उक्त व्यक्ति झैं बन्ने चाहना राख्दछ, त्यसलाई 'आत्मीकरण विधि' भनिन्छ। यसले व्यक्तिको व्यक्तित्व विकास र चरित्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यस्तै विधिहरूमा 'अन्त:र्क्षेपण विधि' पनि एक प्रकारको रक्षात्मक विधि हो। यस्तो विधिमा व्यक्तिले आत्मीकरणमा जस्तै कुनै व्यक्तिको व्यक्तित्वलाई आफूमा ग्रहण गर्ने गर्दछ। यसमा व्यक्तिले अन्य व्यक्तिको गुणलाई आफ्नो अभिन्न अङ्ग ठान्ने गर्छ। आमा बाबुले छोरा छोरीको प्रशंसामा आफ्नो प्रशंसा भएको ठान्नु अन्त:र्क्षेपणको प्रभाव हो।

अन्त:र्क्षेपण विधिको विपरीत 'प्रक्षेपण विधि' हुन्छ। यसमा व्यक्तिले दमित इच्छाहरूलाई दोषको रूपमा अन्य व्यक्तिमाथि आरोपित गर्ने गर्दछ। आफ्नो त्रुटिलाई अरूमाथि आरोपित गर्दा व्यक्तिको अहम्को रक्षा हुने गर्छ, जसको कारण तनाउ कम भइ व्यक्ति द्वन्द्वमुक्त बन्ने प्रयास गर्दछ। यसरी नै व्यक्तिको अचेतनमा निहित कुनै वस्तु वा व्यक्तिका लागि उत्पन्न भावहरू अन्य वस्तुमाथि प्रकट गर्नु 'विस्थापन विधि' हो। यसले व्यक्तिको दमित इच्छाहरूलाई अन्य वस्तुमार्फत सन्तुष्टि दिने कार्य गर्छ। स्थानान्तरण र विस्थापनको क्रिया एकै जस्तो लागे तापनि यी दुईबिच भिन्नता छ। स्थानान्तरणमा व्यक्तिलाई भावहरू परिवर्तन भएको ज्ञात हुन्छ भने विस्थापनमा यसबारे व्यक्तिलाई केही ज्ञात हुँदैन। यसबाहेक व्यक्ति 'क्षतिपूर्ति विधि' मार्फत पनि दमित चाहनाहरूको परिपूर्ति गर्ने गर्दछ। व्यक्ति कुनै लक्ष्यमा असफल हुँदा त्यसको सट्टा कुनै अन्य लक्ष्यमा सफलता हासिल गरी सन्तुष्टि प्राप्ति गर्दछ भने त्यो 'क्षतिपूर्ति विधि' हो।

यसबाहेक बाह्य परिस्थितिमा दुई परस्पर विरोधी व्यक्ति वा समूह तथा वर्गबिच उत्पन्न भएको द्वन्द्वलाई सम्झौता स्थापना गरी त्यसको समाधान गर्न सकिन्छ। समझौताले एक अर्काका कलहलाई समाप्त गरी नयाँ सम्बन्ध स्थापना गर्ने गर्दछ। यसरी द्वन्द्वको समाधान गर्नमा यी विधिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

### २.७ साहित्यमा द्वन्द्वको स्थान

साहित्य संस्कृतबाट आएको शब्द हो र यसको अर्थ सहभाव वा सहित हुने भाव हो। यसलाई विभिन्न विद्वानहरूले हितेन सह सहित[32] अर्थात् लोकहित वा लोक कल्याणको सहभाव नै साहित्य हो भन्ने विचार प्रस्तुत गरेका छन्। साहित्यले व्यक्ति र समाजको विभिन्न पक्षहरूलाई समेटेको हुन्छ। यसैले साहित्यमा व्यक्तिले जीवनमा विभिन्न परिस्थितिअनुरूप गर्नु पर्ने द्वन्द्व वा सङ्घर्षको चित्रण प्रस्तुत भएको पाइन्छ। दुई परस्पर विरोधी शक्ति वा पात्र-पात्राबिचको सङ्घर्षलाई द्वन्द्व भनिन्छ। यसले साहित्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। साहित्यमा समाज, राष्ट्र र देशको जीवन शैली, परम्परा, मूल्य-मान्यता तथा रीति थिति आदिलाई पनि समावेश गरिएको देखिन्छ। यसैले साहित्यकारले द्वन्द्वको माध्यम समाज, राष्ट्र र देशका कतिपय नियम अनि व्यवस्थाबाट उत्पन्न विभिन्न किसिमका समस्या, विकृति, विसङ्गति तथा परम्परा र मूल्य-मान्यताको विरोध आदिलाई पनि साहित्यमा प्रस्तुत गरेको पाइन्छ।

साहित्य मानव मनको एउटा कलापूर्ण अभिव्यक्ति हो। यसमा व्यक्तिका दुःख-पीडा, वेदना, मर्म तथा हर्ष-विषादका क्षणहरूलाई प्रकट गरिएको हुन्छ। यसैले यसलाई मानसिक चिन्ताबाट मुक्ति पाउने एउटा साधन मानिन्छ। मनोविश्लेषक सिग्मन्ड फ्रायडका विचारमा व्यक्तिका कतिपय इच्छाहरू परिपूर्ति नहुँदा त्यसको पूर्ति व्यक्तिले साहित्यको सिर्जनामार्फत गर्ने गर्दछ। अर्का मनोविश्लेषक अलफ्रेड एडलरले व्यक्तिमा निहित हीनभावनाको क्षतिपूर्ति गर्न व्यक्तिले साहित्यको निर्माण गर्दछ भन्ने विचार प्रकट गरेका

[32]मोहनहिमांशु थापा, वि सं २०६६, *साहित्य परिचय,* पाँ सं. काठमाडौं, साझा प्रकाशन, पृ-४

छन्।[33] फ्रायडले साहित्यलाई अचेतन मनको प्रकाशन मानेका छन् भने कार्ल गुस्ताव जुङ्गले मनको गहिराईबाट सम्पन्न हुने चेतनक्रिया मानेका छन्। द्वन्द्वले कथावस्तुलाई रोचक ढङ्गमा प्रस्तुत गर्ने कार्य गरेको हुन्छ। यसको प्रभावले साहित्य रोचक र प्रभावकारी बन्ने गर्दछ। साहित्यमा कथानकको घटनाक्रम अघि बढ्न थालेपछि अनेक व्यवधान स्वरूप द्वन्द्व उत्पन्न हुन्छन् र यसलाई विभिन्न पात्र-पात्रामार्फत प्रकट गरिएको हुन्छ। यसरी कुनैपनि कृतिलाई रोचक र उत्कृष्ट बनाउने साहित्यको विभिन्न उपकरणमध्ये द्वन्द्व पनि एक हो भन्न सकिन्छ।


### २.८ कथामा द्वन्द्वको स्थान

साहित्यका विभिन्न विधाहरूमध्ये कथालाई पनि एउटा प्रमुख विधाअन्तर्गत राख्न सकिन्छ। नाटकमा झैं कथामा पनि द्वन्द्वलाई अनिवार्य उपकरण मानिन्छ। कथामा दुई वा दुईभन्दा बढी पात्रहरूबिच हुने आन्तरिक एवम् बाह्य सङ्घर्ष, प्रतिस्पर्धा, लडाइँ, झगडा आदिलाई द्वन्द्वको स्थिति मान्न सकिन्छ। द्वन्द्वविना कथा सामान्य र आकर्षणविहीन हुने गर्दछ। त्यसैले द्वन्द्वले कथालाई रोचक र कौतुहलमय बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यसको सबल प्रयोगले नै कथावस्तुलाई तीव्र प्रभावकारी ढङ्गमा प्रस्तुत गराउने शक्ति रहेको हुँदा कथामा द्वन्द्वको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। दयाराम श्रेष्ठ अनुसार कथामा द्वन्द्व र क्रियाव्यापारकाबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। क्रियाव्यापारलाई श्रङ्खलाबद्ध गर्ने कार्य द्वन्द्वको अनि द्वन्द्वलाई श्रङ्खलाबद्ध गर्ने कार्य क्रियाव्यापारको रहेको हुन्छ।[34] यसैले द्वन्द्व र क्रियाव्यापार नै कथा निर्माणका उपकरण हुन् भन्न सकिन्छ। कथावस्तुको विकास र अन्त्यसँगै द्वन्द्वको पनि विकास अनि अन्त्य हुने

[33]ठाकुरप्रसाद पोखरेल, वि सं २०७०, *विजयमल्लका नाटकमा द्वन्द्वविधान,* शोधप्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालय, पृ-९४

[34]दयाराम श्रेष्ठ, वि सं २०६३, *नेपाली साहित्यका केही पृष्ठ,* पाँ सं, काठमाडौं, साझा प्रकाशन, पृ-२३७

गर्दछ। यसलाई गुस्ताभ फ्लुवर्ट फ्रेटागद्वारा निर्धारित पिरामिड ढाँचाद्वारा निम्नलिखित रेखाचित्रमा यस प्रकार स्पष्ट सकिन्छ-[35]




गुस्ताभ फ्लुवर्ट फ्रेटागको पिरामिड (तालिका २)

यसरी द्वन्द्व कथानकको क्रियाव्यापारसँगै आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास हुँदै उपसंहारतर्फ अघि बढेको हुन्छ। कथामा द्वन्द्वको प्रस्तुति पात्रको माध्यमद्वारा गरिन्छ। यसमा पात्र कुनै व्यक्ति, समुदाय, समाज, प्रकृति वा नियतिसँग सङ्घर्ष गर्ने गर्दछ। आख्यानमा पात्र-पात्राबिचको सामाजिक, पारिवारिक, शैक्षिक, आर्थिक, राजनैतिक, धार्मिक तथा सांस्कृतिक मनोवृत्तबाट उत्पन्न हुने विरोधपूर्ण सङ्घर्ष तथा घात-प्रतिघातबाट नै द्वन्द्वको विकास हुँदछ।[36] पात्रले प्रयोग गर्ने भाषाशैली, कथोपकथन, उद्देश्य तथा परिवेशमा निहित द्वन्द्वले नै कथा सशक्त बनेको हुन्छ। समाजमा रहेका विभिन्न नियम व्यवस्थाले गर्दा पात्रको इच्छा पूर्तिमा बाधा आउनु, पुराना र नयाँ पुस्ताबिच द्वन्द्व उत्पन्न हुनु, नायक र खलनायकबिचमा प्रतिस्पर्धा हुनु कथामा देखिने द्वन्द्वका कारणहरू हुन्। कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग गरिएको हुन्छ। मानसिक तहमा पात्रले आफैसँग सङ्घर्ष गर्नु आन्तरिक द्वन्द्व हो भने पात्रले समाज, प्रकृति आदि बाह्य गतिविधिसँग प्रतिक्रिया गर्नु वा सङ्घर्ष गर्नु बाह्य द्वन्द्व हो। यी दुवैको समिश्रणबाट कथा सफल बन्दछ भन्न सकिन्छ।

[35]कृष्णहरि बराल, वि सं २०६९, *कथा सिद्धान्त,* काठमाडौं, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. पृ-५८

[36]छत्रकुमार तामाङ, सन् २०१५, *द्वन्द्वविधानका दृष्टिले मनबहादुर मुखियाका पूर्णाङ्की नाटकहरूको अध्ययन,* लघु शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय, पृ-१६

## निष्कर्ष

दुई वा दुईभन्दा बढी व्यक्ति, वस्तु वा शक्तिबिच उत्पन्न हुने मतभेद वा सङ्घर्षलाई द्वन्द्व भनिन्छ। यो एउटा यस्तो मानसिक क्रियाकलाप हो, जसले विकास र विनाश दुवैलाई समेटेको हुन्छ। द्वन्द्वको परिमाण सकारात्मक भएमा यसले कुनै पनि क्षेत्रमा विकास ल्याउने गर्दछ भने यसको परिमाण नकारात्मक भएमा विनाश वा विध्वंसलाई निम्ताउने गर्दछ।

साहित्यमा व्यक्तिको जीवन जगत् तथा समाजको यथार्थ चित्रण प्रस्तुत हुने हुनाले यसमा पनि द्वन्द्वको प्रयोग प्रशस्त मात्रामा गरिएको हुन्छ। कथामा पनि द्वन्द्वको स्थान महत्त्वपूर्ण रहेको देखिन्छ। यसको प्रभावले गर्दा कथा प्रभावकारी बन्ने हुनाले कथामा पनि यसको प्रयोग गरिएको पाइन्छ। पात्रको चरित्र, उसले प्रयोग गर्ने भाषाशैली, संवाद आदि द्वन्द्वको कारण नै प्रभावकारी बनेको हुन्छ। घटनाको प्रारम्भसँगै द्वन्द्वको पनि प्रारम्भ हुने हुनाले गुस्ताभ फ्लुवर्ट फ्रेटागले पिरामिड ढाँचाको रूपरेखा प्रस्तुत गरेका छन्। गुस्ताभ फ्लुवर्ट फ्रेटागद्वारा प्रतिपादित यसै पिरामिड ढाँचालाई द्वन्द्वविधानको आधार मान्दै प्रस्तुत लघु शोधप्रबन्धमा "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" गरिएको छ।

## तेस्रो अध्याय

## ३. आधुनिक भारतीय नेपाली कथामा द्वन्द्वको प्रयोग

'आधुनिक' शब्दले वर्तमान समयको वा अहिलेको परिस्थिति भन्ने बोध गर्दछ। यसै आधुनिक शब्दमा 'ता' प्रत्यय लागेर आधुनिकता शब्द बनेको हो। *प्रयोगात्मक नेपाली शब्दकोश* अनुसार नवीनता, नौलोपन आधुनिक हुनुको अवस्था वा विशेषता हो ।[37] यसले परम्परागत मूल्य-मान्यता तथा रूढिप्रति असहमति जनाउँदै नवीनताको आग्रह गर्दछ। नेपाली कथामा आधुनिकताको प्रयोग र प्रवेशबारे अवलोकन गर्दा यस सम्बन्धी विभिन्न मतभेद पाइन्छ। अधिकांश विद्वानहरूको मतानुसार वि सं १९९२ मा *शारदा*-मा प्रकाशित गुरुप्रसाद मैनालीको कथा 'नासो'-लाई पहिलो आधुनिक नेपाली कथा मानिएको पाइन्छ। 'अन्नापूर्णा'-ले रूपनारायण सिंहलाई प्रथम आधुनिक नेपाली कथाकारको रूपमा प्रस्तुत गराएको छ[38] भन्ने घनश्याम नेपालको भनाइलाई समर्थन गर्नु हो भने 'नासो' अघि सन् १९२७ मा *गोर्खा संसार*-मा प्रकाशित रूपनारायण सिंहको 'अन्नापूर्णा' कथालाई पहिलो आधुनिक कथा मान्न सकिन्छ। गुरुप्रसाद मैनालीका कथा लेखनमा आधुनिकताका लक्षणहरू देखिए तापनि यिनका कथाहरूको झुकाउ आदर्शवादतिर बढी केन्द्रित रहेको देखिन्छ भने रूपनारायण सिंहका कथाहरूमा सामाजिक यथार्थवादी दृष्टिकोण बढी पाइन्छ भन्न सकिन्छ।

भारतीय नेपाली साहित्यको अवलोकन गर्नु हो भने *सम्मेलन* कथासङ्ग्रहका सम्पादकगण तथा समालोचक प्रतापचन्द्र प्रधान, रामलाल अधिकारी, जस योञ्जन प्यासी आदिले *गोर्खा संसार*-मा प्रकाशित रूपनारायण सिंहको 'अन्नापूर्णा' शीर्षक कथालाई पहिलो भारतेली नेपाली कथा मानेका छन्।[39] यसैले आधुनिक भारतीय नेपाली कथाको प्रारम्भ

---

[37]हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई,(सम्पा.) वि सं २०६२, पूर्ववत्, पृ-११८

[38]घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचायात्मक इतिहास*, सिलगढी, एकता बुक हाउस, पृ-१९१

[39]राजकुमार छेत्री, सन् २०११, *अवलोकन अवबोधन*, दार्जिलिङ, दास प्रिन्टर्स, पृ-१२९

पनि रूपनारायण सिंहका 'अन्नापूर्णा' (१९२७) कथाबाट नै भएको भन्न सकिन्छ। भारतीय नेपाली साहित्य भनेको भारतमा बसोबास गर्ने अनि भारतलाई आफ्नो कर्मभूमि मान्ने नेपालीहरूद्वारा लिखित साहित्य हो। भारतीय संस्कार-संस्कृति, रीति-थिति अनि त्यहाँको रहन सहन तथा जीवनशैली आदिलाई दर्शाउदै त्यहाँका मानिसहरूले भोग्दै ल्याएका जीवन सङ्घर्ष अनि अस्तित्व सचेतना जस्ता विषयलाई लिएर आधुनिक भारतीय नेपाली कथाकारहरूले कथा रचेका देखिन्छन्। यसै दशकमा प्रकाशित गोर्खा संसार (१९२७), नेपाली साहित्य सम्मेलन पत्रिका (१९३२), नेबुला (१९३५), खोजी (१९४०) जस्ता पत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

सन् १९३८ मा सूर्यविक्रम ज्ञवालीको सम्पादनमा प्रकाशित *कथा-कुसुम*-लाई पहिलो आधुनिक कथासङ्ग्रह मानिए तापनि यसमा भारतका कुनै साहित्यकारको कथा भने प्रकाशित भएको पाइँदैन। यसैले भारतमा प्रकाशित कथासङ्ग्रहको सन्दर्भमा भन्नु हो भने रूपनारायण सिंहको *कथा नवरत्न* (१९५०) लाई आधुनिक भारतीय नेपाली कथाको महत्त्वपूर्ण कथासङ्ग्रह मान्न सकिन्छ। यसै समयका रूपनारायण सिंह, इन्द्र सुन्दास, शिवकुमार राई, इन्द्रबहादुर राई, परशुराम रोका, अच्छा राई 'रसिक', हरिप्रसाद 'गोर्खा' राई, जी छिरिङ, लक्खीदेवी सुन्दास, हायमनदास राई 'किरात', देवकुमारी थापा, वीरविक्रम गुरूङ, सानु लामा, शरद छेत्री, मनबहादुर मुखिया, गुप्त प्रधान, नन्द हाङ्गखिम, पूर्ण राई, विन्ध्या सुब्बा, समीरण छेत्री 'प्रियदर्शी', मटिल्डा राई, लीलबहादुर क्षत्री आदिलाई आधुनिक भारतीय नेपाली कथा साहित्यको प्रमुख र प्रतिनिधि कथाकार मान्न सकिन्छ। यी कथाकारहरूका कथामा तत्कालीन सामाजिक परिवेश र देशकाल वातावरणअनुसार निरन्तर परिवर्तित एवम् विकसित बन्दै गइरहेको समाज र पीढीहरूको चित्रण पाइन्छ। यस कालका कथाहरूले तत्कालीन समयमा देखिएका विसङ्गत जीवन तथा विकृतिपूर्ण समाजबाट प्रभावित पात्रहरूबिच उत्पन्न हुने घात-प्रतिघात, रति-रागात्मक भावना, ईर्ष्या, द्वेष आदिको चित्रण गर्दै द्वन्द्वजन्य परिवेशको सिर्जना गरेका छन्। यसरी

आधुनिक भारतीय नेपाली कथाहरूको अध्ययन गर्नेक्रममा द्वन्द्वात्मक प्रवृत्ति पनि एउटा मूल प्रवृत्ति रहेको देखिन्छ। यसैले यस अध्यायमा आधुनिक भारतीय नेपाली कथाहरूमा प्रयोग भएको द्वन्द्वको स्वरूपलाई अध्ययन गरिएको छ। ती मध्ये रूपनारायण सिंहको *कथा नवरत्न,* शिवकुमार राईको *खहरे,* इन्द्रबहादुर राईको *विपना कतिपय,* हायमनदास राई 'किरात'-को *चौकीदार,* विन्धा सुब्बाको *शीतलहर,* मटिल्डा राईको *टोटलाको फूल,* पूर्ण राईको *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा,* सानु लामाको *कथा सम्पद्* लीलबहादुर क्षत्रीको *लीलबहादुर क्षत्रीका कथाहरू* र गुप्त प्रधानको *मान्छे-मान्छेको बस्तीभित्र* आदि कथासङ्ग्रहहरूमा पाइने द्वन्द्व प्रयोगलाई हेर्ने प्रयास गरिएको छ। यसलाई निम्नप्रकारले अध्ययन गरिएको छ-

### ३.१ रूपनारायण सिंहका *कथा नवरत्न* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

रूपनारायण सिंहको पहिलो कथा सन् १९२६ मा *गोर्खा संसार*-मा प्रकाशित 'परिवर्तन'-लाई मानिन्छ। *कथा नवरत्न* यिनको आजसम्म प्रकाशित एउटा मात्र कथासङ्ग्रह हो। यसको प्रकाशन सन् १९५० मा भएको थियो। यसमा जम्मा नौं वटा कथाहरू सङ्कलित छन् । समाजमा विभिन्न समस्याहरूले उब्जाएका विकृतिपर्ण परिवेशको चित्रण गर्नेक्रममा यी कथाहरूमा द्वन्द्वको प्रशस्त प्रयोग भएको पाइन्छ।

'पुष्पराग' यस कथासङ्ग्रहको पहिलो कथा हो। यो सामाजिक द्वन्द्वमा आधारित कथा हो। समाजका परम्परागत मूल्य मान्यता, रीतिथिति, नीति नियम तथा कतिपय रूढिगत संस्कारहरूले गर्दा सामाजिक द्वन्द्व उत्पन्न भएको हुन्छ। समाजमा देखिने धनी गरीब जस्ता वर्गीय भेदभाव पनि सामाजिक द्वन्द्वको कारण मध्ये एक हो। यस कथामा यही धनी र गरीबबिचको वर्गीय भेदभावले गर्दा द्वन्द्वको आरम्भ भएको देखिन्छ। पोखराज र पुष्पमणिमा सानैदेखि एक-अर्काप्रतिको प्रेम सम्बन्ध प्रगाढ रहे तापनि समाजमा व्याप्त वर्गीय भेदभावले गर्दा यिनीहरूको प्रेम बिछोड भएको छ। धनी वर्गमा पर्ने मालिक्नीको छोरा पुष्पमणि र गरीब वर्गमा पर्ने मालीको छोरी पोखराजमाझ वैवाहिक

सम्बन्ध समाजले स्वीकार नगर्ने हुनाले मालिक्नीले यी दुईलाई छुटयाउने षडयन्त्र बनाएकी देखिन्छ। यसको कारण नै प्रस्तुत कथामा द्वन्द्व चरममा पुगेको छ। पुष्पमणिसँगको संसर्गले पोखराज गर्भवती बनेको कुरा उद्घाटन भएपछि मालिक्नी अत्यन्त क्रोधित बनेकी छ। यसैले समाजमा आफ्नो प्रतिष्ठित व्यक्तित्वलाई कायम राख्नु पर्ने दबावमा आएर मालिक्नी पोखराजलाई भन्छे-

*तँलाई भगवानले रूप दिएका छन् औ रूप सुहाउँदो गुण पनि दिएका छन्। तर तिमीहरू दरिद्र-दासी, आशे-गाँसे। मणिकी स्वास्नी भनेर दश जनाका अगि मैले कसरी आफ्नै मालीकी छोरी देखाइ हिड्ने ? भन्न बा, तँ आफै भन्। मैले माने पनि... ।*[40]

यहाँ समाजमा आफ्नो अहम् र प्रतिष्ठालाई घात पुग्छ भन्ने मालिक्नीमा देखिएको डर अनि चिन्ता नै द्वन्द्वको मूल स्रोत बनेको छ। समाजमा रहेको मानसम्मानलाई जोगाउनका लागि मालिक्नीले रचेको षडयन्त्रमा पोखराज र पुष्पमणि फँसेका छन्। यसरी यस कथामा धनी र गरिबबिचको वर्गीय भेदले द्वन्द्वात्मक परिवेशको सिर्जना गरेको छ। यस्तो परिस्थितिले उब्जाएको समस्याले यी दुई ग्रसित भइ उनीहरूको पारस्परिक प्रेमको अन्त्य हुनु यस कथाको द्वन्द्वको परिणाम वा निष्कर्ष हो।

यसबाहेक 'बिग्रेको बाहुन' कथा पनि यस्तै सामाजिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा समाजमा निहित अन्धविश्वास, कुरीति, कुप्रथा र छुवाछुतजस्ता रूढिवादी मान्यताका कारण उत्पन्न भएको द्वेष र भेदभाव जस्तो समस्याले द्वन्द्वजन्य स्थिति उत्पन्न भएको छ। कथाकारले मानव धर्म नै सबैभन्दा ठुलो धर्म हो भन्ने सन्देश दिनेक्रममा यस्ता परम्परागत रूढि र अन्धविश्वासको नाश गर्न यस कथाको मूल पात्र बाहुनमार्फत सामाजिक क्रान्तिको बीजारोपण गरेका छन्। बाहुन पात्रमा भएको मानवतावादी सोचले नै कथामा द्वन्द्वको आरम्भ भएको छ। बिमारी पतिको लागि दवाइ लिन गएको दमिनी बोजु पानी परेर खोला बढेकोले तर्न नसक्दा बाहुन पात्र सहयोग गर्न अघि सर्दछ तर

[40]रूपनारायण सिंह, सन् १९५०, *कथा नवरत्न*, ते. सं, वाणारासी, विश्व बन्धुप्रकाशन, पृ-९

समाजमा रहेका जातपात अनि छुवाछुत प्रथा उसका अघि बाधकको रूपमा प्रकट भएको छ। उनीहरूमध्ये एकजना ज्यापुले भन्छ-

*अछुती दमिनीसित हातेमालो गर्ने! यस्तो बितौल पनि कसैले गर्छ? बाहुन भएर छुतछात, लसपसको डर छैन?* [41]

यहाँ जातपात र छुवाछुतको प्रधानता देखाउदै सामाजिक बाधाहरूको उपस्थिति गराइएको छ। यद्यपि यस कथामा बाहुन पात्रले मानवतावादी सोच राख्दै दमिनी बोजुलाई खोला तर्नु सहयोग गरेर सम्पूर्ण समाजलाई नै चुनौती दिएको पाइन्छ। यस घटनाबाट कथामा द्वन्द्वको विकास हुँदै गएको देखिन्छ। तर त्यस चुनौतीको फलस्वरूप उसलाई जातबाट काढ्नु, गाउँबाट निकाल्नु अनि बिग्रेको बाहुन जस्तो उपनाम बस्नु आदिले कथामा द्वन्द्वको नकारात्मक परिणति प्रस्तुत भएको छ।

प्रस्तुत कथा व्यक्ति र समुदायबिचको द्वन्द्वमा आधारित छ। व्यक्ति अर्थात् बाहुन पात्रले समाजको नियम विरूद्ध गरेको कार्यले नै उसलाई सबैको अघि अपमानित बनाएको छ। जातपात जस्ता सामाजिक कुरीतिले प्रत्येक मानिसलाई प्रभावित पारेको हुन्छ। यसैले यस्ता कुरीतिको अन्त्य हुन आवश्यक छ भन्ने सन्देश कथाले व्यक्त गरेको देखिन्छ।

यसरी नै *कथा नवरत्न*-का कथाहरूको चर्चा गर्नेक्रममा 'धनमतीको सिनेमा स्वप्न' कथाको पनि चर्चा गर्न सकिन्छ। यो एउटा सामाजिक यथार्थवादी कथा हो। यस कथामा सिनेमाको प्रभावले कसरी सोझा-सरल युवतीहरू ठगीका जालमा फँस्छन् भन्ने यथार्थलाई देखाइएको छ। वर्तमान समयमा यस्तै ठगीका जालमा फसेर आफ्नो जीवन ध्वस्त गर्ने ठगिएका र बेचिएका अनेकौं नारीहरूको प्रतिनिधित्व धनमतीले गरेकी छ। यस कथामा आफ्नो सोझोपन अनि मूर्खताले आफैलाई द्वन्द्वको पराकाष्ठामा पुऱ्याइ सक्दा पनि कुनै सचेतता एवम् अस्तित्वबोध गर्न नसकेकी धनमतीको दुर्दशा देखाइएको छ।

---

[41]ऐजन, पृ-३७

सिनेमाकी अभिनेत्री बन्ने धनमतीको अभिलाषा नै यस कथामा द्वन्द्वको बीज हो। सुरेन बाबु र सुन्दरलाल जस्ता दलालहरूको षडयन्त्रमा परेर धनमती कलकत्ता जानु र आफ्नो सर्वस्व लुटाउनु यस कथामा देखिएको द्वन्द्वको चरम वा उत्कर्ष हो भने धनमतीको अभिनेत्री हुने सपना पुरा नहुनु अनि उसको जीवनमा विभिन्न समस्या आइपर्नु द्वन्द्वको नकारात्मक परिणति हो।

यस्तै द्वन्द्वयुक्त कथाहरूमा 'विध्वस्त जीवन' पनि एउटा द्वन्द्वप्रधान कथा हो। प्रस्तुत कथामा महायुद्धले मानिसका जीवनमा ल्याएको प्रभाव र परिवर्तनको चित्रण गरिएको छ। यस कथामा युद्धद्वारा ग्रसित बनेकी युवतीको विध्वस्त जीवनका विसङ्गति र विडम्बनाको मार्मिक अभिव्यक्ति पाइन्छ।[42] युवतीको पति शङ्कालु र सङकुचित प्रवृत्तिको देखिन्छ। यस कथामा युवतीलाई अपवित्र ठान्ने पतिको दुर्बल मानसिकता र पतिप्रति निष्ठा राख्ने युवतीको पवित्रताबिच द्वन्द्व छ। युद्धको समयमा शरणमा आएको एउटा बिमारी सिपाहीलाई स्याहार-सुसार गरेको देखेर युवतीलाई अपवित्र ठान्दै उसको पतिले उसमाथि गोलीको प्रहार गरेर विकलाङ्ग बनाइदिएपछि युवतीको जीवन विध्वस्त भएको छ। यसै घटनाबाट प्रस्तुत कथामा द्वन्द्वको प्रारम्भ भएको पाइन्छ। आफ्नै पतिबाट अपमानित भएकी युवतीमा आन्तरिक द्वन्द्व तीव्र रूपमा विकसित भएको देखिन्छ। यसैले ऊ भन्छे- *क्रुरता सैनिकहरूको नसा-नसामा भरिएको हुन्छ।*[43] यसबाट सैनिक जीवनप्रति युवतीको मोहभङ्ग भएको कुरा व्यक्त हुँदछ। ऊ आफ्नो जीवनदेखि निराश भएकी देखिन्छ। त्यसैले ऊ निराश हुँदै भन्छे- *म डुँडी, म विधुवा। तूफानको पक्षी, ओइलाएको फूल।*[44]

यस कथामा शङ्काको बीज बढ्दै गएपछि कसरी एउटा सुन्दर जीवन विध्वस्त बन्छ भन्ने यथार्थलाई प्रस्तुत गर्दै कथाकारले द्वन्द्वको कारण ठुलो घटना नै हुन पर्दैन तर

---

[42]प्रतापचन्द्र प्रधान, सन् १९८३, *नेपाली कथा अवलोकन,* दार्जिलिङ, दिपा प्रकाशन, पृ-३७
[43]रूपनारायण सिंह, सन् १९५०, पूर्ववत्, पृ-११७
[44]ऐजन, पृ-११७

ससाना भ्रमको कारण सामान्य जीवन पनि द्वन्द्वग्रस्त बन्न पुग्छ भन्ने देखाएको छ। शङ्का नै यस कथामा देखिएको द्वन्द्वको मूल बीज हो। युवती सारा जीवन आफ्नो अतीतदेखि भागिहिड्नु तर परिस्थितिले उसलाई त्यही घटनाको स्मरण गराउने हुँदा अतीत र वर्तमानबिचको द्वन्द्वमा पर्नु यस कथामा देखिएको द्वन्द्वको परिणति हो।

## ३.२ शिवकुमार राईका *खहरे* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

शिवकुमार राई भारतीय नेपाली साहित्यका एकजना परिचित कथाकार हुन्। विभिन्न विधामा कलम चलाए तापनि उनी विशेषत: कथाकारका रूपमा चर्चित छन्। आजसम्म उनका पाँच वटा कथासङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ। ती हुन्- *फ्रण्टियर* (१९५१), *यात्री* (१९५६), *खहरे* (१९७६), *बडा डिनर* (१९८८), र *शिवकुमार राईका सात कथा* (१९९४) आदि। सन् १९७६ मा प्रकाशित शिवकुमार राईको कथासङ्ग्रह *खहरे*-मा जम्मा दश वटा कथाहरू समाविष्ट रहेका छन्। विभिन्न विषयसँग सम्बन्धित यी कथाहरूमा द्वन्द्वको प्रशस्त प्रयोग भएको देखिन्छ।

शिवकुमार राईको 'कस्तो मानिस' कथामा मानसिक रोगले पीडित एम.के पात्रको चरित्र चित्रण गरिएको छ। मानसिक दुर्बलताको कारण उसलाई सवै कुरामा शङ्का गर्ने बानी भएकोले ऊ मनोवैज्ञानिक द्वन्द्वले पीडित देखिन्छ। आफूले गरेको कामलाई अरूले हेरिदिएपछि मात्र सन्तुष्ट हुने साथै सँधै मृत्युको भयले डराइरहने प्रवृत्ति उसमा देखिन्छ। यसको मूल स्रोत एम.के-मा निहित मानसिक द्वन्द्वलाई मान्न सकिन्छ। प्रस्तुत कथामा 'म' पात्रको घर्मा एम.के-ले च्याउ खाएर घर फर्किदै गर्दा बाटोमा 'म' पात्रको कुकुर मरेको कुरा उसले सुनेको छ। कुकुर मर्नुको कारण मृत्यु च्याउ खाएर नै हो भन्ने शङ्का एम.के लाई भएकोले आफू पनि च्याउ खाएकोले मर्छु होला भन्ने भ्रम र शङ्काले बान्ता गर्दै बिमारी बन्न पुगेको देखिन्छ। वास्तवमा कुकुरको मृत्यु च्याउ खाएकोले नभएर दुर्घटनाका कारणले भएको खुलस्य भएपछि मात्र एम.के शङ्काबाट मुक्त बनेको छ। यसप्रकार एम.के-मा निहित मनोवैज्ञानिक द्वन्द्व नै कथाको आकर्षणबिन्दु हो।

द्वन्द्वका विभिन्न कारण मध्ये आर्थिक समस्या पनि एक हो। आर्थिक समस्याको कारणले गर्दा पनि मानिस द्वन्द्वग्रस्त बनेको हुन्छ। *खहरे*-मा सङ्ग्रहित 'छाता' कथा यस्तै आर्थिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा निम्नवर्गीय स्कुल मास्टरको अभावग्रस्त जीवनको मार्मिक कथा पाइन्छ। प्रस्तुत कथामा छाताका माध्यमले आर्थिक समस्याले पीडित निम्नवेतन भोगी मानिसहरूको आर्थिक द्वन्द्वलाई हास्य व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गरिएको छ। आर्थिक समस्याका कारण विभिन्न इच्छा र आकाङ्क्षालाई दबाउनु पर्ने बाध्यता र विवशताका कारणले 'म' पात्र मानसिक द्वन्द्वको सिकार भएको देखिन्छ। यस कथामा एउटा छाता किन्न पनि धेरै सोच्नु पर्ने अनि बाध्यतावश किनेको छाता पनि केही काम नलागेको स्थितिबाट 'म' पात्रको दयनीय अवस्थाको चित्रण गरिएको छ।

यसबाहेक शिवकुमार राईले आफ्ना कथाहरूमा प्रकृति र मानिसको सङ्घर्षमय स्थितिलाई पनि देखाएका छन्। त्यस्ता कथाहरूमा 'हिउँले पुरेको रहस्य' कथालाई लिन सकिन्छ। यस कथामा बाह्य द्वन्द्वअन्तर्गत पर्ने प्रकृति र मानिसबिचको द्वन्द्व प्रस्तुत भएको छ। लोकविश्वासमा आधारित हिममानिस अर्थात् प्राकृतिक सम्पदाको खोजीमा आएका वैज्ञानिकहरू प्राकृतिक प्रकोपबाट प्रताडित बन्न पुगेका छन्। यस कथामा प्रकृतिको सर्वेक्षण र शोध गर्न आएका वैज्ञानिकहरूमध्ये षडयन्त्रपूर्ण ढङ्गमा हेनरिचको हत्या गरिएको छ। हेनरिच आफ्नी पत्नी लुसी आफ्नै साथी ब्रेजरसँग लागेको थाहा भएर पनि केही गर्न सक्दैन। यसको फलस्वरूप उसमा आन्तरिक द्वन्द्वको विकास भएको देखिन्छ। उसले आफ्नो पत्नीको अनैतिक व्यवहारप्रति केही गर्न नसक्दा ऊ कुण्ठित बन्दै गएको छ। उसमा निहित कुण्ठाले बाह्य द्वन्द्वको रूप धारण नगरे तापनि ब्रेडरले षडयन्त्रपूर्वक उसको निर्मम हत्या गरेको छ। यसरी हेनरिचको पत्नी लुसीसँग ब्रेडरको अनैतिक प्रेम सम्बन्धबाट नै यस कथामा द्वन्द्वको बीजारोपण भएको छ। यसै अनैतिक प्रेमलाई सफल बनाउन हेनरिचको हत्या गरिएको छ। भावुक र वासनात्मक प्रेमले

मानिस कसरी अपराधी र हत्यारा समेत बन्न बाध्य हुन्छ भन्ने तथ्य यसबाट स्पष्ट हुन्छ।[45]

*खहरे*-मा सङ्ग्रहित कथाहरूमध्ये 'प्रेमका शहीद' ऐतिहासिक विषयवस्तु लिएर लेखिएको छ। यो आन्तरिक र बाह्य दुवै द्वन्द्वमा आधारित कथा हो। बादशाह औरङ्गजेबकी छोरी जेबुनिशा र हाकिम अकिल खाँबिचको प्रेमलाई लिएर लेखिएको प्रस्तुत कथामा दुई वटा अलग स्तर र पदकाबिच उत्पन्न भएको प्रतिस्पर्धाले कसरी द्वन्द्वको सृष्टि हुन्छ भन्ने कुराको उल्लेख गरेको छ। यी प्रेमीहरूबिच आत्मिक प्रेम भए तापनि त्यस प्रेमसम्बन्धको बाधकका रूपमा समाजका परम्परागत मान्यता र बादशाह देखा परेका छन्। यस कथामा पात्रहरूको मनमा उत्पन्न भएको त्रास र भयले त्रासपूर्ण स्थितिको सिर्जना भएको छ। आफ्नो मानसम्मान र पदको मोहले अन्धो बनेका बादशाहले अकिल खाँलाई वीभत्स मृत्यु दिएपछि ऊ प्रेमको सहीद बनेको देखिन्छ। यहाँ द्वन्द्वले हिंसात्मक रूप लिएको छ।

### ३.३ इन्द्रबहादुर राईको *विपना कतिपय* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

इन्द्रबहादुर राई भारतीय नेपाली साहित्यका एकजना अग्र पंक्तिका कथाकार हुन्। तेस्रो आयाम र लीलालेखन जस्ता नवीन चिन्तन र विचारधाराको प्रयोग गरी नेपाली कथामा प्रयोगवादी विचारधारा प्रवेश गराउने श्रेय उनलाई छ। गुरुप्रसाद मैनाली, रूपनारायण सिंह र शिवकुमार राईको कथा परम्परालाई विकसित गराएर ल्याउने इन्द्रबहादुर राईले नेपाली साहित्यको इतिहासलाई एउटा बिछट्ट बेग्लो र असामान्य अध्याय निर्माण गरेका छन्।[46] कथाकार राईका आजसम्म प्रकाशित कथासङ्ग्रहहरू यसप्रकार छन्- *विपना कतिपय* (१९६०), *कथास्था* (१९७२), *कठपुतलीको मन* (१९८९) *लेखहरू र झ्याल* (2000) आदि। यस अध्यायमा *विपना कतिपय* कथासङ्ग्रहको अध्ययन गरिएको छ।

---

[45]प्रतापचन्द्र प्रधान, सन् १९८३, पूर्ववत्, पृ-७४

[46]घनश्याम नेपाल, सन् १९८९, *कथा सागर,* सिक्किम, जनपक्ष प्रकाशन, पृ-१६९

यस कथासङ्ग्रहमा जम्मा २३ वटा कथाहरू सङ्ग्रहित छन्। तीमध्ये अधिक द्वन्द्वयुक्त कथाको मात्र चयन यहाँ गरिएको छ। अस्तित्व सङ्कटबाट ग्रसित समाजको द्वन्द्व र कुपरिणामको सुक्ष्म पर्यवेक्षण कथाकार राईका कथामा देख्न सकिन्छ।[47]

इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' कथा प्राकृतिक प्रकोपसँग सङ्घर्ष गर्दै जीवन व्यापन गर्ने निम्नमध्यम वर्गीय मानिसहरूको कथा हो। यस कथामा प्रकृति र व्यक्तिबिचको द्वन्द्व प्रखर रूपमा देखिएको छ। यस्तो द्वन्द्वमा एकातिर व्यक्तिविशेषको उपस्थिति र अर्कोतिर प्रकृति वा भौतिक जगत्को उपस्थिति रहेको हुन्छ।[48] मानिस प्रकृतिको नै एउटा अङ्ग भएको कारण प्रकृतिले जति नै विनाश ल्याए तापनि मानिससँग अघि बढ्ने क्षमताको विकास हुनु आवश्यक छ भन्दै सङ्घर्षपूर्ण जीवन बिताउने नेपाली जनजीवनको चित्रण यस कथामा गरिएको छ। यस कथामा प्राकृतिक प्रकोप हुरीले ल्याएको समस्याले कालेकी आमा पात्रको मनमा यस्तै द्वन्द्वको सिर्जना भएको छ। आर्थिक विपन्नताको कारण प्रकृतिसँग जुध्दै कठोर परिश्रम गर्ने कालेकी आमा पात्रमा सहरिया जीवनप्रति मोह र ग्रामीण जीवनप्रति वितृष्णा उत्पन्न भएको देखिन्छ। सहरिया जीवनको मोह र प्रकृतिसँग गर्नु पर्ने सङ्घर्ष नै यस कथामा देखिने द्वन्द्वको मूल कारक हो। तर सहर होस् वा गाउँ, जहाँ पनि मानिसले बाँच्नका लागि सङ्घर्ष गरिरहनु पर्ने तथ्यबोध कालेकी आमालाई हुनुबाट यस कथामा द्वन्द्वले सकारात्मक निष्कर्ष दिएको पाइन्छ। यसलाई कथामा यसरी देखाइएको छ-

*आपद विपद जहीं पनि छ। हो, हुरीले बिगार्‍यो तर अब सबै ठीक बनाइहाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न। आफ्नो घर छ। गोठ छ, गोठमा गाईहरू छ,*

[47]दयाराम श्रेष्ठ, वि सं २०६३, पूर्ववत् पृ-१८६

[48]खगेन्द्रप्रसाद लुइटेल, वि सं २०६०, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ-८५

*बारी छ, बारीमा तीस-चालीस झ्याङ बाँसहरूको छ...हुरीले कति पो बिगार्न सक्छ र? इ: अब गएर बनाइहाल्नुपर्छ... ।*[49]

यस्तै द्वन्द्वयुक्त कथाहरूमा 'जार: भएको कथा' पनि एउटा द्वन्द्वप्रधान कथा हो। सामाजिक नीति-नियम, प्रथा, संस्कार-संस्कृति र लोकमिथक आदिले यस कथामा द्वन्द्वपूर्ण परिवेशको सिर्जना गरेको छ। यस कथामा सामाजिक संस्कारको रूपमा मितेरी साइनोको उल्लेख भएको छ। यस कथाको मूल पात्र-पात्रा ठुली र रूद्रमान यिनै संस्कारको परिबन्दमा परेका छन्। आफ्नी बहिनीहरूको कारण मितेरी साइनो लागेपछि ठुली र रूद्रमानको प्रेम विच्छेद भएको छ। सामाजिक सञ्जालमा बाँधिएकोले गर्दा यिनीहरूले कुनै पनि प्रतिरोध देखाउन सकेका छैनन्। यसको फलस्वरूप बाध्यतावश ठुलीको हर्कजितसँग विवाह हुन पुग्छ। यसै घटनाबाट प्रस्तुत कथामा द्वन्द्व विकसित भएको देखिन्छ। बाध्यतावश विवाहको बन्धनमा बाँधिन पुगेकी ठुली विवाह पछि पनि रूद्रमानलाई बिर्सन सक्तिन। एकातिर सामाजिक मानसम्मान अनि अर्कोतिर आफ्नो प्रेममध्ये एउटालाई रोज्नु पर्ने बाध्यतामा परेर ठुली मानसिक द्वन्द्वले पीडित भएकी छ। यसैले ठुली आफ्नो प्रेम रूद्रमानलाई रोजेर पोइला गएको कारण यी दुई समाजबाट बहिष्कृत बन्न पुगेका छन्। यस कथामा अर्काको पत्नीलाई विवाह गरेको परिणामस्वरूप जारलाई काट्ने लोकमिथकको प्रथालाई मान्दै हर्कजित आफ्नो जारलाई काट्न अघिबढेको देखिए तापनि कथाको अन्त्यमा भने यी दुइको आत्मिक प्रेमलाई हर्कजित स्वयम्ले स्वीकारेको देखिन्छ। यसरी प्रस्तुत कथामा द्वन्द्वको अवसान भएको छ। सामाजिक रीति रिवाज र नीति नियमले गर्दा नै यस कथामा सामाजिक द्वन्द्व देखा परेको छ। यो व्यक्ति र समाजबिचको द्वन्द्वमा आधारित कथा हो।

*विपना कतिपय* कथासङ्ग्रहमा सङ्ग्रहित 'चपरासी' कथामा सामाजिक एवम् पारिवारिक द्वन्द्वको चित्रण पाइन्छ। यस कथाले सामाजिक गतिशीलताको सङ्केत गर्दै

---

[49]इन्द्रबहादुर राई, सन् १९६०, *विपना कतिपय,* दार्जिलिङ, श्याम ब्रदर्श, पृ-१६

निम्नवर्गका मानिसहरूको मूल्यद्वन्द्व प्रस्तुत गरेको छ। यसमा बाह्य देखावटी शान र आडम्बरबाट उत्पन्न हुने विकृति र विसङ्गतिको कारण घर-परिवारहरू नष्ट भइरहेको मार्मिक कथा प्रस्तुत भएको पाइन्छ। यस कथाको मूल पात्रले चपरासी काम गरेर आफ्नो घर-परिवारको व्यवस्था उचित ढङ्गमा निर्वाह गरे तापनि परिवारले आफूलाई चपरासीको सन्तानभन्दा हीनताबोध गर्नुबाट नै कथामा द्वन्द्वको बीजारोपण भएको छ। अलफ्रेड एडलरले मानिसको हीनताबोधलाई पनि द्वन्द्वको एउटा प्रमुख कारण मानेका छन्। यस सन्दर्भमा भन्नु हो भने 'चपरासी' कथामा निहित हीनताबोध नै यस कथामा द्वन्द्वको कारक तत्त्व हो। चपरासी पात्रले आफ्नो स्वाभिमान र स्वअस्तित्वको चेतना स्वरूप यसको विरोध प्रदर्शन गरे तापनि आफ्नै परिवारबाट उ पराजित हुनु परेको चोटले उसको स्वाभिमान र बाबु हुनुको प्रतिष्ठा ढलेको अनुभव गरेको छ। चपरासी काम गरेर नै परिवारको पालन पोषण गरिरहेका चपरासी पात्र आफ्नो छोराको काम भएपछि उसलाई घरपरिवारले मूल्यहीन व्यक्तिको रूपमा अवहेलना गरेको पाइन्छ। यसको कारण ऊ आफैलाई हीन ठान्दै कुण्ठित बन्न पुगेको छ। आफ्नी पत्नी र सन्तानको अपमानजनक व्यवहारले नै ऊ आन्तरिक द्वन्द्वले ग्रस्त भएको हो। यस्तै परिस्थितिबाट द्वन्द्व विकसित हुँदै कथाको अन्त्यमा चपरासी पात्रले आत्महत्या गरेको छ। चपरासी पात्रमा निहित आन्तरिक द्वन्द्वको प्रस्तुतिबाट नै यस कथामा द्वन्द्वले चरम रूप लिएको देखिन्छ।

यस्तै द्वन्द्वप्रधान कथाहरूमध्ये 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथालाई पनि लिन सकिन्छ। यस कथामा विश्वभरि छरिएर बसेका नेपालीहरूको दु:ख-पीडा, सङ्घर्ष, मर्म र व्यथाको जीवन्त प्रस्तुति पाइन्छ। यो कथा वर्षौंदेखि बर्मामा बसोबास गर्दै आएका नेपालीहरू तत्कालीन युद्ध र राजनैतिक अन्यायका कारण बिचल्लीमा परेर बेघर भइ भाग्न विवश बनेको ऐतिहासिक घटनालाई लिएर लेखिएको छ।

प्रस्तुत कथामा तत्कालिन नेपाली जनजीवनको दुर्दशा र दुर्भाग्यको मार्मिक चित्रण गरिएको छ। जापनीहरूको भय र त्रासको कारण भाग्ने क्रममा भोक र बिमारले असङ्ख्य मानिसहरूको मृत्यु हुनुले द्वन्द्वको वीभत्सता देखाएको छ। यस कथाका सम्पूर्ण पात्रहरू आफ्नो बास छोड्नुको पीडा, निरन्तर भूमिगत हुनुको डर, कठिन यात्रा, लाचारी, आफन्तको बिछोड, भोक, शत्रुको त्रास, जीवन र मृत्युबिचको भयावह स्थितिबाट उत्पन्न द्वन्द्वले पीडित देखिन्छन्। यस कथामा मानिसले बाँच्नका निम्ति गर्नु परेको सङ्घर्ष नै द्वन्द्वको प्रारम्भ अवस्था हो। यहाँ प्रकृति र मानिसबिचको द्वन्द्व देख्न सकिन्छ। शत्रुदेखि भाग्नेक्रममा प्रकृति वा नियतिसँग पनि यस कथाका पात्रहरू जुझ्न परेका छन्। बर्खाको झरीले गर्दा बिमार भइ थलिएका तथा बाटोभरि हैजाले मरेका मानिसहरूको लाश छरिएको दर्दनाक दृश्यले कथामा द्वन्द्वात्मक परिस्थितिलाई देखाएको छ। यहाँ युद्धजन्य द्वन्द्व अतिरिक्त प्राकृतिक प्रकोपबाट उत्पन्न द्वन्द्वसँग पनि मानिसहरूले सङ्घर्ष गर्न परेका छन्। यस कथाकी मूल पात्र जयमाया यसै द्वन्द्वबाट पीडित देखिन्छे। बाँच्नका निम्ति भाग्नेक्रममा उसका आमा-बाबाको मृत्यु हुनु अनि ऊ मात्र एक्लै सङ्घर्ष गर्दै लिखापानी आइपुग्नु यस कथामा देखिएको द्वन्द्वको चरम वा उत्कर्ष अवस्था हो। यहाँ द्वन्द्वको नकारात्मक परिणति देखिन्छ। आफ्नो सम्पूर्ण परिवारको मृत्यु भए तापनि जीवनप्रतिको मोहले गर्दा एक्लै सङ्घर्ष गरिरहने मानिसको नैसर्गिक स्वभावको मार्मिक चित्रणले कथा द्वन्द्वात्मक बनेको छ।

*विपना कतिपय* कथासङ्ग्रहमा सङ्ग्रहित 'ज्ञानेन्द्रको कथा' एउटा मनोवैज्ञानिक कथा हो। प्रस्तुत कथा घर-परिवार सम्पन्न पुरुषहरूले अन्य स्त्रीसँग पनि सम्बन्ध राख्न खोज्ने प्रवृत्तिलाई लिएर लेखिएको छ। यस कथाको मूल पात्र ज्ञानेन्द्र यसै प्रवृत्तिको कारण आन्तरिक द्वन्द्वले पीडित बनेको देखिन्छ। यस कथामा घर परिवार बनाउने तर

घर परिवारकै मात्र भएर बाँच्न मन नपराउने, परम्परागत अर्थमा बद्ध तर मानसिक रूपले मुक्त हुन चाहने पुरुष चरित्रलाई चित्रण गरिएको छ।[50] ज्ञानेन्द्र भन्छ-

*मेरो अवस्था अब यस्तो तिरस्कार्य, शायद दयनीय र ग्लानियुक्त भएको छ कि शान्तिसँग हुँदा म उसैलाई चाहान्छु, चन्द्रालाई देखेपछि उसको माया र दुखले द्रवित हुन्छु। फेरि शान्तिसँग हुँदा चन्द्राको माया र याद हुन्छ, चन्द्रासँग बस्दाबस्दै शान्तिलाई सम्झन्छु।*[51]

यसबाट पत्नी (चन्द्रा) हुँदा हुँदै अन्य स्त्री (शान्ति)-सँग सम्बन्ध बनाउने ज्ञानेन्द्र पत्नी र परस्त्रीमाझ एउटालाई छान्नु पर्ने द्वन्द्वमा परेको देखिन्छ। तर कथाको अन्त्यमा भने ज्ञानेन्द्रले घर परिवारतर्फ नै मन लगाएको छ। यहाँ द्वन्द्वले सरल रूप लिएको छ।

### ३.४ हायमनदास राई 'किरात'-को *चौकीदार* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

हायमनदास राई 'किरात' भारतीय नेपाली साहित्यका एकजना परिचित कथाकार हुन्। यिनका प्रकाशित कथासङ्ग्रहहरू यस प्रकार छन्- *चौकीदार* (१९५२), *अभागिनीको साथी* (१९५५), *बिनायो* (१९५६), *बटुवा* (१९५७), *विजय* (१९६१), *आँधी बेहरी* (१९६१), *पंखी* (२०००) आदि। यस अध्यायमा उनको पहिलो कथासङ्ग्रह *चौकीदार*-मा निहित द्वन्द्व पक्षको अध्ययन गरिएको छ। यस कथासङ्ग्रहमा जम्मा नौं वटा कथाहरू सङ्ग्रहित छन्।

*चौकीदार* कथासङ्ग्रहमा सङ्ग्रहित 'चौकीदार' नव दाम्पत्य जीवनमा प्रवेश गरेका पति-पत्नीबिचको कथा हो। आर्थिक समस्याको कारण बाध्यतावश आआफ्ना कार्यमा संलग्न भइ एक-अर्काप्रति समय दिन नसक्नुले नै यस कथामा द्वन्द्वले प्रवेश पाएको छ। यो आन्तरिक द्वन्द्वमा आधारित कथा हो तर यही आन्तरिक द्वन्द्व नै पछि बाह्य द्वन्द्वमा परिणत भएको छ। चौकीदार काम गर्ने चौकीदार पात्रमा नवदुलहीसँग संसर्ग राख्ने तीव्र

---

[50]रमिका थापा, सन् २०१७, *हायमनदास राई किरातका कथामा चित्रित नर-नारी सम्बन्ध: विवेचनात्मक अध्ययन,* शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय पृ-१०९

[51]इन्द्रबहादुर राई, सन् १९६०, पूर्ववत् पृ-११७

इच्छा भए तापनि त्यस इच्छालाई दबाएर रातभरि काममा व्यस्त रहनु पर्ने अवस्था देखिन्छ। यही नवदुलहीसँग समय बिताउन नसक्नुको पीडाले उसलाई सताएको छ भने उसकी पत्नी सिम्मासँग धनबहादुरको फर्साइलो व्यवहारले चौकीदारको मनमा शङ्का उत्पन्न भएको छ। ऊ सिम्माको व्यवहार देखेर नैतिक र अनैतिकबिचको द्वन्द्वमा परेको छ। यो द्वन्द्वको आरम्भ अवस्था हो। यसलाई कथामा यसरी देखाइएको छ-

*सिम्मा धनबहादुरसँग बजार हिँडी। चौकीदार ओछ्यानमा पल्टियो। साथै उसको विचार पनि पल्टयो- के म सिम्माको लोग्ने होइन, के म जवान छैन।... के मसँग मेरो स्वास्नी हिँढ्नु पर्ने होइन...एकछिन एकछिनको भेटबाट के त्यसको मनमा मप्रति प्रेम उब्जेको होला? फेरि यो धनबीर, किन मलाई यतिको छेड हान्छ। अँह, केही कुरा त निश्चय छ। फकाउनु पनि यसैले त फकाइदिएको हो। आइमाईको जात के ठेगाना।...धत्, मैले के विचारेको, मेरी सिम्मा त्यस्ती छैन।*[52]

यो चौकीदारको मनमा उब्जेको मानसिक द्वन्द्व हो। कथामा घटना बढ्दै गएपछि चौकीदारकी पत्नी सिम्मा पनि पतिको संसर्ग नपाएकोले चौकीदारको मित्र धनबहादुरसँग अनैतिक सम्बन्ध राख्न अग्रसर बन्दछे। यो सिम्मामा निहित यौनच्छा र कुण्ठित भावनाको परिणाम हो। यस अनैतिक सम्बन्धको खुलासा भएपछि चौकीदार र धनबहादुरमाझ लडाइँ भएको देखिन्छ। यस घटना पछि चौकीदार र सिम्मामा सम्बन्ध बिग्रदैं गएको छ। तर सिम्मालाई आफ्नो अपराधबोध भएपछि उसले पापको प्रायश्चित गर्दै समर्पण गरेकीले उनीहरूबिचको द्वन्द्व साम्य भएको देखिन्छ। दाम्पत्यमा समस्या ल्याउने यस्ता घटनाहरूले कसरी मन बिथोली दिन्छ र त्यसलाई पुन संगठन गर्न कत्ति प्रयत्नशील बन्नु पर्छ भन्ने कुरा नै यस कथामा पाइने द्वन्द्वको निष्कर्ष हो।

यस्तै द्वन्द्वजनित कथाहरूमा 'गीत मेटिन्छ' बालन र मज्नुको दाम्पत्य जीवनमा आधारित कथा हो। पति-पत्नीबिच आस्था र विश्वास नभए दाम्पत्य जीवनले सफलता प्राप्त

---

[52]हायमनदास राई किरात, सन् २००३, *चौकीदार*, दो. सं, गोरूबथान, कथार्थ प्रकाशन, पृ-४

गर्न सक्दैन भन्ने सन्देश यस कथामा पाइन्छ। बालनले आफ्नो पत्नि मञ्जुलाई विश्वास गर्न नसक्नुबाट कथामा द्वन्द्वको प्रारम्भ भएको छ। उसमान पात्रले यी दुईलाई छुट्याउने षडयन्त्रमा सफलता हासिल गरेको छ भने अनास्था, त्रास र बिछोडमा कथा टुङ्गिएको छ। उसमानको षडयन्त्रमा परेर प्रेम बिछोड हुनु कथामा देखिएको द्वन्द्वको नकारात्मक परिणाम हो। यस कथामा व्यक्ति-व्यक्तिबिचको द्वन्द्व पाइन्छ। व्यक्तिको स्वार्थपन र अहम्को कारण यस कथाका पात्रहरू पीडित बनेका छन्। मञ्जुलाई आफ्नो पति बालनले विश्वास नगरेर जीवनभरिको लागि उसलाई त्यागी दिएको छ। यसकारण मञ्जु गीत गाउदै आफ्नो पतिलाई खोज्दै हिड्छे। यसक्रममा उसले भोग्नु परेको दु:ख र सङ्घर्ष अत्यन्त मार्मिक छ। यस कथामा दाम्पत्य जीवनमा देखिएको आन्तरिक द्वन्द्वलाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ।

*चौकीदार*मा सङ्कलित 'केशर' कथा भारत स्वतन्त्रपूर्वको घटनालाई लिएर लेखिएको छ। यस कथामा द्वन्द्व वीभत्स रूपमा देखा परेको छ। यो समुदाय-समुदायबिचको द्वन्द्वमा आधारित कथा हो। यस कथामा जातीय र सम्प्रदायिक द्वन्द्वको चपेटमा परेर असङ्ख्यौ मानिसहरूको प्राण सङ्कटमा परेको मार्मिक कथा प्रस्तुत गरिएको छ। गुन्डा र स्वतन्त्रताकारीबिच भएको लडाइँ र झगडामा दुवै पक्षका मानिसहरूले प्राण गुमाएका छन्। हत्या, बलात्कार, काटमार, लुटजस्ता हिंसात्मक परिवेशले उत्पन्न गराएको त्रास, भय र सङ्घर्षमा बाह्य द्वन्द्व प्रबल रूपमा प्रस्तुत भएको देखिन्छ। यस कथाको मूल पात्र केशर पनि स्वतन्त्रताकारी भएको उसले आफ्नो मानिसहरूका लागि गरेको लडाइँ र सङ्घर्ष गर्दा गर्दै आफै द्वन्द्वको चपेटमा परेको छ। आफ्नी पत्नीलाई गुन्डाहरूले अपहरण गर्नु र पत्नी बेपत्ता हुनको पीडाले ऊ ग्रसित देखिन्छ। तर कथाको अन्त्यमा उनीहरूको मिलन हुन्छ। यहाँ द्वन्द्वले सकारात्मक अवस्थामा टुङ्गिएको छ।

'प्रतिशोध' कथा पारिवारिक द्वन्द्वमा आधारित छ। यस कथाको मूल पात्र हर्कराज सम्पन्न परिवारमा जन्मिएको भए तापनि बाबुको मृत्युपछि आफ्नै दाज्यु-भाइबाट शोषित भइ जीवनभरि दु:ख-कष्ट झेल्नु परेको कारण द्वन्द्वले ग्रसित भएको देखिन्छ। हर्कराजको आन्तरिक द्वन्द्व प्रतिशोधमा बद्लिएको छ। आफ्नो घरमा आएको परदेशीलाई आर्थिक रूपमा शोषण गरी प्रतिशोध लिएपछि हर्कराजमा निहित द्वन्द्वको अवसान भएको पाइन्छ। कथामा देखाइएको परदेशी पात्र वास्तवमा हर्कराजको दाजु-भाईको सन्तान भएकोले उसलाई शोषण गरेर प्रतिशोध लिएको होला भन्ने कुरालाई कथामा स्पष्ट रूपमा नदेखाइए तापनि पाठकले अनुभव गर्न सक्छन्।

**३.५ विन्ध्या सुब्बाको *शीतलहर* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग**

कथा, कविता र उपन्यास लेखनमा समर्पित नारी हस्ताक्षर विन्ध्या सुब्बा वर्तमान चर्चित नाम हो।[53] यिनको आजसम्म प्रकाशित कथासङ्ग्रहहरू हुन्- *कथाक्रम* (१९८४), *हस्पिस* (२००३), *शीतलहर* (२०१३) आदि। *शीतलहर*-मा जम्मा सोह्र वटा कथाहरू समाविष्ट छन्। यसै *शीतलहर* कथासङ्ग्रह भित्रका कथाहरूलाई प्रतिनिधि मान्दै यस अध्यायमा द्वन्द्व पक्षलाई निम्नप्रकारले हेर्ने प्रयास गरिएको छ-

'शीतलहर' नारी समस्यामा केन्द्रित कथा हो। आर्थिक विपन्नताले गर्दा भीख माग्दै जीविका चलाउने लाटी पात्रा माधुरीको जीवनलाई लिएर लेखिएको प्रस्तुत कथामा आजका युगको विकृतिपूर्ण स्थिति देखाइएको छ। निम्नवर्गकी नारी पात्रा माधुरीले भोग्न परेको विवशता, उत्पीडन, दमन र शोषणको घटनाले समाजमा भइरहेका नारी उत्पीडनलाई प्रतिनिधित्व गरेकी छ। कथामा असहाय र एक्ली ठानेर उसलाई यौन भोग गर्ने पुरुषहरूको बर्बरतापूर्ण चरित्रलाई उद्घाटन गरिएको छ। यस कथामा व्यक्ति-व्यक्तिबिचको द्वन्द्व देखिएको छ। यस्तो द्वन्द्वमा व्यक्ति आफ्नो विरोधी व्यक्तिसँग सङ्घर्ष गर्ने गर्दछ। आफ्नो नारीत्व र मातृत्वको रक्षा गर्नेक्रममा माधुरीले अनेक सङ्घर्ष गरे

---

[53]घनश्याम नेपाल, सन् १९८९, पूर्ववत् , पृ-२५०

तापनि सफल बन्न सक्तिन। यसको फलस्वरूप ती निर्दयी पुरुषहरूको भोग्या बन्दै उसको मार्मिक हत्या गरिएको छ। यसरी एउटी लाटी र असहाय नारीप्रति अत्याचार र अन्याय भएको घटनाले नारी जातिले समाजमा बाँच्न कठिन परिरहेको यथार्थको सफल चित्रण गरेको पाइन्छ।[54] माधुरीलाई शारीरिक उत्पीडन, यौन भोग र बलात्कार गरी जघन्य हत्या गरिएको परिस्थितिलाई बाह्य द्वन्द्वको चरम रूप मान्न सकिन्छ।

*शीतलहर* कथासङ्ग्रहको द्वन्द्वयुक्त कथाहरूमध्ये 'ईश्वरी' बालमनोविज्ञानमा आधारित कथा हो। प्रस्तुत कथामा आन्तरिक द्वन्द्वको प्रबलता पाइन्छ। यस कथाको मूल पात्रा ईश्वरी आफ्नै आमाद्वारा बेचिएकी शोषित बाल पात्रा हो। आर्थिक समस्या नै यस कथामा देखिएको द्वन्द्वको मूल कारक हो। यसको कारण नै ईश्वरीले सानै उमेरमा आर्थिक समस्यासँग जुझ्दै बालश्रम गर्नु परेको हो। आफ्ना कतिपय इच्छाहरूलाई बाध्यतावश दबाउनु पर्ने परिस्थितिले उसलाई द्वन्द्वग्रस्त बनाएको छ। ईश्वरीले आफ्नो यस अवस्थाको सम्पूर्ण जिम्मेवार आफ्नी आमालाई नै मानेकी छ। खेल्ने उमेरमा बाध्यतावश बालश्रम गर्नु परेकोले आदिवासी पात्रा ईश्वरीको मनमा आफ्नो आमाप्रति घृणा र आक्रोशसहित द्वन्द्व उत्पन्न भएको देखिन्छ। यसै द्वन्द्वको कारण उसमा बालमनोविकृतिको विकास भएको पाइन्छ। एकान्तमा बसिरहनु, एक्लै हाँस्नु, एक्लै गुन-गुनाउनु, आमाप्रतिको आक्रोशलाई भित्तामा हिर्काउदै व्यक्त गर्नुबाट बालमस्तिष्कमा परेको द्वन्द्वको विकृत रूप मान्न सकिन्छ। यस कथामा ईश्वरीको दुइ वटा रूप देखिन्छ। ऊ आफ्नो मालिकसँग राम्रो स्वभाव देखाउँछे भने ऊ एकान्तमा हुँदा उसको बेग्लै रूप देखिन्छ। ईश्वरीको अन्तर्मनमा निहित द्वन्द्वको विकृत अवस्थालाई कथामा यसरी चित्रण गरिएको छ-

[54]गीता छेत्री, सन् २०१०, *विविध विवेचनाहरू*, दार्जिलिङ, सिस्टम्याटिक कम्प्युटराइज अफसेट प्रिन्टर्स, पृ-७०

*मैले चेपबाट हेरेँ, उ भाँडा माझ्न छोडेर हावामा कसैलाई मुक्का हान्दै थिई। फेरि बसी बसी एकपटिको लात उचाली। पछिबाट चिहाएकीले गर्दा मैले केवल हातखुट्टा चलाएकी मात्र देख्थे, अनुहारको भाव देखिरहेकी थिइनँ। फेरि जुरुक्क उठी र कम्मरमा हात लगाएर अचेलको फिल्मी परामा जस्तो नाँच्नथाली। रातको समय शूनशान त्यो घरमा केवल ईश्वरी र म, उसमाथि फेरि उसको यस्तो चालामाला! मलाई एकप्रकारको डर लागेर आयो।*[55]

यस्तै द्वन्द्वयुक्त कथाहरूमा 'आँगनमा जुन पोखिने त्यो तिम्रो घर' कथा मनोवैज्ञानिक द्वन्द्वले भरिएको कथा हो। आत्मसम्मान एवम् स्वाभिमानको कारण आफ्नो प्रेमलाई दबाएर राख्नु अनि दमित भएका ती इच्छाहरूले परिपूर्तिको साधन नपाउनु यस कथामा देखिएको द्वन्द्वको मूल बीज हो। यस कथाको मूल पात्रा साबी असफल प्रेमको द्वन्द्वले पीडित भइ पागल बन्न पुगेकी छ। यहाँ साबीमा निहित मानसिक कुण्ठाले नै आन्तरिक द्वन्द्वलाई विकसित गरेको छ। यसैको नकारात्मक असर भइ साबी पागल बन्न पुग्नु यस कथामा देखिएको द्वन्द्वको परकाष्ठा हो।

यस्तै नारी चेतनामा आधारित कथाहरूमा 'बन्दिनी' कथा पनि एक हो । यस कथामा वर्तमान समयका युवा पीढीको विसङ्गतिपूर्ण क्रियाकलापको चित्रण भएको छ। मातृत्व प्रेमको महत्त्व नबुझ्ने छोरा पात्र गौरवले ड्रग्स र मादक पदार्थमा लिप्त भइ आफ्नो आमालाई शोषण र अत्याचार गरेको देखिन्छ। कथामा छोराले आमा पात्रालाई कुटपिट गर्ने, मार्न खोज्ने प्रवृत्तिबाट त्रासमय स्थिति उत्पन्न भएको छ। यसै घटनाबाट द्वन्द्व विकसित हुँदै गएको छ। छोराको यस्तो प्रवृत्तिबाट पीडित आमा पात्राको मनमा उत्पन्न द्वन्द्व चरमबिन्दुमा पुगी आफ्नै छोराको हत्या गरेकी छ। यो मातृत्व र नारीत्वबिचको द्वन्द्व हो। यहाँ आफ्नो सन्तानप्रति अत्यन्त प्रेम भए तापनि एउटी

[55]विन्ध्या सुब्बा, सन् २०१३, *शीतलहर,* काठमाडौं, ल्टिमेट हाई-टेक प्रेस प्रा.लि. पृ-४२

नारीमाथि भएको शोषणलाई नारीले कदापि सहन गर्न सक्दैन भन्ने विचार प्रस्तुत भएको छ। यस कथामा नारी अस्मिताको गरिमालाई नारी स्वयम्ले नै सुरक्षित राख्न सक्छे भन्ने भावलाई देखाइएको छ। यसैले उसको अचेतनमा निहित नारीत्वबोधले गर्दा आफूप्रति भएको शोषण विरूद्ध आफ्नै छोराको हत्या गरेकी देखिन्छ। यहाँ आन्तरिक द्वन्द्वले बाह्य द्वन्द्वको रूप लिएको छ।

## ३.६ मटिल्डा राईको *टोटलाको फूल* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

मटिल्डा राई भारतीय नेपाली साहित्यको एकजना परिचित कथाकार हुन्। लक्खीदेवी सुन्दासको विचारमा मटिल्डा राई नेपाली जगत्मा नौलो होइन तर अहिलेसम्म चाँडै पुरानो भइसकेको एउटा थप नाम हो र एक दुइ वटा कथा लेखेर नै ख्याति आर्जन गर्न सक्नु उनको निम्ति एउटा ठुलो उपलब्धि हो।[56] उनका आजसम्म प्रकाशित कथासङ्ग्रहहरू हुन्- *टोटलाको फूल* (१९७६), *माई ड्याडी* (१९८६) आदि। *टोटलाको फूल* कथासङ्ग्रहमा जम्मा सोह्र वटा कथाहरू सङ्ग्रहित छन्। यस अध्यायमा द्वन्द्व पक्षका आधारमा ती कथाहरूको अध्ययन गरिएको छ।

मटिल्डा राईको 'टोटलाको फूल' कथामा पवित्रतालाई टोटलाको फूलको प्रतीक बनाइएको छ। जसरी टोटलाको फूल भँवराले रस चुस्नुभन्दा अघि राती फूलेर राती नै झर्ने प्राकृतिक नियम छ, त्यसैलाई प्रतीक बनाएर वासनाले लिप्त 'म' पात्रको दाजुले सोनामणिलाई छुनुभन्दा अघि सोनामणिले आत्महत्या गरेकी प्रसङ्गबाट पवित्रता र वासनाबिचमा द्वन्द्व देखाइएको छ। यही वासना परिपूर्तिको साधन सोनामणिलाई बनाउन खोज्नुबाट यस कथामा द्वन्द्वले प्रवेश पाएको छ। यसै द्वन्द्वको नकारात्मक परिणति सोनामणिको मृत्यु हो। अविनाश श्रेष्ठको विचारमा सनातनकालदेखि चलिआएको मानिस-

[56]मटिल्डा राई, सन् १९७६, *टोटलाको फूल,* दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, पृ-१

मानिसमाझको विभेद तथा मानिसले मानिससित गर्ने भेदभावको संस्कृतिलाई सारवस्तु बनाई लेखिएको टोटलाको फूल एउटा सुन्दर, मर्मस्पर्शी कथा बन्न पुगेको छ।[57]

*टोटलाको फूल* कथासङ्ग्रहमा सङ्ग्रहित 'पगली' कथा आन्तरिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा विपन्न परिवारमा जन्मेकी नीलू र उसको आमालाई षडयन्त्रपूर्वक छुट्याइएको छ। नीलूको उज्जवल भविष्यको लोभ देखाएर मातृत्व प्रेमबाट वञ्चित गराउदै उसलाई आफ्नो सन्तान बनाउन चाहने डाक्टर दम्पतिका षडयन्त्रले गर्दा नै यस कथामा द्वन्द्वले प्रवेश पाएको देखिन्छ। सन्तान बिछोडको पीडालाई खप्न नसकी आमा पात्र नीलूकै वरिपरि बस्न भिखारिणीको छद्मभेष धारण गरेकी छ। तर समय बित्दै गएपछि नीलूले आफ्नी आमालाई बिर्सिएकी देखिन्छ। कथाको अन्त्यमा नीलूले पनि आमालाई माग्नेलाई जस्तो व्यवहार गरेपछि आमा पात्र साँच्चैको पगली बनेकी देखिन्छ। छोरीको बिछोडले पीडित भएकी आमाको सङ्घर्षपूर्ण अवस्था यस कथामा देखिएको द्वन्द्वको आरम्भबिन्दु हो भने छोरी नीलूले आफ्नी आमालाई नचिनेर पगलीलाई झैं अपमान गर्नुले आमा पात्र कथाको अन्त्यमा पगली बन्नु जस्तो घटना यस कथाको द्वन्द्वको चरमबिन्दु बन्न पुगेको छ। यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ-

*वृद्धा उसको कुरा सुनेर भन्छे, "छोरी नीलू, म माग्ने होइन म त तेरी आमा हुँ नानी, तेरी आमा।" नीलू भन्छे, "तँ पगली बूढी मेरी आमा? जा उता नभए एक थप्पडले तेरो होश खोलिदिन्छु।" र पनि वृद्धा त्यहाँबाट हट्दिन। आज उ आफ्नो भाग्यको फैसला गर्नलाई तत्पर भएर आएकी छे। भन्छे "म पगली होइन नानी, तेरै मायाले यस्ती भएँ। मलाई चिन् छोरी !" अनि नीलूलाई अँगाल्न अघि बढ्छे तर नीलू उसलाई घचेडिदिन्छे अनि भन्छे "जा मर् पगली।"* [58]

[57]अविनाश श्रेष्ठ, वि सं २०६४, *आधुनिक भारतीय नेपाली कथा,* काठमाडौं, साझा प्रकाशन, पृ-३७७
[58]मटिल्डा राई, सन् १९७६, पूर्ववत्, पृ-२८

यस उद्धरणबाट छोरीको मायाले मर्माहत बनेकी आमाको कोमल ममता र आत्मीयता नचिनेकी छोरीले आफ्नी आमालाई बिर्सिएको देखाएर सुख सम्पतिका अगाडि ममताको मूल्यलाई अवमूल्यन भएको यथार्थ प्रस्तुत भएको छ।

यस्तै द्वन्द्वप्रधान कथाहरूमा 'त्रिया चरित्र' कथा पारिवरिक द्वन्द्वमा आधारित कथा हो। बहुविवाह र सौता विवादमा लेखिएको यस कथामा आफ्नो सन्तान नहुनुको पीडा र सौताप्रतिको डाह अनि ईर्ष्याले यस कथाकी मूल पात्रा जेठी द्वन्द्वग्रस्त बनेकी छ। सन्तान नभएको कारण पतिले सौता ल्याउनुबाट नै यस कथामा द्वन्द्वको बीजारोपण भएको देखिन्छ। सौताको आगमनपछि जेठी स्वास्नीमा निहित नारी सुलभ गुणहरू बिस्तारै कठोरतामा परिणत हुँदै गएको छ। यसरी उ शोषक र अत्याचारी हुनुको मूल कारण मानसिक द्वन्द्वको तीव्रतालाई मान्न सकिन्छ। यहाँ जेठीमा निहित द्वन्द्व नै कथाको मूल द्वन्द्व हो। यही द्वन्द्वको कारण जेठीले आफ्नो सौता र उसको बालकलाई शोषण गरेकी हो। यस कथामा द्वन्द्वको निष्कासनको लागि जेठीले परपीडक वृत्तिलाई अँगालेकी छ। तर कथाको अन्त्यमा सौताको मृत्युपछि उसको बालकलाई आफ्नो सम्पूर्ण प्रेम अर्पण गर्नु सन्तानप्रतिको उत्कट चाहना देखिएको छ। जेठी स्वास्नीको शोषकवृतिलाई कथामा यसरी देखाइएको छ-

*नानी अति दुब्लो छ- शायद खाना नपाएर। आमाचाँहि पनि बिमारी छे। गाईको दुध काकी स्वयं काकी पिउँछे, नानीलाई देखाउँदै। लोग्नेले केही भने युद्धको बिगुल बज्छ-डेक्ची, कराही, डाडु पनिउँ- ड्याँग-डुंग। त्यसपछि फेरि युद्धको सुरु- च्याँ-च्याँ ! लात हानेको आवाज। जगल्टा लुछालुछ। यो युद्धमा संधि नभइ युद्धको विराम पनि हुन्छ। नानी एकातिर उछिट्टिएर रोइरहेको हुन्छ प्राण परेर। कान्छी स्वास्नी आफ्नो वेदना भुलेर नानी फकाउन थाल्छे। जेठी काकी विजयको पताका उडाउँदै घरघर डुलेर युद्धको विवरण दिन्छे।*[59]

[59]ऐजन, पृ-३३-३४

आफ्नै शोषणको कारण मरणासन्न अवस्थामा पुगेका सौता र नानीलाई देखेर जेठी भन्छे- *अब यिनीहरू मरेपछि बल्ल शान्ति पाउँछु।*[60] यस्तो कथनबाट जेठी स्वास्नीको अन्तर्मनमा निहित द्वन्द्वलाई अनुभव गर्न सकिन्छ किनभने जेठीको यस्तो हिंस्रक प्रवृत्ति नारी सुलभ गुणका विपरीत छन्। उसमा निहित सौताप्रतिको ईर्ष्या र जलन स्वरूप उब्जेका आन्तरिक द्वन्द्वले नै कथामा बाह्य द्वन्द्वको सिर्जना भएको देखिन्छ।

द्वन्द्व उत्पन्न हुने विभिन्न कारण मध्ये वर्गीय द्वन्द्व पनि एउटा हो। *टोटलाको फूल* कथासङ्ग्रहमा सङ्ग्रहित 'नयाँ बिहान' कथामा यस्तै धनी र गरिबबिचको वर्गीय द्वन्द्व पाइन्छ। यस कथामा धनी र गरिबको भेदभावले द्वन्द्व उत्पन्न गराएको छ। यस कथाको मूल पात्र सरोज र मूल पात्रा सुष्मा हो। धनी परिवारको छोरा सरोज र चियाकमानकी मजदुरकी छोरी सुष्माबिचको प्रेमसम्बन्ध यसै वर्गीय भेदभावको कारण विच्छेद भएको देखिन्छ। धनी समाजको रहन-सहन थाहा नभएकी सुष्मा उनीहरूबाट अपमानित बन्न पुगेकी छ। यसै अपमानको जलन सहन नसकी द्वन्द्वले उद्वेलित सुष्माले जीवनलाई नयाँ प्रकारले बाँच्ने उपाय खोज्दै स्वतन्त्र सेनामा भर्ना लिएकी छ। यस कथामा एकातिर द्वन्द्वले सकारात्मक रूप लिएको देखिन्छ भने प्रेमको असफलताबाट भाग्ने सुष्माको आन्दोलित मनले नयाँ जीवन बाँच्न अर्को मोड लिएकीबाट द्वन्द्वको स्थिति भने यथावत रहेको देखिन्छ। द्वन्द्व विनाशक तत्त्व मात्र होइन तर प्रेरक तत्त्व पनि हो भन्ने कुराको पुष्टि यहाँ भएको छ।

### ३.७ पूर्ण राईका *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

पूर्ण राई भारतीय नेपाली साहित्यका एकजना परिचित कथाकार हुन्। सन् १९६६ मा प्रकाशित 'धुँवा' उनको पहिलो प्रकाशित कथा हो। हालसम्म उनका प्रकाशित कथासङ्ग्रहहरू हुन्- *सिमलको भुवा* (१९७०), *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा* (१९८५), *फूल झरेको पत्रदल* (१९९३) आदि। *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा*

---

[60]ऐजन, पृ-३४

कथासङ्ग्रहमा बाह्र वटा कथाहरू सङ्ग्रहित छन्। ती कथाहरूमा प्रयुक्त द्वन्द्वको अध्ययन यसप्रकार गरिएको छ-

पूर्ण राईको *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा* कथासङ्ग्रहमा समाविष्ट 'गल्ली, गल्ली, गल्ली' कथामा वर्तमान युगको चित्रण पाइन्छ। यस कथामा आजको युगको बढ्दो होडबाजीमा स्वार्थी बन्दै जीविका चलाउन बाध्य भएका मानिसहरूको मार्मिक कथा प्रस्तुत गरिएको छ। वर्तमान समयमा मानवता र सम्वेदना हराउँदै गएका मानिसहरूको विसङ्गतिपूर्ण जीवनमा आधारित यस कथामा निस्सारता र निरर्थकको प्रस्तुति व्यापक रूपमा भएको छ। यस कथाका पात्रहरू यसै विसङ्गतिपूर्ण स्थितिले उत्पन्न गरेको त्रास र द्वन्द्वबाट पीडित छन्। सहर बजारको दैनिक जीवनको क्रियाकलाप देखाउदै आजका मानिस आफ्नै वरिपरिका परिवेशबाट त्रसित र भयभित रहेको यथार्थलाई यसरी प्रस्तुत गरिएको छ-

*साँझ खस्छ - चालीस भोल्टका बल्बहरू रमाउँछन्- छोरोको शोकमा आमा रून थाल्छिन्। छोरी हराइ भन्दै बाबु चाहिँ बाहिर जान तम्सिन्छ। 'बाहिर नजाउ' भन्दै शोकाकुल पत्नी पतिको बाटो छेक्छिन्। बिहान अफिस गएको बाबु रात परेर पनि घर नआउँदा घरमा खाना पाक्दैन। खिडकीबाट बाहिर हेरि पठाउँछ- करूण आँखाहरू राइफलधारी सैनिकहरूसँग ठोकिन पुग्छन्- चिसो हृदयको उच्छ्बास फुस्किन्छ- क्फ्यु।*[61]

यस्तै द्वन्द्वजनित कथाहरूमा 'लेख्नु पर्ने एउटा प्रेम पत्र' कथा युद्धको द्वन्द्वजन्य घटनालाई आधार गरेर लेखिएको कथा हो। मुक्ति आन्दोलनमा लड्ने अनेकौं सैनिकहरूको पीडा र व्यथालाई यस कथामा मर्मशील ढङ्गमा प्रस्तुत गरिएको छ। यस कथामा वर्णित युद्धबाट उत्पन्न संत्रास, भय, मृत्युको वीभत्सता र हिंसात्मक दृश्यलाई बाह्य द्वन्द्वको सबल प्रस्तुति मान्न सकिन्छ। यस कथामा सलीमले आफ्नी प्रेमिका

[61]पूर्ण राई, सन् १९८५, *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा,* गान्तोक, दीपक प्रेस पृ-११

सलमालाई युद्धभूमिबाट चिठ्ठी लेखेको छ, जसमा युद्धको वीभत्स परिवेशको चर्चा गर्दै स्वतन्त्र भूमिको कल्पना गरेको पाइन्छ। तर सलीम पनि त्यही युद्धको चपेटमा परेर मृत्यु भएको छ।

पूर्ण राईले सामाजिक द्वन्द्वमा आधारित कथाहरू पनि लेखेका छन्। द्वन्द्वका विभिन्न भेदमध्ये सामाजिक द्वन्द्व पनि एक हो। यस्तो द्वन्द्वमा समाजका परम्परागत मान्यता र रूढिले मानिसलाई द्वन्द्वग्रस्त बनाएको हुन्छ। *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा* कथा सङ्ग्रहित 'देखेको यो कथा' कथामा सामाजिक द्वन्द्व देख्न सकिन्छ। प्रस्तुत कथामा समाजमा विद्यमान जात-पात र छुवाछुतको प्रथाले ल्याएको भेदभाव अनि आर्थिक समस्याले गर्दा द्वन्द्व उत्पन्न भएको छ। ठुलो र सानो जातबिच, धनी र गरिबबिचको द्वन्द्व यस कथामा प्रस्तुत भएको छ। यसैले गर्दा यस कथाको मूल पात्र-पात्रा जेठा र जेठीको मनमा हीनताबोध उत्पन्न भइ द्वन्द्वग्रस्त भएको देखिन्छ। उनीहरू पानी नचल्ने जात भनी हेपिएका छन्। कुनै पनि समूहमा बस्दा उनीहरू सधैँ शोषित र अपमानित बन्नु पर्ने पीडा नै यस कथाको द्वन्द्वको बीज हो। यहाँ व्यक्ति र समुदायबिचको द्वन्द्व देख्न सकिन्छ।

'आजकल उ यहाँ पनि छैन' यस्तै सामाजिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा पतिको मृत्यु पछि वैधव्य जीवन बाँच्न बाध्य भएका नारीहरूले भोग्नु पर्ने पीडा, व्यथा र शोषणको मार्मिक चित्रण प्रस्तुत गरिएको छ। सासु-नन्द अनि समाजबाट माया, प्रेम, सान्त्वना र सहयोग प्राप्त गर्नुको सट्टा तिरस्कार, हेयभाव सहन बाध्य यस कथाकी मूल पात्रा सानु पति वियोगको पीडा र शोषणको चापमा परेर आन्तरिक द्वन्द्वले ग्रसित देखिन्छे। यही द्वन्द्वको नकारात्मक परिणामले नै सानु पगली बनेकी छ। सानुको पतिको मृत्यु हुनु नै यस कथामा द्वन्द्वको प्रारम्भ अवस्था हो भने त्यसको कारण सबैले उसलाई हेला गर्नु, शोषण गर्नु द्वन्द्वको विकास अवस्था हो। यही द्वन्द्व नै पछि चरम अवस्थामा पुगेर सानु पगली हुनु यस कथामा देखिएको द्वन्द्वको निष्कर्ष हो।

पूर्ण राईले मनोवैज्ञानिक द्वन्द्वमा आधारित कथा पनि लेखेका छन्। उनको 'जय विजय' कथा एउटा मनोवैज्ञानिक कथा हो। यस कथामा फूटबल खेलमा भएको सामान्य बाझाबाझले लामा बाबु र पिउन कान्छा मानसिक द्वन्द्वको सिकार बनेका छन्। एका अर्काप्रति कुनै रिसराग नभए तापनि खेलको उन्मादमा परस्परमा प्रतिस्पर्धी बनेर बाझाबाझ गरेको कारण दुवै पात्र ग्लानी र पश्चातापले ग्रसित भएका देखिन्छन्। यस कथामा दुवै पात्रको मनोद्वन्द्व प्रबल रूपमा देखिन्छ। आफ्नो कर्मचारीलाई अन्जानमा गरेको अपमान अनि तिरस्कारले लामा बाबु र पिउन कान्छा आन्तरिक द्वन्द्वले पीडित बनेका छन्। आफ्नो भूलको प्रायश्यित गर्न अनेक उपायहरू खोज्नुबाट यिनीहरूको मनोद्वन्द्व प्रकट भएको देखिन्छ। तर दुवैले आ-आफ्नो भुलको प्रायश्चित गर्दै परस्परमा सम्झौता गरेकाले द्वन्द्व साम्य भइ कथा टुङ्गिएको छ।

### ३.८ सानु लामाको *कथा सम्पद्* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

सानु लामा भारतीय नेपाली साहित्यका एकजना परिचित कथाकार हुन्। उनको वास्तविक नाम गरूडसिंह लामा हो। उनी थोरै कथा लेखेर धेरै प्रसिद्धि कमाउन सफल भएका छन्।[62] हालसम्म उनको प्रकाशित कथासङ्ग्रहहरू हुन्- *कथा सम्पद्* (१९७१), *मृगतृष्णा* (१९९०), *सूर्यको तेस्रो किरण* (२००८) आदि। यस अध्यायमा उनको *कथा सम्पद्*-मा निहित कथाहरूमा पाइने द्वन्द्व पक्षको अध्ययन गरिएको छ।

*कथा सम्पद्* कथासङ्ग्रहमा सङ्ग्रहित 'स्वास्नीमान्छे' कथा आन्तरिक द्वन्द्वमा आधारित कथा हो। प्रस्तुत कथा कुल्ली काम गरेर जीविका निवार्ह गर्ने ठुलेकान्छा र ठुलीकान्छीको दाम्पत्य जीवनलाई लिएर लेखिएको छ। यस कथामा सबैसँग मिलनसार स्वभाव भएकी ठुलीकान्छीको चरित्रले ठुले कान्छाको मनमा शङ्का उब्जाएको देखिन्छ। यसैबाट कथामा द्वन्द्वको प्रारम्भ भएको छ। ठुलेकान्छा सम्झन्छ- *ठुलीकान्छी जुँगै नभए पनि कसरी यस्ता काम गर्न सकेकी! आफ्नो लोग्नेलाई छाडेर मिङमासँग चिया दोकानमा*

[62]कल्पना त्रिपाठी, सन् २०१६, *सानु लामाका कथामा समाज,* सिलगढी, विनायक प्रकाशन, पृ-५

*पसेर चिया पिइ-त्यो पनि आज शुक्रबार, हाटको दिन! अहिले हर्मनींमा गीत गाउँदैछे। देश गुणाको भेष भनेको ठीकै रहेछ।*[63] यसरी आफ्नी पत्नी परपुरुषसँग हाँसेको, बोलेको अनि गाएको देख्दा ठुले कान्छाको मनमा उत्पन्न शङ्काको बीज अझ बढ्दै गएको छ। यसैको फलस्वरूप ठुले मानसिक द्वन्द्वले पीडित बनेको देखिन्छ। उसको अवस्थालाई कथामा यसरी चित्रण गरिएको छ-

*गाउन गाउ, कान्छी! तिमीले गाएको साह्रै राम्रो लागेको छ। कुनै एउटा मान्छेको स्वर थियो। ठुलो कान्छाको छाती चरक्क चिरियो। बजार, घर, मानिस सबै फन्फन्ती घुमे झैं लाग्यो। बेसी भएपछि लड्छु होला भए झैं उ सिढी चढेर बाटोमा निस्कयो।*[64]

यसरी ठुले आफ्नो मनको शङ्काले गर्दा नै मानसिक द्वन्द्व पीडित बनेको छ। तर कथाको अन्त्यमा भने ठुलीको चरित्रमा निश्छलता र पातिव्रत्यको उद्‌घाटनले उसको द्वन्द्व साम्य भइ प्रेमको विजय भएको देखिन्छ।

यस्तै दाम्पत्य जीवनको कथाहरूमा 'फूर्बाले गाउँ छोड्यो' कथा परस्परमा असाध्य प्रेम गर्ने दम्पतिको कथा हो। यस कथामा पत्नीको मृत्युले मर्माहत बनेको पति फूर्बा आन्तरिक द्वन्द्वले ग्रस्त देखिन्छ। गोमतीको मायाले गर्दा घरमा बस्न नसकी फूर्बाले गाउँ छोड्नु उसको मनमा निहित द्वन्द्वका कारणले नै हो भन्न सकिन्छ। यहाँ आफ्नो घर गाउँ छोड्नु फूर्बाको आन्तरिक द्वन्द्वको परिणति हो। फूर्बाले गाउँ छोड्दा आफ्नै घरभित्रबाट गोमतीले बोलाएको जस्तो लाग्नु, बाटोमा पनि गोमती र उसको प्रेमसम्बन्धबारे सम्झी रहनु, गोमतीको लागि माने बनाइदिनु आदिले फुर्बामा निहित गोमतीप्रति माया र त्यस मायाको बिछोडबाट उत्पन्न कुण्ठा र द्वन्द्व देख्न सकिन्छ।

[63]सानु लामा, सन् १९९५, *कथा सम्पद्*, दो. सं. वाराणासी, माडर्न दीपक प्रेस, पृ- ५-६
[64]ऐजन, पृ-५

यस्तै द्वन्द्वप्रधान कथाहरूमा 'कमला' पनि एउटा द्वन्द्वयुक्त कथा हो। प्रस्तुत कथामा राजतन्त्रकालीन सिक्किमेली जनतामाथि सामन्तीहरूले गरेको शोषण, अन्याय र अत्याचार प्रस्तुत गरिएको छ।[65] यस कथामा शोषक र शोषितबिच द्वन्द्व देखिन्छ। मगनी भइ विवाह हुन लागेको कमलाको जीवन र उसको नारीत्वमाथि आक्रमण गर्ने रायबहादुर साहबले षडयन्त्रपूर्वक कमलालाई बलात्कार र शोषण गरेको छ। बलाकृत र शोषित कमलाले अपमानलाई सहन नसकी आत्महत्या गर्नुमा द्वन्द्वको नै पराकाष्ठा देख्न सकिन्छ। यहाँ कमलाले आफूमा भएको शोषणको विरूद्ध आवाज उठाउनुको सट्टा आत्महत्या गरेकी छ। कमलामा फ्रायडद्वारा प्रतिपादित स्वपीडक वृत्तिको प्रभाव देखिन्छ। कमलाको मृत्यु नै कथामा देखिएको द्वन्द्वको निष्कर्ष हो। कमलाको मृत्युको कारण उसलाई प्रेम गर्ने मास्टर पात्रको मनमा पनि द्वन्द्वको प्रत्यक्ष प्रभाव परेको देखिन्छ। यसको कारण नै उसले कमलालाई सम्झन्दै बुढेसकालसम्म एक्लै जीवन व्यतीत गरेको छ। यस कथामा द्वन्द्वले सम्पूर्ण पात्रहरूको जीवनलाई नकारात्मक असर पारेको देखिन्छ।

'तृषित मरूद्यान' कथा आन्तरिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा सन्तान सुख प्राप्त नभएका दम्पतिका जीवनलाई लिएर लेखिएको छ। यस कथाको मूल पात्र-पात्रा कीर्तिमान र बाठी सन्तान नहुनु पीडाले ग्रसित छन्। यसै पीडा र चिन्ताबाट कथामा द्वन्द्वले प्रवेश पाएको देखिन्छ। सन्तानसुख प्राप्ति हेतु अनेकौं प्रयास गरे तापनि सदैव हार स्वीकार्न बाध्य बनेका यी दम्पति आन्तरिक द्वन्द्वले पीडित छन्। बाठीमा मातृत्वको चाहना प्रबल भएकोले उ पतिसँग सन्तान हुने अनेक उपायहरू बताउछे। एकातिर बाठी आफ्नो कोख शुन्य देखेर आफै गलेको अनुभव गर्छे भने अर्कोतिर विवाहको आठवर्ष बितिसक्दा तापनि सन्तानको जयजन्म नहुनुको कारण कीर्तिमानको पुरुष अहम्मा चोट परेको देखिन्छ। यसैले पुरुष सामार्थ्य नभएको हीनताबोधले ऊ ग्रस्त

[65]कल्पना त्रिपाठी, सन् २०१६, पूर्ववत्, पृ-२९

बनेको छ। एडलरले द्वन्द्वको मूल कारण हीनताबोधलाई मानेका छन्। सन्तान नभएको हीनताबोधले ग्रस्त कीर्तिमानको अवस्थालाई कथामा यसरी देखाइएको छ-

*कीर्तिमानको हृदयमा हाहाकार मच्चियो। आफ्नो निर्बलताको कारणमा उसले आज जति संघर्ष उसको अन्तरात्मासँग गर्नु पर्यो त्यति अघि कहिले गर्नु परेको थिएन।...उसले बाठीलाई सम्झ्यो-त्यसलाई नानीको रहर छ...सासु बुढी, मर्दा दाग-बत्ती दिने सन्तान त हुनैपर्छ, भन्छे। उ आफूले चाँहि सन्तान भइदिएको खण्डमा अरूदेखि लुकेको जस्तो गर्नु पर्दैन, भागेको जस्तो भइदिनु पर्दैन।...यदि कोही बिहानको कलिलो घाममा बाहिर आँगनमा दाह्री खैरँदैछ भने पनि उ त्यो मान्छेसँग उसको ब्लेड विषय- 'कैले किनेको?' 'कतिखेप चल्द रै छ?' - भनेर निर्धक्क गफ गर्न सक्नेछ।*[66]

यस उद्धरणबाट सन्तान नहुनुको पीडाले पीडित कीर्तिमानको द्वन्द्वजन्य परिस्थिति प्रकट भएको छ।

### ३.९ लीलबहादुर क्षत्रीको *लीलबहादुर क्षत्रीका कथाहरू* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

भारतीय नेपाली साहित्यको एकजना स्थापित साधकहरूमध्ये लीलबहादुर क्षत्री पनि एक हुन्। आजसम्म प्रकाशित उनका कथासङ्ग्रहहरू यसप्रकार छन्- *तीन दशक: बीस अभिव्यक्ति* (१९८३), *लीलबहादुर क्षत्रीका कथाहरू* (१९९७) आदि। यस अध्यायमा *लीलबहादुर क्षत्रीका कथाहरू* कथासङ्ग्रहका कथाहरूमा प्रयुक्त द्वन्द्वको अध्ययन गरिएको छ।

*लीलबहादुर क्षत्रीका कथाहरू* कथासङ्ग्रहमा सङ्ग्रहित 'दिन चर्या-एकदिनको' कथा असमलाई नै कर्मथलो बनाएर त्यहाँ बसोबास गर्ने नेपालीहरूको सङ्घर्षमा आधारित छ। असमलाई कर्मथलो बनाए तापनि असमबाट नेपालीहरूलाई धपाउने कार्य भएदेखि घरपरिवार नष्ट हुनुको पीडाले 'म' पात्रको मनमा द्वन्द्वको उत्पन्न भएको छ। यो द्वन्द्वको प्रारम्भ अवस्था हो। नेपालीहरूलाई धपाउने कार्यमा कथामा त्रास, भय र अस्तित्व

---

[66]सानु लामा, सन् १९९५, पूर्ववत्, पृ-९१

सङ्कटको वृतान्त प्रस्तुत भएको देखिन्छ। परिवारको वियोग र सम्झनाले 'म' पात्र मानसिक द्वन्द्वको चपेटमा परेको छ। 'म' पात्र नै यस कथामा द्वन्द्वको द्रष्टा र भोक्ता हो। यस्तो द्वन्द्वको चपेटमा परेर ऊ आफ्नो परिवारसँग बिछोडिनु र भिखारी भएर सारा जीवन एक्लो बिताउनु यस कथामा देखिएको द्वन्द्वको परिणति हो।

लीलबहादुर क्षत्रीले अनमेल विवाह, अन्धविश्वासबाट उत्पन्न सामाजिक द्वन्द्वलाई पनि लिएर कथा लेखेका छन्। गृहस्थ जीवनमा आएका समस्या, पति-पत्नीबिच देखा परेको शङ्का, अविश्वास आदिबाट घरपरिवार नष्ट भएको देखाउँदै द्वन्द्वजन्य परिवेशको सिर्जना गरेका छन्। यस्तो कथाहरूमा 'दश वर्षको प्रायश्चित' कथालाई पनि लिन सकिन्छ। यो मूलत: पारिवारिक द्वन्द्वमा आधारित कथा हो। दाम्पत्य जीवनमा आधारित यस कथामा पति-पत्नीबिचको सम्बन्धमा विश्वास हुनु अति आवश्यक छ भन्ने सन्देश दिएको पाइन्छ। दाम्पत्य जीवनको सफलताको निम्ति पति-पत्नीमाझ एक-अर्काप्रति आस्था र विश्वास हुनु आवश्यक देखिन्छ। पत्नीलाई परपुरुषसँग देख्दा गणेशमानको मनमा उसप्रति घृणा र शङ्काको कारण द्वन्द्व उब्जिएको छ। रिसको आवेगमा पत्नीलाई त्याग गर्दै एक्लै बस्ने गणेशमानमा कालान्तरमा पत्नीप्रति माया पह्लाए पनि सत्य र शङ्काको द्वन्द्वले ऊ पीडित भएको छ। पत्नीको सम्झना आएपनि उसले अन्य पुरुषसँग बोलेको सम्झेर गणेशमान आफैलाई जबरजस्ती नियन्त्रणमा राख्न खोज्दछ। यही आफ्नो भावनालाई दबाउनु परेको द्वन्द्वात्मक स्थितिबाट नै ऊ मानसिक द्वन्द्वले ग्रस्त बनेको छ। तर कथाको अन्त्यमा भने वास्तविक कुराको उद्घाटन भएपछि गणेशमानको मनमा निहित शङ्का नष्ट भएर उनीहरूको मिलन भएको छ। यहाँ द्वन्द्वले कुनै नकारात्मक परिणाम दिएको पाइँदैन।

'शङ्काको साँढे' कथामा पनि यस्तै शङ्काले द्वन्द्वको स्थिति उत्पन्न भएको देखिन्छ। यो मूलत: सामाजिक द्वन्द्वमा आधारित कथा हो। प्रस्तुत कथामा नेपाली लोकजीवनमा प्रचलित भूत-प्रेत, बोक्सा-बोक्सी, धाँमी-झाँक्री जस्ता लोकविश्वासको चर्चा

पाइन्छ। नेपाली समाजमा व्याप्त परम्परागत रूढि, अन्धविश्वासले गर्दा यस कथाको मूल पात्र सरदार बाजेको अकाल मृत्यु भएको छ। कथामा सरदार बाजेको धानबारीमा वैदाङ्गे सुतारको बहर (बाछा) पसेर अन्न खाइदिएको कारण उनीहरूबिच झगडा भएको हुन्छ। उनीहरूबिच भएको झगडा सामान्य लागे तापनि त्यस झगडाले नै कथामा शङ्काको बीज उब्जाएको देखिन्छ। यस कथाको अर्को पात्र वैदाङ्गे सुतारलाई बोक्सा ठहर गरिएको छ र यसैले उसले हानेको वाणले सरदार बाजे बिमारी भएको शङ्का गरिएको छ। यही अन्धविश्वासले गर्दा शारीरिक बिमारलाई औषधी-उपचार नगरेर धाँमी-झाँक्री लगाउदा सरदार बाजेको स्वास्थ्य सुध्रिनको सट्टा अझ चिन्ताजनक बन्न पुगेको छ। यसरी अन्धविश्वासको भर परेर सही मार्गबाट दिग्भ्रमित भएकाले उनको अकालमा मृत्यु भएको हो। यहाँ शङ्का नै द्वन्द्वको मूल बीज बनेको छ। अन्धविश्वास र शङ्काले ग्रसित सरदार बाजे भन्छन्- *यो डाक्टरले निको पार्ने रोग होइन बाबु ! मलाई वैदाङ्गेकै वाण लागेको छ। तिम्रो नाउँमा साँढे छोड्नुपर्नेछ भनेर भनेकै छ उसले। अब कोही वाण छुट्टाउन सक्ने, जान्ने मान्छे भए हुन्छ, नत्र खायो त्यसले मलाई।*[67]

यस कथामा पुराना पुस्ता र नयाँ पुस्ताबिच द्वन्द्व देखिएको छ। सरदार बाजेको जेठा छोरा र बैदाङ्गे सुतार (नयाँ पुस्ता)-ले वाण लाग्नुको सट्टा बिमारले यस्तो भएको भनेको देखिए तापनि सरदार बाजे (पुरानो पुस्ता) अस्पताल जान नमानेर आफ्नै भ्रमको सिकार बनेका छन्। यसरी यस कथामा शङ्काले पनि मानिसलाई द्वन्द्वजनित बनाउँदछ भन्ने कुराको राम्रो पुष्टि भएको छ।

'त्यसरी अन्त्य हुन्छ एउटा विसङ्गतिको' पारिवारिक द्वन्द्वमा आधारित कथा हो। प्रस्तुत कथा अनमेल विवाहको कारण नष्ट हुँदै गएको दाम्पत्य जीवनलाई आधार गरिएर लेखिएको छ। यस कथामा द्वन्द्वको हिंसात्मक रूप प्रस्तुत भएको छ। धनवीर र उसकी

[67]लीलबहादुर क्षत्री, वि सं २०७३, *लीलबहादुर क्षत्रीका कथाहरू*, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ-९२

पत्नी आशाबिच भएको अनमेल विवाहको कारण उनीहरूको सम्बन्ध बिग्रँदै गएको धनवीरले बोध गरेको छ। धनवीर सैनिक भएको कारण आफ्नो परिवारदेखि टाडा हुन्छन्। आफू टाडामा रहेको कारण उसकी पत्नीले धनवीरलाई धोका दिदैं धेरै परपुरुषसँग सम्बन्ध राख्छिन्। आफ्नो दाम्पत्य जीवनदेखि विमुख बन्दै गएकी आशाले परपुरुषसँग सम्बन्ध स्थापित गरेको देखेर उसको पति धनवीर आन्तरिक द्वन्द्वले ग्रस्त बनेको देखिन्छ। यसको प्रभावले ऊ विद्रोही मानसिकता लिएर कुण्ठित बन्दै बाँचिरहेको हुन्छ। यसैले कथाको अन्त्यमा धनवीरमा निहित आन्तरिक द्वन्द्वले हिंसात्मक रूप धारण गरी सुरेनको हत्या गरेको पाइन्छ। यहाँ धनवीरको आन्तरिक द्वन्द्व बाह्य द्वन्द्वमा परिणत भएको छ। यस कथामा द्वन्द्वले नकारात्मक परिणति दिएको पाइन्छ।

### ३.१० गुप्त प्रधानको *मान्छे-मान्छेको बस्तीभित्र* कथासङ्ग्रहमा द्वन्द्वको प्रयोग

भारतीय नेपाली साहित्यमा एकजना परिचित कथाकारको रूपमा गुप्त प्रधानलाई लिन सकिन्छ। कथावस्तुलाई कलात्मक लेखनबाट सूक्ष्म रूपमा विश्लेषण गर्दै चिन्तनलाई पराकाष्ठासम्म पुऱ्याउने गुप्त प्रधान कथामा आफ्नो नवीन दृष्टि प्रयोगका लागि प्रसिद्ध छन्।[68] उनका आजसम्म प्रकाशित कथासङ्ग्रहहरू हुन्- *मान्छे-मान्छेकै बस्तीभित्र* (१९८०), *अक्षरै अक्षरको सहर* (१९९३), *विराम चिन्हहरू* (२००२) आदि। यस अध्यायमा उनको *मान्छे-मान्छेकै बस्तीभित्र* कथासङ्ग्रहमा समावेश गरिएका कथाहरूलाई द्वन्द्व प्रयोगका दृष्टिले अध्ययन गरिएको छ।

गुप्त प्रधानका कथाहरूमा आर्थिक द्वन्द्वले पीडित मानिसहरूको मार्मिक चित्रण पाइन्छ। आर्थिक समस्याको कारण मानिसहरूले गर्नु परेको सङ्घर्ष उनका कथाहरूमा प्रखर रूपमा प्रस्तुत भएका हुन्छन्। *मान्छे-मान्छेकै बस्तीभित्र* कथासङ्ग्रहमा सङ्ग्रहित 'गल्लीका खाली पयरहरू' कथा यस्तै आर्थिक द्वन्द्वमा आधारित कथा हो। प्रस्तुत कथा

---

[68]गोमादेवी शर्मा, सन् २०१७, *भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास,* मणिपूर, गोर्खा ज्योति प्रकाशन, पृ-३६२

आजको युगको कृत्रिमता र आडम्बरलाई व्यङ्ग्यात्मक ढङ्गमा तीव्र आलोचना गरेर लेखिएको छ। यस कथामा बाँच्नका लागि गरीबीसँग जुझ्दै जीवन चलाउने 'आमा' पात्र आर्थिक द्वन्द्वले पीडित बनेकी छ। यस कथाको 'छोरी' पात्रले आडम्बरी र देखावटीमा लिप्त समाजको प्रतिनिधित्व गरेकी देखिन्छ। आर्थिक विपन्नता नै यस कथाको द्वन्द्वको मूल कारक हो। छोरीको स्कुलको लागि नयाँ जामा जुटाउन दिन-रातको परिश्रम र सङ्घर्षले आमा पात्र द्वन्द्वग्रस्त देखिन्छे। छोरीलाई जामा ल्याईदिएपछि ऊ ज्वरोले क्लान्त र ऊर्जाहीन बनेकी छ तापनि छोरीप्रति आफ्नो ममता र कर्तव्यबोधले उसलाई आर्थिक परिश्रमतिर डोऱ्याएको पाइन्छ। यस कथामा एकातिर 'आमा' पात्र ज्वरोले सिकिस्त भइ मरणावस्थामा पुग्छिन् भने अर्कोतिर छोरी जामा पाएर मक्ख पर्दछे। आडम्बरी शानको कारण छोरीले आफ्नी आमाको अवस्था देख्न र अनुभव गर्न सक्तिन। कथामा छोरीको भविष्यको लागि आमा पात्रले गर्नु परेको सङ्घर्षबाट द्वन्द्वको आरम्भ भएको छ। यही द्वन्द्व नै कथाको मूल आकर्षण भएको देखिन्छ।

यस्तै आर्थिक द्वन्द्वमा आधारित कथाहरूमध्ये 'सह्य-असह्य' कथा पनि एक हो। यस कथामा निम्नमध्यमवर्गीय मानिसहरूले आर्थिक समस्याको कारण भोग्नु परेको विवशता र बाध्यताको सजीव चित्रण गरिएको छ। यसमा धनी र गरीब वर्गबिच देखिने वर्गीय द्वन्द्व प्रस्तुत भएको छ। यस कथाको मूल पात्र विनोद हो। ऊ आफ्नो हाकिमद्वारा प्रताडित भएको देखिन्छ। आर्थिक समस्याको कारण धनीवर्गमा पर्ने हाकिम विनोदमाथि शोषण र अत्याचार गरे तापनि ऊ केही गर्न सक्दैन। आय वा पुँजीको लागि उसले आफ्नो आक्रोश र आवेगलाई दबाउनु पर्ने स्थितिले देखिन्छ। यसको फलस्वरूप उसमा मानसिक द्वन्द्व र कुण्ठा उत्पन्न भएको छ। यसको निष्कासनको लागि उसले द्वन्द्व नियन्त्रण विधि अप्नाएको देखिन्छ। उसले घरमा पालेको कुकुरलाई हिर्काउदै आफ्नो रीस पोखाउने गर्दछ। विनोदको लागि कुकुर हाकिमको प्रतीक हो। मानवेतर पात्र कुकुरप्रति विनोदले आफ्नो आक्रोश व्यक्त गर्नु स्थानान्तरण द्वन्द्व समाधान विधिको

प्रभाव हो। मनमनै हाकिमप्रति नकारात्मक विचार राख्नु, उसलाई घृणा गर्नु, उसको सम्झनाले विचलित हुनु विनोदमा देखिएको द्वन्द्वको परिणाम हो। तर कथामा उसमा रहेको आन्तरिक द्वन्द्वले कुनै नकारात्मक परिणति दिएको भने पाइँदैन।

'मान्छे-मान्छेको बस्तीभित्र' आर्थिक द्वन्द्वमा आधारित कथा हो। आर्थिक द्वन्द्वकै कारण यस कथाका पात्रहरूको मनमा कुण्ठा र नैराश्य देखा परेको छ। जीविका चलाउन मासुको ढाकर बोक्ने रामसिंह र बलवीर यस्तै आर्थिक द्वन्द्वको चपेटमा परेका पात्रहरू हुन्। यस कथामा यी दुवै पात्रले नुन, तेल र चामलका लागि गर्नु परेको सङ्घर्षको अत्यन्त कठोर परिश्रम देख्न सकिन्छ। जीवन धान्नेक्रममा गरीबीसँग जुझ्दा-जुझ्दै रामसिंहको मार्मिक निधन भएको देखाएर गरीबी जीवनको दर्दनाक पक्षलाई देखाइएको छ। रामसिंह बिमारी भए तापनि परिवार पाल्नका लागि मासुको ढाकर बोक्दा बोक्दै मृत्यु हुनुले कथामा त्रासद परिवेशको सिर्जना भएको देखिन्छ। उसको साथी बलवीर आफ्नो साथीको अवस्था देखेर द्वन्द्वात्मक परिस्थितिमा परेको छ। रामसिंहको लाशलाई त्यही राखे गिद्धहरूले आक्रमण गर्ने अनि मासुलाई नबोके आफ्नो परिवार भोको हुने कारणले रामसिंहको लाश र मासुको ढाकरमध्ये कुनलाई बोक्ने भन्ने द्वन्द्वमा बलवीर फँसेको देखिन्छ। यसलाई आर्थिक द्वन्द्वले उब्जाएको नकारात्मक परिणाम मान्न सकिन्छ।

*मान्छे-मान्छेको बस्तीभित्र* कथासङ्ग्रहमा समाविष्ट 'प्लास्टिकका फूलहरू' कथा आर्थिक समस्याका कारण बाध्यतावश वेश्यावृति गर्ने नारीहरूको जीवनलाई लिएर लेखिएको छ। यो मूलत: आन्तरिक द्वन्द्वमा आधरित कथा हो। यस कथाको मूल पात्रा धनलक्षी र माया वेश्यावृतिमा लागेकी नारी पात्राहरू हुन्। आर्थिक स्रोतको लागि बाध्यतावश वेश्यावृति गर्न परेको माया र धनलक्षीको पीडा, व्यथा र वेदनालाई कथामा मार्मिक ढङ्गमा देखाइएको छ। हरेक नारीमा पति र सन्तानको चाहना हुन्छन्। यस्तै इच्छा र चाहना उनीहरूमा पनि देखिन्छ। तर उनीहरूलाई समाजले वेश्याबाहेक अरू

केहीमा स्वीकार नगरिएकाले उनीहरूका इच्छाहरू दमित भइ द्वन्द्वग्रस्त बन्न पुगेका छन्।

**निष्कर्ष**

आधुनिक भारतीय नेपाली कथाकारहरूको कथामा द्वन्द्वको प्रयोग र परम्पराबारे आएका निष्कर्षलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ-

(१) रूपनारायण सिंहको *कथा नवरत्न*-मा धनी र गरीबबिचको वर्ग भेद, समाजमा निहित अन्धविश्वास र छुवाछुत जस्ता रूढि परम्परा, सिनेमाको प्रभाव, दाम्पत्य जीवनमा देखिएको शङ्का आदिले द्वन्द्वको सिर्जना गरेका छन्।

(२) शिवकुमार राईको *खहरे*-मा मानसिक रोगले पीडित एम.के पात्रको विचित्र स्वभाव, आर्थिक समस्याले पीडित निम्नवर्गीय स्कुल मास्टर, दाम्पत्य जीवनमा देखिएको धोका, षडयन्त्र र हत्या, स्तर र पदकाबिच उत्पन्न भएको प्रतिस्पर्धा आदिमा द्वन्द्वको प्रभाव परेको देखिन्छ।

(३) इन्द्रबहादुर राईको *विपना कतिपय*-मा सहरिया जीवनप्रति मोह, सामाजिक रीति थिति र संस्कार, देखावटी र आडम्बरले लिप्त समाज, हीनताबोध, बर्माबाट भूमिगत हुनु परेका नेपालीहरूको पीडा, व्यथा र लाचारीपन आदिको चित्रण गर्नेक्रममा द्वन्द्वको प्रशस्त प्रयोग भएको पाइन्छ।

(४) हायमनदास राई 'किरात'-को *चौकीदार*-मा अतृप्त यौनच्छा, दाम्पत्य जीवनमा देखिएको अनास्था, गुन्डा र स्वतन्त्रताकारीबिच भएको लडाइँ, प्रतिशोधको भावना आदिले द्वन्द्वात्मक परिवेशको सिर्जना गरेका छन्।

(५) विन्द्या सुब्बाको *शीतलहर*-मा बलात्कार, हत्या र शोषण, दमित यौनेच्छा, घर गृहस्थीको दबाबमा आफ्नो इच्छालाई दबाउनु पर्ने विवशताका साथै मातृत्व र नारीत्वबिचको द्वन्द्वले कथालाई द्वन्द्वजन्य बनाएको देखिन्छ।

(६) मटिल्डा राईको *टोटलाको फूल*-मा पवित्रता र वासनाबिचको द्वन्द्व, सन्तान बिछोडको पीडा, सौताप्रतिको डाह, ईर्ष्या अनि धनी र गरिबबिचको वर्गीय द्वन्द्वमा द्वन्द्वको व्यापकता पाइन्छ।

(७) पूर्ण राईको *गल्ली-गल्ली क्रान्तिको उद्‌घोषणा*-मा वर्तमान समयमा देखिएको विसङ्गतिपूर्ण परिवेश, युद्धबाट उत्पन्न भय, संत्रास, हिंसा, छुवाछुत प्रथाले ल्याएको भेदभाव, विधवा नारीहरूले भोग्नु परेका सामाजिक र घरेलु शोषण आदिले द्वन्द्व उब्जाएको देखिन्छ।

(८) सानु लामाको *कथा सम्पद्*-मा दाम्पत्य जीवनमा देखिएको शङ्का, ईर्ष्या, पत्नीको मृत्युले पीडित पति, सन्तान नहुनुको पीडा र हीनताबोध, सामन्तीहरूले गरेको शोषण र अत्याचार आदिले द्वन्द्वपूर्ण स्थिति सिर्जना गरेको पाइन्छ।

(९) लीलबहादुर क्षत्रीको *लीलबहादुर क्षत्रीका कथाहरू*-मा असमबाट नेपालीहरूलाई धपाउने कार्य भएपछि भूमिगत हुनुको पीडा, व्यथा, दाम्पत्य जीवनमा देखिएको अनास्था, शङ्का, परम्परागत मूल्य-मान्यता, अन्धविश्वासले गर्दा भएको पुरानो पुस्ता र नयाँ पुस्ताबिचको द्वन्द्व, अनमेल विवाह र हत्या आदिमा द्वन्द्वको प्रशस्त प्रभाव देखिन्छ।

(१०) गुप्त प्रधानको *मान्छे-मान्छेको बस्तीभित्र*-मा आर्थिक समस्या, धनी र गरीब वर्गबिच देखिने वर्गीय द्वन्द्व, पुँजी वा आयको लागि बाध्यतावश वेश्यावृति गर्ने नारीमा उब्जेको मातृत्व र  नारीत्वको चाहना आदिबाट द्वन्द्वपूर्ण स्थितिको उत्पन्न भएको पाइन्छ।

# चौथो अध्याय

## ४. समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको विश्लेषण

### ४.१ समीरण छेत्री 'प्रियदर्शी'-को संक्षिप्त परिचय

समीरण छेत्री 'प्रियदर्शी'-को जन्म ४ जुलाई १९३५ मा दार्जिलिङको माउन्ट हर्मन इस्टेटमा भएको हो। उनी बाबा स्व. बलवीर बुडाथोकी र आमा स्व. कर्णमाया बुडाथोकीको कोखबाट जेठो छोराका रूपमा जन्मेका थिए। साहित्यको क्षेत्रमा समीरण छेत्री 'प्रियदर्शी' नामले परिचित भए तापनि उनको खास नाम सोमबहादुर छेत्री हो। उनले आफ्नो प्रारम्भिक शिक्षा दार्जिलिङको सन्तमाइकल स्कुलबाट सुरु गरेका हुन्। त्यहाँ चौथो श्रेणीसम्म शिक्षा ग्रहण गरेपछि उनले त्यसपछिको शिक्षा सन्तरोबर्टस् स्कुल दार्जिलिङबाट लिएका हुन्। त्यसपछि उनले कलकत्ता विश्वविद्यालयबाट आई.ए र बी.ए सम्मको शिक्षा हासिल गरे। सन् १९५५ देखि केन्द्रीय सीमा शुल्क विभागमा एकजना कर्मचारीका रूपमा उनी कार्यरत रहेका थिए। लगभग २५ वर्षसम्म त्यहाँ सेवा गरेपछि सन् १९८१ मा उनले अवकाश प्राप्त गरेका थिए। हाल उनी स्वतन्त्रलेखन र पत्रकारिकातर्फ संलग्न रहेका देखिन्छन्। समीरण छेत्री 'प्रियदर्शी'-को एउटा सबल क्षेत्र पत्रकारिता पनि हो। उनले साहित्यिक तथा समाचार पत्रहरूलाई सामयिक, साप्तहिक र मासिक पत्रिकाको रूपमा सम्पादन गर्दै पत्रकारिताको विकासमा धेरै योगदान पुऱ्याएका छन्।

#### ४.१.१ समीरण छेत्री 'प्रियदर्शी'-को साहित्यिक यात्रा

समीरण छेत्री 'प्रियदर्शी'-को साहित्यिक यात्रा कथा विधाबाट नै सुरु भएको हो। उनले विद्यार्थी जीवनदेखि नै साहित्य लेखन र सम्पादनप्रति रुचि राख्न थालेका थिए। सन् १९५२ मा उनले स्कुलमा प्रकाशित हस्तलिखित पत्रिका *टुकी*-को सम्पादन गरेका थिए। त्यही हस्तलिखित पत्रिकामा उनको 'दोबाटो'-कथा प्रकाशित भएको थियो। त्यसपछि सन् १९५५ मा *पश्चिम बङ्गाल* साप्तहिकमा 'शनही बजेको बेला' कथा पहिलो

मुद्रित कथाका रूपमा देखा पर्दछ। उनका कथाहरू छापिन थालेपछि उनी साहित्य लेखनप्रति तीव्र गतिमा अग्रसर रहेका देखिन्छन्। साहित्यप्रति उनको धारणा यस्तो छ- “मानवसँग मानवको, अतीतसँग वर्तमानको, टाडोसँग नजिकको अत्यन्त अन्तरंग मिलन हो जो साहित्यबाहेक अरूबाट सम्भव हुँदैन। साहित्य मानव समाजको दर्पण हो। यही दर्पणको सहायताले साहित्यकार अनेक अज्ञात र गुप्त रहस्यहरूको झाँकी सहजसँग पाउँदछ र यदि त्यस झाँकीमा कुनै दाग छ भने त्यसलाई पानीले धोएर स्वच्छ बनाउने उपक्रम पनि गर्दछ।”[69]

सन् १९५२ देखि साहित्य लेखनमा लागेका समीरण छेत्री ‘प्रियदर्शी’-ले भारतीय नेपाली साहित्यमा धेरै कृतिहरू प्रकाशित गरिसकेका छन्। उनले कथा मात्र नभएर उपन्यास, एकाङ्की, रेडियो नाटक तथा समालोचना विधामा पनि आफ्नो कलम चलाएको देखिन्छ। सन् १९६४ मा उनी पहिलो कथासङ्ग्रह *फुटेको मुरली* लिएर देखा परे। यसपछि उनका धेरै कथा तथा उपन्यास, नाटक र समालोचनाहरू पनि प्रकाशमा आएका छन्। उनका आजसम्म प्रकाशित कृतिहरू हुन्-

**(क) कथासङ्ग्रह -** (१) फुटेको मुरली (१९६४)

(२) असफल चित्रकार (१९६६)

(३) अर्को मान्छे (१९८६)

(४) नीलो झिंगा (१९९६)

(५) निर्वाणको रात (१९९६)

(६) गैरीगाउँकी चमेली (२००७)

**(ख) उपन्यास -** (१) बलिवेदी (१९७०)

(२) पोखिएको जिन्दगी (१९७१)

[69]हस्त नेचाली (सम्पा.), सन् २०१०, *भारतेली नेपाली साहित्य स्रष्टाहरू*, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ-१५२

**(ग) नाटक /एकाङ्की -** (१) यमराजको दरवार (१९८६)

(२) ड्राकुला (मञ्चित)

(३) पागल (रेडियो नाटक)

(४) निर्दोष कैदी (रेडियो नाटक)

(५) शीतको देशमा (रेडियो नाटक)

(६) टाइप राइटर (रेडियो नाटक)

**पुरस्कार/सम्मान-**

सामाजिक तथा साहित्यिक योगदानप्रति सम्मान जनाउने क्रममा साहित्यकार समीरण छेत्री 'प्रियदर्शी' विभिन्न पुरस्कारहरूद्वारा सम्मानित भइसकेका छन्। ती पुरस्कारहरूको विवरण निम्नलिखित छन्-

(१) रेडियो नाटक राष्ट्रिय पुरस्कार (१९८६) आकाशवाणी दिल्ली।

(२) प्रथम आशारानी चामलिङ निर्माण पुरस्कार (१९९८) निर्माण प्रकाशन, सिक्किम।

(३) प्रथम पादरी गङ्गाप्रसाद प्रधान स्मृति पुरस्कार (२००५) साहित्य उत्थान समिति कालेबुङ।

(४) सकारात्मक पत्रकारिता पुरस्कार, (२००६) सिक्किम सरकार।

(५) पूर्ण राई स्मृति पुरस्कार, (२००७) नेपाली साहित्य अध्ययन समिति, कालेबुङ।

(६) साहित्य अकादमी पुरस्कार, (२००९) साहित्य अकादमी दिल्ली।

(७) कञ्चनजङ्घा कलम पुरस्कार, (२०१५) सिक्किम सरकार।

### ४.१.१.१ उपन्यासकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

समीरण छेत्री 'प्रियदर्शी'-ले उपन्यासको क्षेत्रमा पनि कलम चलाएका छन्। उनको आजसम्म *बलिवेदी* (१९७०) र *पोखिएको जिन्दगी* (१९७१) गरी जम्मा दुई वटा उपन्यास छापिसकेको देखिन्छ। ती उपन्यासहरूमा स्वच्छन्दतावादी प्रवृत्तिको प्रशस्त प्रभाव देख्न सकिन्छ। *बलिवेदी*-मा दोस्रो विश्वयुद्ध र भारत स्वतन्त्रता सङ्ग्राममा

नेपालीहरूले दिएको बलिदानको मार्मिक अभिव्यक्ति पाइन्छ भने *पोखिएको जिन्दगी*-मा तत्कालिन समाजको विसङ्गतिपूर्ण चित्रण गरिएको देखिन्छ। प्रेम बिछोड र युद्धको वीभत्सबाट उत्पन्न नैराश्य, पीडा र व्यथा आदिको चित्रण गर्दै लेखिएका यिनै उपन्यासहरूले उनलाई एकजना सफल उपन्यासकारका रूपमा चिनाएको छ।

### ४.१.१.२ एकाङ्कीकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

समीरण छेत्री 'प्रियदर्शी'-ले नाटक तथा एकाङ्की पनि लेखेका छन्। *ड्राकुला, पागल, निर्दोष कैदी, शीतको देशमा टाइप राइटर* जस्ता रेडियो नाटक अनि *यमराजको दरवार* नाटक यसका उदाहरण हुन्। सन् १९८९ मा आकाशवाणी, नयाँ दिल्लीले *टाइप राइटर*-लाई सम्मानित गरेको छ।

### ४.१.१.३ कथाकारका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

समीरण छेत्री 'प्रियदर्शी' भारतीय नेपाली साहित्यको एकजना परिचित र स्थापित साहित्यकार हुन्। उनले साहित्यका विभिन्न विधामा आफ्नो कलम चलाएका छन्। तथापि समीरण छेत्री 'प्रियदर्शी' कथाकारका रूपमा धेर चर्चित छन्। सन् १९५५ मा प्रकाशित 'शनही बजेको बेला' उनको पहिलो प्रकाशित कथा हो। समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा आफ्नै गाउँ, ठाउँ अनि परिवेशका विषयहरू परेका छन्। उनका कथा, उपन्यास आदिमा जातियताको भाव पनि देखिन्छ। उनका कथामा सङ्घर्षको ठुलो स्थान छ। भारतीय नेपाली कथाकारहरूको सूचीमा रूपनारायण सिंह, इन्द्रबहादुर राई, लक्खीदेवी सुन्दास, इन्द्र सुन्दास, शिवकुमार राईहरूकै नजिक देखिने समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूले भारतीय नेपाली आख्यानको विकासमा योगदान दिएका छन्। उनी मूलतः सामाजिक कथाकार हुन् यद्यपि उनका कथाहरूमा विविध प्रविधि पाइन्छ। त्यसरी नै विषयवस्तुका आधारमा पनि उनका कथाहरू विविध छन्। उनले प्रायः समाजबाट नै आफ्ना कथाका विषयवस्तु टिपेका हुन्छन्। घनश्याम नेपाल अनुसार सामाजिक यथार्थको जिउँदो जाग्दो चित्र पाठक समक्ष प्रस्तुत गर्नु कथाकार

छेत्रीको विशेषता हो। उनी आफ्ना कथामा वस्तुलाई भोक्ताका भन्दा बढी द्रष्टाका आँखाले हेर्दछन्।[70] उनका कथाहरूमा समाजबाटै दैनिक जीवनमा घट्ने घटनाहरूको शृङ्खला पाइन्छ। सजिलो भाषा र सहजबोध्य शैलीमा जीवन जगत्का यथार्थहरूलाई दर्शाउदै वर्तमान अवस्थामा मानिसहरूले भोग्नु परेका दुःख-कष्ट, पीडा, यन्त्रणा अनि अस्तित्व संकट जस्ता स्थितिको चित्रण उनले आफ्ना कथाहरूमा प्रस्तुत गरेका हुन्छन्। 'लावारिस लाश', 'घर झगडा', 'मालती', 'मैलो संसार', 'निर्वाणको रात', 'सूर्यकिरण छरिएपछि', 'दमसकिएको घडी', 'अर्को मान्छे', 'गरिबको सपना मऱ्यो', 'नीलो झिंगा' यस्तै किसिमका कथाहरू हुन्। उनी राष्ट्रप्रेमी र जातिप्रेमी देखिन्छन्। उनले भारतको स्वतन्त्र सङ्ग्राममा नेपालीहरूले दिएका निस्वार्थ बलिदान तथा अस्तित्व संरक्षणका लागि भारतीय गोर्खाहरूले उठाएका गोर्खाल्यान्ड आन्दोलनको केही ऐतिहासिक घटनाहरूलाई लिएर पनि कथाहरू लेखेका छन्। ती कथाहरूमा जातीयताको बोध र अस्तित्व बोधको चेतना प्रबल रूपमा पाइन्छ। 'कालो झोला', 'अब दुश्मनको डर छैन', 'आत्महत्या', 'स्वाधीनता प्राप्तिको लागि', 'लाहुरेको जीवन' आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ।

समीरण छेत्री 'प्रियदर्शी'-का कथामा पाइने भाषा सहज र स्वाभाविक छन्। उनले जन बोली वा कथ्यका प्रयोग गरेका छन्। पात्रहरू आफ्नो स्तरका भाषा बोल्छन् यद्यपि कति ठाउँ पात्रहरूले आफ्नो शैक्षिक र व्यावहारिक स्तरको भाषाभन्दा माथि उठेर पनि कुरा गर्छन्। मूलतः यो कथाकारको आफ्नो प्रस्तुति हो। उनका कतिपय कथाहरू संस्मरणात्मक, पत्रात्मक र निबन्धात्मक शैलीका देखिन्छन्।

### ४.१.२ पत्रकार एवम् सम्पादकका रूपमा समीरण छेत्री 'प्रियदर्शी'

समीरण छेत्री 'प्रियदर्शी' एकजना कुशल पत्रकार तथा सम्पादक पनि हुन्। उनले स्कुलमा विद्यार्थी छँदा सन् १९५२ मा *टुकी* नामक हस्तलिखित पत्रिका सम्पादन गरेदेखि यता साहित्य लेखन र पत्रिका सम्पादन दुवैतर्फ सशक्त भूमिका निभाएको

[70]घनश्याम नेपाल, सन् १९८९, पूर्ववत्, पृ-२९९

देखिन्छ। सन् १९८१ मा सेवानिवृत भएपछि उनी स्वतन्त्र रूपमा पत्रकारिता तथा त्यसको सम्पादनतर्फ अझ सक्रियता देखाउन थाले। उनले नेपाली पत्रकारिताको क्षेत्रलाई व्यापक रूपमा विकसित तुल्याउने प्रयास गरेका छन्। यसक्षेत्रमा धेरै योगदान पुऱ्याएको हुनाले उनलाई सन् २००५ मा कालेबुङबाट *गङ्गाप्रसाद प्रधान स्मृति पुरस्कार* अनि सन् २०१५ मा *कञ्चनजङ्गा कलम पुरस्कार*-ले सम्मानित गरियो। उनका हालसम्म सम्पादित पत्र-पत्रिकाहरू निम्नलिखित छन्-

**(क) साहित्यिक पत्रिका-** (१) झिल्का (१९६८) सामयिक पत्रिका, दार्जिलिङ।

(२) हिमशिखा (१९७०) सामयिक पत्रिका, सिलगढी।

(३) नायक (१९७२) सामयिक पत्रिका, डुवर्स।

(४) बाडुली (१९७५) सामयिक पत्रिका, सिलगढी।

(५) दर्पण छायाँ (१९८८) सामयिक पत्रिका, सिलगढी।

(६) छहारी (२०००) सामयिक पत्रिका, गान्तोक।

**(ख) समाचार पत्रिका-** (१) हिमाली आभा (१९८२) दैनिक समाचारपत्र, सिलगढी।

(२) निवेदन-प्रतिवेदन (१९८४) साप्तहिक समाचारपत्र, सिक्किम।

(३) हिमालचुली (१९८४-८८) दैनिक समाचारपत्र, सिलगढी।

(४) दार्जिलिङ टाइम्स (१९८८-९०) दैनिक समाचारपत्र, सिलगढी

(५) कञ्चनजङ्गा टाइम्स साप्तहिक समाचारपत्र, सिलगढी।

(६) हिमालीबेला (१९९०-९२) साप्तहिक समाचारपत्र, गान्तोक।

(७) मन्दाकिनी साप्तहिक समाचारपत्र, गान्तोक।

(८) झिल्का (१९९३) साप्तहिक समाचारपत्र, गान्तोक।

## ४.२. समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा प्रयुक्त मूलभूत प्रवृत्तिहरू

### ४.२.१ सामाजिक यथार्थवादी प्रवृत्ति

समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पाइने मूलभूत प्रवृत्तिहरूमध्ये सामाजिक यथार्थवादी प्रवृत्ति एउटा हो। उनले आफ्ना कथाहरूमा आफू बाँचेको समाज अनि त्यहाँको वातावरणको वास्तविकता समावेश गरेका हुन्छन्। वर्तमान समाजमा व्याप्त कुरीति, कुसंस्कार, अनाचार, विषमता र वर्गभेद आदिले मानिसहरूलाई पारेको नकारात्मक प्रभाव अनि त्यसको फलस्वरूप उब्जेको विसङ्गतिपूर्ण परिवेशको चित्रण उनका कथाहरूमा देख्न सकिन्छ। सामाजिक व्यवस्थाको जालमा परेर शोषित भएका अनि आर्थिक सङ्कटले ग्रस्त भइ गरिबी जीवन बाँच्न बाध्य भएका मानिसहरूको यथार्थ वर्णन उनका कथाहरूले गरेका हुन्छन्। 'गैरीगाउँकी चमेली', 'भाउज्यू', 'फुटेको मुरली', 'गरिबको सपना मऱ्यो', 'मनेले अब कसलाई जन्माउने', 'लावारिस लाश', 'मालती', 'तीतो कुइनाइन र सरकारी खाता' जस्ता कथाहरूमा समाजको विकृति र विसङ्गतिपूर्ण चित्रण पाइन्छ।

समाजमा रहेका धनी र गरिबजस्ता वर्गीय भेदका कारण निम्नमध्यमवर्गीय मानिसहरूले गाँस र बासको निम्ति गर्नु परेको सङ्घर्ष उनका कथाहरूमा देखिन्छ। 'गैरीगाउँकी चमेली' कथा यस दृष्टिले उल्लेखनीय रहेको छ। आर्थिक चपेटमा परेका चमेली र उसको पति रणे समाजका कतिपय शोषकहरूको मारमा परेका छन्। यस कथामा गाउँ पञ्चायतमा गरिबहरूका लागि आउने सरकारी सहुलियतमाथि पञ्चायतका कतिपय लोभी व्यक्तिहरूले अतिक्रमण गर्दै ती सहुलियतलाई आफ्नो निजी सम्पत्ति झैं प्रयोग गरी उल्टै रणे र चमेली जस्ता मानिसहरूलाई नै ऋणमा दिनु जस्ता अनैतिक कार्यप्रति व्यङ्ग्य कसेको पाइन्छ। 'तीतो कुइनाइन र सरकारी खाता' कथा पनि यस्तै सामाजिक कथा हो। यस कथामा सावित्री जस्ता कुल्लीहरूलाई सरदार र बहिदारहरूले

ठगेको र शोषण गरेको देखिन्छ। गरिब सधैं शोषित हुनु पर्ने कुरालाई यस कथामा मार्मिक ढङ्गमा देखाइएको छ।

समीरण छेत्री 'प्रियदर्शी'-ले विशेषतः दार्जिलिङ, सिलगढी अनि सिक्किम क्षेत्रमा बसोबास गर्ने नेपाली जनजीवनमा आधारित कथाहरू लेखेका छन्। त्यहाँ बसोबास गर्ने मानिसहरूका रहन सहन, बोलीचाली, संस्कार संस्कृति तथा उनीहरूको पिर-मर्का, हाँसो-रोदन, विरह-वेदना आदिलाई कथाको विषयवस्तु बनाएको देखिन्छन्। उनका कथाहरूमा नेपाली समाजमा पाइने कतिपय चाढ-पर्व, संस्कार, रीतिरिवाज, विश्वास तथा आस्था आदिको सजीव प्रस्तुति पाइन्छ भने त्यही समाजमा रहेका कतिपय अन्धविश्वास, रूढि, कुरीति, कुप्रथा, जात-पात अनि छुवाछुतप्रति व्यङ्ग्य गरिएको पाइन्छ। त्यस्तै छोरी माग्न जाने प्रथा, जात प्रथा, धर्मभेद, अन्मेल विवाह जस्ता प्रथाहरूको उल्लेख पनि ती कथाहरूमा पाइन्छ।

### ४.२.२ मनोवैज्ञानिक प्रवृत्ति

साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनबिच घनिष्ठ सम्बन्ध रहेको छ। साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ।[71] यस दृष्टिले हेर्दा समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा पनि मनोविज्ञानको प्रशस्त प्रयोग भएका छन्। उनका कथाहरूमा मानव मनको आन्तरिक तहको खोजी पाइन्छ। विभिन्न परिस्थितिअनुरूप आफ्नो इच्छाहरूलाई दबाउनु पर्ने विवशता तथा बाध्यताका कारण कथाका पात्रहरूका मनमा उत्पन्न द्वन्द्वात्मक स्थितिको चित्रण ती कथाहरूमा पाइन्छन्। त्यस्ता कथाहरू हुन्- 'लावारिस लाश', 'सीतामाई', 'ध्वाँसे कुकुर', 'नीलो झिंगा' 'धनबहादुरको लौरो', 'निर्वाणको रात' आदि।

मनोवैज्ञानिक प्रवृत्तिका दृष्टिले 'सीतामाई' एउटा राम्रो कथा हो। यस कथाको मूल पात्र शिवपुजन पुरुष भए तापनि उसको अवचेतन मनमा नारीको भावना विकसित हुँदै

[71]मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, वि सं २०७२, पूर्ववत्, पृ-१६२

गएको देखिन्छ। उसमा निहित नारीत्वले उसको पुरुषत्वलाई जित्दै गएको छ। यसरी आन्तरिक मनमा नारी तर बाह्य जगत्मा पुरुषको भूमिका निर्वाह गर्नुपर्दा उभित्रको नारीत्व र पुरुषत्वबिच द्वन्द्वको कारण अन्त्यमा ऊ बौलाहा बन्न पुगेको छ।

'ध्वाँसे कुकुर' कथामा पशुत्व र मानवताबिच सङ्घर्ष पाइन्छ। यस कथाको पात्र इद्को प्रभावले ध्वाँसे कुकुरलाई मार्न खोज्छ भने अहम्ले त्यसलाई बचाउन खोज्छ। यी दुईबिचको सङ्घर्षमा नचाहँदा नचाहँदै पनि इद्को जित भएर अन्त्यमा कुकुरको हत्या भएको छ। यस पात्रको क्रियाकलापमा मनोवैज्ञानिक प्रवृत्ति भेटिन्छ। यी कथाहरूलाई अवलोकन गर्दा समीरण छेत्री 'प्रियदर्शी'-लाई मनोवैज्ञानिक कथाकार मान्न सकिन्छ।

### ४.२.३ अस्तित्ववादी प्रवृत्ति

अस्तित्ववादी विचारधाराको प्रारम्भ मान्छेको विसङ्गत, व्यर्थ, अवश र निरूपाय स्थितिको बोधबाटै भएको हो।[72] समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा अस्तित्ववादी विसङ्गतिवादी स्वर ध्वनित भएको देखिन्छ। ती कथाहरूमा जीवनप्रति विसङ्गतिबोध, जीवन र मृत्युबिचको सङ्घर्ष देख्न सकिन्छ। त्यस्ता कथाका कतिपय पात्रहरूले मृत्युलाई सहर्ष स्वीकार गरेका छन्। मानिस जन्मिएपछि उसले मृत्युलाई ग्रहण गर्नै पर्दछ भन्ने अस्तित्ववादी धारणा त्यस्ता कथाहरूले प्रस्तुत गरेका छन्। मृत्युलाई अस्तित्ववादीहरू स्वतन्त्रताको अर्को लक्ष्य मान्छन्। उनका प्रायः कथाहरूमा मृत्युबोध र त्यसका विभिन्न मुद्रा अनि आयामको राम्रो प्रस्तुति पाइन्छ। 'आत्महत्या', 'म बाँचे', 'निर्वाणको रात', 'सूर्यकिरण छरिएपछि', 'फलेकको कच्चा साँघु', 'अर्को मान्छे' यस्तै किसिमका कथाहरू हुन्।

'आत्महत्या' अस्तित्ववादी दृष्टिले एउटा उत्कृष्ट कथा हो। यस कथाको मूल पात्र मदनले मृत्युको समयमा आफ्नो अस्तित्वबोध गरेको छ। मृत्यु जति उसको नजिक

[72]वासुदेव त्रिपाठी, वि सं २०६५, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* (भाग २) आ. सं. काठमाडौं, साझा प्रकाशन, पृ-११४

आउँदै जान्छ त्यति उसको डर कम हुँदै जान्छ। उसलाई लाग्छ मृत्यु निश्चित नै छ भने त्यसलाई टार्ने बाटो नै छैन। मृत्युको भय मुक्त हुनु पनि अस्तित्ववादी धारणा हो। जाँ पाल सात्रका विचारमा आफ्नो वातावरणको दासता अस्वीकार गरेर मान्छेले अस्तित्व प्राप्त गर्छ।[73] यस भनाइलाई अवलोकन गर्दा समीरण छेत्री 'प्रियदर्शी'-का कथामा पात्रहरूले दासतापूर्ण वातावरणलाई अस्वीकार गर्दै आफ्नो अस्तित्व र अस्मिताको खोजी गरेका देखिन्छन्। 'फलेकको कच्चा साँघु' कथाको मूल पात्र 'म'-ले अर्काको दासतापूर्ण वातावरण अस्वीकार गरेको छ। जीवन र मृत्युबिच झुलिएको 'म' पात्रले उसको जीवनमा अरू कसैको नियन्त्रण चाहँदैन। उसको जीवनलाई खेलको बाजी लगाएका पुलिस पात्रहरूलाई ऊ चुनौती दिदैं स्वअस्मिताको रक्षा गर्न मृत्युलाई समेत अँगाल्न तयार छ। उदाहरणार्थ- *तिमीहरू जान्दैनौ। सुरु हुँदैछ मेरो आफ्नो खेल। म फर्केर जाँदैछु, त्यो पुलको मुखतिर जहाँबाट म आएको थिए ।*[74] यस दृष्टिकोणले समीरण छेत्री 'प्रियदर्शी' एकजना अस्तित्ववादी कथाकार पनि हुन्।

### ४.२.४ ऐतिहासिक र राजनैतिक प्रवृत्ति

इतिहासमा घटित घटनाहरूलाई विषयवस्तु बनाइ कथाको रचना गर्ने प्रवृत्ति ऐतिहासिक प्रवृत्ति हो। समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरू ऐतिहासिक पृष्ठभूमिमा पनि लेखिएका छन्। त्यस्ता कथाहरू भारत स्वतन्त्रता सङ्ग्रामको इतिहासका पृष्ठमा नलेखिएका कतिपय घटना अनि पात्रहरूमा आधारित देखिन्छन्।[75] पहिलो र दोस्रो विश्वयुद्धको भयावह स्थितिको वर्णनका साथै भारतको स्वतन्त्र सङ्ग्राममा गोर्खाहरूले दिएको त्याग, बलिदान र योगदानको गाथा समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा देखिन्छन्। यसबाहेक दार्जिलिङ क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले जातीय अस्मिताको रक्षा गर्न

---

[73]ऐजन, पृ-११९

[74]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९६, *निर्वाणको रात,* सिक्किम, निर्माण प्रकाशन, पृ-७१

[75]धनबहादुर मगर, सन् २०१३, *समीरण छेत्री 'प्रियदर्शी'-का गद्याख्यान: विवेचनात्मक अध्ययन,* कुमार छेत्री (सम्पा.), *साहित्य सङ्केत,* वर्ष ४७, अङ्क ३३, कालेबुङ, नेपाली साहित्य अध्ययन समिति, पृ-१३३

उठाएका गोर्खाल्यान्ड आन्दोलनको कतिपय प्रसङ्गहरूलाई पनि यथार्थ ढङ्गमा कथामा उतारिएको पाइन्छ। 'कालो झोला', 'अब दुश्मनको डर छैन', 'आत्महत्या', 'के लिएर आए', 'लाहुरेको जीवन' यस्तै कथाहरू हुन्। यी कथाहरूमा ऐतिहासिक तथा राजनैतिक प्रवृत्तिहरू पाइन्छ।

समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूले युद्धको भय, संत्रास र युद्धमा प्राण गुमाउने अनेकौं सिपाहीहरूको दु:खद कथा प्रस्तुत गरेका छन्। पहिलो र दोस्रो विश्वयुद्ध, भारतीय स्वतन्त्र सङ्ग्राम तथा गोर्खाल्यान्डको आन्दोलन इतिहासमा घटेका ऐतिहासिक घटनाहरू हुन्। यी घटनाहरूसँग राजनीति पनि जोडिएको देखिन्छ। यसरी समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको विभिन्न प्रवृत्तिहरूमध्ये ऐतिहासिक र राजनैतिक प्रवृत्ति पनि एउटा हो भन्ने पुष्टि हुन्छ।

### ४.३ समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको विश्लेषण

समीरण छेत्री 'प्रियदर्शी'-का आजसम्म प्रकाशित ६ वटा कथासङ्ग्रहहरूमा मानव समाजमा उत्पन्न भएका विभिन्न समस्याहरूलाई पात्रहरूले गरेका सङ्घर्ष तथा द्वन्द्वमार्फत देखाइएको छ। उनका कथाका पात्रहरू आर्थिक विपन्नता, सामाजिक रूढिगत मान्यता, वर्गभेद, जातिय भेद तथा राजनैतिक विषमताका कारण द्वन्द्वको सिकार बनेका देखिन्छन्। यस्तो स्थितिबाट पात्रहरूमा उत्पन्न भएको आन्तरिक र बाह्य दुवै द्वन्द्वलाई उनले प्रभावकारी ढङ्गमा प्रस्तुत गरेका छन्। वर्गीय द्वन्द्व, जातीय द्वन्द्व, सामाजिक द्वन्द्व, सांस्कृतिक द्वन्द्व, राजनैतिक द्वन्द्व, मनोवैज्ञानिक द्वन्द्व, धार्मिक द्वन्द्व, आर्थिक द्वन्द्व आदि उनका कथाहरूमा देखिएका द्वन्द्वका विविध रूपहरू हुन्। द्वन्द्वका यिनै पक्षहरूलाई लिएर उनले आफ्ना कथाहरूमा द्वन्द्वविधानको आयोजना गरेका छन्। यस अध्यायमा उनका आजसम्म प्रकाशित भएका कथासङ्ग्रहहरूमा पाइने द्वन्द्वविधानलाई सुक्ष्म रूपमा अवलोकन गर्दै त्यसको विश्लेषण गरिएको छ।

### ४.३.१ *फुटेको मूरली* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

*फुटेको मूरली* समीरण छेत्री 'प्रियदर्शी'-को पहिलो कथासङ्ग्रह हो। यसको प्रकाशन राकेश प्रेस, वाणारासीबाट सन् १९६४ मा भएको थियो। यस कथासङ्ग्रहमा जम्मा १३ वटा कथाहरू सङ्ग्रहित छन्। ती हुन्- 'पल्टने सोल्टी', 'त्यो प्रणय त्यो प्रीति', 'भाउज्यू', 'के लिएर आए', 'संगीता', 'उ पनि आमा थिइ', 'समाजको रक्षा', 'एक उत्कृष्ट रचना', 'लाहुरेको जीवन', 'म कति दुब्लाएको छु', 'फुटेको मुरली', 'शनही बजेको बेला', 'उत्पटांग' आदि। यस कथासङ्ग्रहका कथाहरू विशेषत: स्वच्छन्दतावादी तथा मनोवैज्ञानिक प्रवृत्तिमा आधारित छन्। यीमध्ये 'भाउज्यू', 'उ पनि आमा थिइ', 'एक उत्कृष्ट रचना', 'लाहुरेको जीवन' आदि कथाहरूमा द्वन्द्वलाई मूलकथ्य बनाइएको पाइन्छ। यसमा आयोजित द्वन्द्वविधानको अध्ययन निम्नप्रकारले गर्न सकिन्छ-

#### ४.३.१.१ भाउज्यू

समीरण छेत्री 'प्रियदर्शी'-को 'भाउज्यू' कथामा आन्तरिक अनि बाह्य दुवै प्रकारका मनोवैज्ञानिक द्वन्द्व पाइन्छ। मूलतः यो सामाजिक द्वन्द्वमा आधारित कथा हो। मानिस समाजमा बस्ने प्राणी भएकाले ऊ सामाजिक सञ्जालमा बाँधिएको हुन्छ। यसैले पल्टने छुट्टीमा आएको मैतेले परपुरुषप्रति तत्काल आकर्षित हुने फूलमायासँग अनैतिक सम्बन्ध राखेको देखेर उसको बाबुले पदमफूल जस्ती सुशील युवतीसँग उसको विवाह गरिदिने योजना बनाउँछन्। यस कथामा चरित्रहीन युवतीलाई आफ्नो घरको बुहारी बनाउँदा समाज अघि मानसम्मान घट्ने डर मैतेको परिवारलाई भएको छ। यसै घटनाबाट द्वन्द्वको बीजारोपण भएको देखिन्छ। यस कथामा पदमफूल, फूलमाया र मैतेबिचको त्रिकोणात्मक प्रेमले उब्जाएको द्वन्द्व मूल रूपमा देखिएको छ। मैते र फूलमायाको चरित्र आपस्तमा विन्यासक्रमिक देखिन्छ भने यी दुईको चरित्र भन्दा विपरीत पदमफूलको चरित्र देखिन्छ। यस कथामा यही विपरीतधर्मी चरित्र नै द्वन्द्वको मूल कारक हो।

प्रस्तुत कथामा फूलमाया स्वतन्त्र प्रवृत्ति र चरित्र भएकी पात्र हो। विवाहित भएर पनि उसको शारीरिक सम्बन्ध अथवा संसर्ग अन्य पुरुषहरूसँग रहेको देखाइएको छ। सामाजिक दृष्टिकोणले यसलाई अनैतिक सम्बन्धको संज्ञा दिए तापनि फूलमायाको आन्तरिक इच्छा अथवा इद्का लागि भने यो सही छ। मानिसको आन्तरिक अथवा नैसर्गिक प्रवृत्तिलाई अहम्ले रोक्ने प्रयास गरिरहन्छ, जसले गर्दा आन्तरिक द्वन्द्वको विकास हुन्छ। यो अचेतन मनको कार्यव्यापार हो। फूलमायाको अचेतन मनमा पनि यो द्वन्द्व रहेको अनुभूत गर्न सकिन्छ। यस कथामा फूलमायाको पति फौजीका रूपमा वर्णन गरिएको छ तर ऊ फूलमायासँग कहिले देखिँदैन। कथाको समयकालभरी फूलमायाकी पति ऊसँग नहुनाले फूलमायाको आन्तरिक र शारीरिक इच्छा कसले पुरा गरिदिन्छ भन्ने प्रश्न मनोविज्ञानले गर्छ। तसर्थ उसको चरित्र स्वच्छ प्रवृत्तिको नहुनु कुनै आश्चर्यको देखिँदैन। फूलमायाको मानसिक द्वन्द्व प्रत्यक्ष नदेखिए तापनि कथागत संरचनामा उसको मनमा शारीरिक यौनेच्छा रहेको बुझिन्छ।

मैते एकजना युवा हो। उसको बढ्दो उमेर र इच्छाहरूले उसको चरित्रमा उच्छृङ्खलता देखिन्छ। तर यस उमेरमा हुने उच्छृङ्खलता पनि मनोवैज्ञानिक हुन्छ। जुनसुकै युवतीलाई मन पराउनु ती युवतीहरूसँग सम्बन्ध बनाउन खोज्नु जस्ता चरित्र मनोवैज्ञानिक विकृतिको प्रतिफल हो। मानिस जति नै इद् अवस्थामा रहे तापनि उसलाई अहम् अनि परअहम्ले कतिपय अनैतिक कार्यहरू गर्न दिँदैन। यहाँ मैतेको मनमा इद् र अहम्को द्वन्द्व छ। यो वर्णन कथामा प्रत्यक्ष नदेखिए तापनि यसको अनुभव उसको चरित्र र व्यवहारबाट थाहा पाइन्छ। मैतेले फूलमायासँग सम्बन्ध राख्नुको पछि दुवैकाबिचमा भएको इद्को कार्यफल हो। मैतेको चरित्र र फूलमायाको चरित्र समान छ तर जब मैतेले पदमफूललाई भेट्छ छ तब उसमा क्षणिक भए तापनि अपराधबोध भएको छ।

मैतेले सुन्दर र सुशील पदमफूललाई भेटेपछि *किन व्यर्थै फूलमायासँग भुलिएँछु*[76] भन्ने भाव उसको मनमा आउँदछ। यो मैतेको मनमा उठेको द्वन्द्व हो।

यस कथाकी अर्को पात्रा पदमफूल यी दुई चरित्रभन्दा नितान्त अलग छ। यद्यपि उनको मनमा पनि स्वतन्त्र जीवन बाँच्ने इच्छाहरू छन् तर उसलाई आफ्नो अहम्ले जितेको छ। मैतेको परिवार उसलाई माग्न आउँदा उसले आफ्नी आमालाई सोधेकी छ- *आमा सोधिदेउन उसलाई। अरू कोही मन परेको थियो कि, करकरापमा परेको छ कि? अँ पछि यताउति सुन्न नपरोस्, यति संझाइदिए म राजी छु*[77] यसले उसको मनमा पनि नैतिक र अनैतिकको द्वन्द्व चलिरहेको भन्ने बुझिन्छ।

यस कथामा विवाहपूर्व नै मैते र फूलमायाको शारीरिक सम्बन्ध भएकोले फूलमाया गर्भवती बनेकी देखिन्छ। यसको परिणामस्वरूप कथामा बाह्य द्वन्द्वको सिर्जना भएको छ। फूलमायाको गर्भ बस्दा गाउँलेहरूले मैतेको बाबु मक्रान्ती बाजेलाई फूलमायालाई स्वीकार गर्ने चाप दिन्छन्। यहाँ सामाजिक नैतिकताका रूपमा बाह्य द्वन्द्व प्रस्तुत भएको देखिन्छ। यसैको कारण पदमफूलले फूलमायालाई बाध्यतावश आफ्नो सौताका रूपमा स्वीकार गर्नु पर्दछ। पल्टनमा गएको मैते धेरै समय बित्दा पनि घर फर्केर आएको देखिँदैन। तर पदमफूल भने सम्पूर्ण जीवन मैतेलाई नै पर्खेर बस्छे। यसरी मैते घर नफर्कनु र जीवनभरि उसलाई पर्खिन्दै पदमफूलको मृत्यु हुनु कथामा देखिएको द्वन्द्वको प्रतिफल हो। यस कथामा प्रयुक्त द्वन्द्वविधानलाई निम्नप्रकारले हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** सामाजिक मर्यादा र परम्परागत मान्यताको कारण मैतेको परिवारले फूलमायालाई अप्नाउन नसक्नु।

---

[76]समीरण छेत्री 'प्रियदर्शी', सन् १९६४, *फूटेको मुरली,* वाणारासी, राकेश प्रेस, पृ-३७

[77]ऐजन, पृ-३७

**द्वन्द्वको विकास-** मैते र फूलमायाको प्रेमलाई बिछोड गर्न मैतेको विवाह पदमफूलसँग गरिदिनु।

**द्वन्द्वको चरम-** फूलमायाको गर्भमा मैतेको सन्तान बस्नु र गाउँलेहरूले मैतेको परिवारलाई फूलमायालाई स्वीकार गर्ने चाप दिनु।

**द्वन्द्वको निष्कर्ष-** पदमफूल, फूलमाया र मैतेको भावनात्मक सम्बन्ध बिग्रनु, मैते फर्केर घर नआउनु, पदमफूल बूढेसकालमा पनि एक्ली र असहाय भइ मृत्यु हुनु द्वन्द्वका परिणति हुन्।

### ४.३.१.२ उ पनि आमा थिई

समीरण छेत्री 'प्रियदर्शी'-को 'उ पनि आमा थिइ' कथा एउटा सामाजिक कथा हो। यस कथामा जनता व्यवस्था अथवा प्रशासनबाट कसरी शोषित भएको छ भन्ने व्यङ्ग्यात्मक रूपले देखाइएको छ। यस कथामा एकजना आमाले आफ्नो छोरोलाई निर्दोष प्रमाणित गर्नका लागि गरेको सङ्घर्ष देखिन्छ। उसको छोरो वीरेलाई कुनै एउटा भट्टी पसलमा झगडा गरेको आरोपमा अपराधी बनाइ मुकदमा गरिएको छ। यसको कारण नै आमा पात्रा द्वन्द्वले ग्रसित बनेकी देखिन्छ।

यस कथामा द्वन्द्वात्मक दृष्टिकोणले हेर्दा दुवै प्रकारको द्वन्द्व देखिन्छ। आमाको मनमा उठेको आन्तरिक द्वन्द्व र उसले भोगेको बाह्य द्वन्द्वलाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ। मूलतः यो कथा बाह्य द्वन्द्वमा आधारित कथा हो। बाह्य द्वन्द्वअन्तर्गत यो व्यक्ति-समुदायबिच हुने द्वन्द्वअन्तर्गत पर्ने कथा हो। यस कथामा एकजना आमाले प्रशासनसँग सङ्घर्ष गर्नु परेको घटनालाई देखाइएको पाइन्छ। प्रत्येक व्यक्ति नै व्यवस्थासँग सङ्घर्ष गरिरहेको हुन्छ। यसमा कति ठाउँ व्यवस्थाको जित हुन्छ भने व्यक्तिको जित कमै भएको पाइन्छ। यस कथाको अन्तमा पनि आमा (व्यक्ति)-को हार र प्रशासन (समुदाय)-को जित भएको देखाइएको छ। कथाले शोषणको प्रतीकात्मक रूप देखाए तापनि यसमा निहित द्वन्द्वले यस कथालाई सुन्दर बनाएको देखिन्छ। आफ्नो छोरो

वीरेलाई पुलिसले पक्रेर लगेपछि आमाको मनमा उठेको मानसिक द्वन्द्वले प्रस्तुत कथालाई मार्मिक बनाएको छ। यस कथाकी आमा पात्रा आफ्नो छोरो निर्दोष भएको सबैलाई भनिहिड्छे। सबैसित गुहार गरिहिड्छे। बाटातिर पनि ऊ छोराको यादमा छटपटिएकी र मनमनै बरबराएकी देखिन्छ। यस्तो स्थितिले उसको मनमा उठ्ने मानसिक द्वन्द्वको सङ्केत गरेको छ। कानुनको अघि केही गर्न नसक्दा उसको मानसिक द्वन्द्व यसरी प्रकट भएको देखिन्छ-

*आमाचाँहि एकपल्ट म्याजिस्ट्रेटको मुख चिथार्न लम्कि सकेकी थिई। उ एकपल्ट रोई- कोर्ट नै थर्काएर कराई। उसले कानुनका पुस्तकहरूलाई थुकी। ती अमोल जगल्टा आफैले छरी औं पगली झैं आँगनमा कुदी।*[78]

यस कथामा आमा पात्राले कानुनपक्षलाई गुहार मागे तापनि उसको कुरा कसैले सुनेको पाइँदैन। उसलाई सहयोग गर्नुको विपरीत वकिलहरूले उसलाई पैसा तिर्नु पर्ने कुरा गरेको देखिन्छ- *अपील कसरी गर्छ्यौं र अपील गर्नु पैसा लाग्छ तो पैसा छैनो तो कसोरी अपील हुन्छो। बोरू छोडिदिनु, सात वर्षा तो बितिहाल्दो तिम्रो छोरा आइहाल्छो।*[79] यसले समाजमा भइरहेको द्वन्द्वलाई सङ्केत गरेको छ। यस्तो कथनबाट कथामा पनि दुर्बल पक्ष र सबल पक्षबिचको द्वन्द्व व्यक्त भएको पाइन्छ। आमा पात्राले छोरा वीरेको लागि गुहार माग्दै जति नै सङ्घर्ष गरे तापनि ऊ सफल बनेकी देखिँदैन। यसको फलस्वरूप वीरेलाई जेलको सजाय भएको छ। यसरी प्रस्तुत कथामा पात्रा र समाज वा व्यवस्थाबिच द्वन्द्व देखाइएको हुनाले यस कथालाई बाह्य द्वन्द्वअन्तर्गत व्यक्ति-समुदाय द्वन्द्व प्रवृत्तिको कथा हो भन्न सकिन्छ। यस कथामा द्वन्द्वविधानको चार वटै चरण देखिन्छ-

**द्वन्द्वको आरम्भ**- यस कथामा वीरे पक्रा पर्नु द्वन्द्वको आरम्भ हो।

---

[78]ऐजन, पृ-७३

[79] ऐजन, पृ-७४

**द्वन्द्वको विकास**- वीरेलाई बचाउन आमा पात्राले गरेको सङ्घर्ष द्वन्द्वको विकास अवस्था हो।

**द्वन्द्वको चरम र निष्कर्ष**- वीरेलाई सजाय हुनु अनि आमाले उसका लागि गरेको सङ्घर्ष व्यर्थ जानु यस कथामा देखिएको द्वन्द्वको चरम र निष्कर्ष हो।

### ४.३.१.३ एक उत्कृष्ट रचना

समीरण छेत्री 'प्रियदर्शी'-को 'एक उत्कृष्ट रचना' कथा *फुटेको मुरली* कथासङ्ग्रहमा सङ्ग्रहित कथा हो। संरचनात्मक विधानले यस कथामा कथागत संरचना राम्रो देखिन्छ। प्रस्तुत कथा तीन तहमा संरचरित भएको पाइन्छ। पहिलो- सम्पादक, दोस्रो- सम्पादकले प्राप्त गरेको चिठ्ठीमा भएको प्रेषक पात्र र तेस्रो- चिठ्ठीभित्र भएको पात्रले होटेलमा भेटेको दमयन्तीको लोग्ने। यस कथाको विषयवस्तु साधारण भए तापनि यसलाई कथागत दृष्टिकोणका आधारमा हेर्नु पर्दा यस कथाको संरचना जटिल छ। यस कथामा एकजना सम्पादकको घरमा एउटा चिठ्ठी आउँछ अनि त्यस चिठ्ठीमा प्रेषकले म धेरै दिन बाँच्दिन र यो कथा प्रकाशित गरिदिनुस् भनेर निवेदन गरेको हुन्छ। त्यस चिठ्ठीभित्र एउटा कथा हुन्छ, जसमा दमयन्ती र उसको लोग्नेको कथा छ। उसलाई त्यो कथा दमयन्तीकी लोग्नेले एउटा होटेलमा दिएको हुन्छ। यस कथाभित्र चिठ्ठी लेख्ने मानिसको कथा र त्यस कथामा अझै अर्को कथा छ। त्यसैले यो संरचनात्मक दृष्टिकोणले रोचक कथा हो।

द्वन्द्वविधानका दृष्टिले यस कथालाई हेर्दा दमयन्ती र उसको लोग्नेको कथामा द्वन्द्व मूल रूपमा देखिएको छ। यस कथामा आन्तरिक अनि बाह्य दुवै द्वन्द्व देखिन्छ। प्रस्तुत कथामा बाह्य द्वन्द्व साधारण देखिए तापनि कथामा आन्तरिक द्वन्द्व भने प्रबल रूपमा प्रस्तुत भएको छ। दमयन्ती र उसको पति प्रेम एक-अर्काप्रति अत्यन्तै माया गरे तापनि कथामा उनीहरूको बिछोड भएको देखिन्छ। पतिसँग कलकत्ता घुम्न गएकी दमयन्तीलाई केही गुन्डाहरूले षडयन्त्रपूर्वक बलात्कार गर्छन्। आफ्नो सर्वस्व लुटिएपछि बलाकृत भएको पीडा र अपमानबोधले उसले आत्महत्या गरेकी देखिन्छ। यसै घटनालाई

केन्द्रित गरेर प्रस्तुत कथामा द्वन्द्वको संयोजन गरिएको छ। प्रेमले आफ्नी पत्नी दमयन्तीलाई बचाउन अनेकौं प्रयास गरेको देखिए तापनि दमयन्तीको मृत्यु भइसकेको हुन्छ। दमयन्तीको लाश देखेर पनि प्रेम यथार्थलाई स्वीकार्न सक्दैन। चेतन र अचेतनबिचको द्वन्द्वमा परेर ऊ भन्छ- *होइन..होइन..यी मेरी दमयन्ती होइनन्, म यिनलाई चिन्दिन..यिनी अर्कै दमयन्ती जस्तै रूप लिएकी युवती हुन्- मेरी होइनन्।*[80] *यसरी* यस कथामा दमयन्तीको लोग्ने प्रेमको मानसिक स्थिति मार्मिक ढङ्गमा प्रस्तुत भएको छ। सम्पादकलाई चिठ्ठी पठाउने प्रेषकले उसलाई एउटा होटेलमा भेट्छ तर त्यहाँ उसको स्थिति पागलजस्तै देखाइएको छ। दमयन्तीसँग भएको घटनाले उसलाई मानसिक चोट लागेको देखिन्छ। उसको अवस्थालाई कथामा यसरी व्यक्त गरिएको छ- *दमयन्ती...नवआगन्तुक चिच्याएर उठ्यो। म तर्सिएर ब्युझिएँ। नवआगन्तुक रोइरहेको थियो। मैले घचघचाएर ब्युझाएँ। उसले ब्युँझिएर भन्यो, 'तपाईले मेरी दमयन्तीलाई देख्नु भयो?' म छक्क परे।*[81]

यस कथालाई कुर्ट लेविनको सकारात्मक-नकारात्मक द्वन्द्वका आधारमा हेर्न सकिन्छ। लोग्नेले दमयन्तीलाई प्रेम गर्नु सकारात्मक मान्न सकिन्छ तर यसले निम्त्याएको दुर्घटनाले भने यस कथामा नकारात्मक अन्त्य दिएको देखिन्छ। यस कथामा द्वन्द्वको स्थिति सोझै विकासबाट भएको छ किन भने यसमा कथा सुरु हुनु अघि नै द्वन्द्वको विकास अज्ञात क्षेत्रमा भएको पाइन्छ। सम्पादकले चिठी पाउँदा नै त्यहाँका घटनाहरू विकसित रूपमा रहेको देखिन्छ। यस कथामा सम्पादकलाई चिठी लेख्ने प्रेषक पात्र र होटेलमा भेट हुने पात्रको कथा एकैचोटि विकसित रूपमा प्रस्तुत भएको छ। यसैले कतिपय कथामा द्वन्द्व विकसित अवस्थाबाट चरमहुँदै निष्कर्षमा पुगेको हुन्छ भन्ने यस कथाले बताएको छ।

---

[80]ऐजन, पृ-९२

[81]ऐजन, पृ-८५

### ४.३.१,४ लाहुरेको जीवन

*फुटेको मुरली*-मा सङ्ग्रहित 'लाहुरेको जीवन' कथा युद्धजन्य परिवेशमा आधारित कथा हो। यस कथामा विश्वयुद्धको सन्त्रास, आतङ्क र युद्धजन्य संहारलाई केन्द्रीय कथ्य बनाइएको छ। युद्ध र प्रेमको द्वन्द्वात्मक अवस्थाको वर्णन यहाँ भएको देखिन्छ। यस कथाको पात्र जेम्स यही युद्धजन्य परिस्थितिबिच फँसेको छ। देशप्रतिको माया र श्रद्धाको कारण बाध्यतावश आफ्नी आमा, बहिनी र प्रेमिका मार्गेटलाई छोडी युद्धमा लड्न आएकोले ऊ आन्तरिक द्वन्द्वले पीडित भएको देखिन्छ। यस कथामा आन्तरिक र बाह्य दुवै किसिमका द्वन्द्व देखिन्छ। युद्धको त्रासदीय परिवेशले उब्जाएको हिंसा, काटमार, हत्या, मृत्यु र आतङ्कलाई कथाको बाह्य द्वन्द्व मान्न सकिन्छ भने त्यस्तो त्रासद परिवेशबाट पीडित पात्रहरूमा उत्पन्न भय, त्रास र आफ्नो जीवनप्रतिको मोहलाई आन्तरिक द्वन्द्व मान्न सकिन्छ। जीवनप्रतिको यस्तै मोह जेम्समा पनि उत्पन्न भएको छ। त्यसैले ऊ युद्धको विभीषिकाबाट बाँचेर आफ्नो परिवार र प्रेमिकासँग सुखी जीवन बिताउने उसले इच्छा राख्दछ। ऊ आफ्नो परिवार अनि प्रेमिका मार्गेटलाई सम्झना गरिरहन्छ। उसले आफ्नी प्रेमिका मार्गेटलाई सम्झन्दै युद्धको विभिषिकामा व्यर्थ आएको भावना 'म' पात्रलाई पोखेको छ। तर युद्धको भयानक परिस्थितिले उब्जाएको द्वन्द्वमय परिवेशबाट ऊ घर फर्कन सक्दैन। यसको फलस्वरूप उसको दर्दनाक मृत्यु भएको देखिन्छ। यसरी जेम्समा बाँच्ने अत्यन्त इच्छा भए तापनि उसको वीभत्स मृत्यु हुनुबाट कथामा द्वन्द्वले चरमोत्कर्षता प्राप्त गरेको पाइन्छ। जेम्सको अवस्थालाई यसरी देखाएको छ-

*मैले उसलाई हेरेर भने- कहाँ लागेछ? उसले बलैले घोक्रो देखायो, घाँटीमा अनेकौं छिद्रहरू रहेछन्। उ फेरि मुस्कुरायो औं करायो, म बाँच्न चाहन्छु, मलाई बचाइदेऊ। नियालेर हेरे, उ मरिसकेछ।*[82] चारैतिर द्वन्द्वको संत्रास, युद्धको भय र डर,

[82] ऐजन, पृ-१०२

हिंसा, मृत्यु, आतङ्क जस्तो संत्रासपूर्ण वातावरणले यस कथामा बाह्य द्वन्द्व सिर्जना गरेको देखिन्छ। यसलाई कथामा यसरी व्यक्त गरिएको छ- *'आमा, पानी, पानी' अँध्यारो झाडीभित्र कता-कताबाट आवाज आइरहेको थियो। 'राम राम' भन्दै कोही गढवाली खुट्टा फेंकिरहेको थियो। अंग्रेज सिपाहीहरू पनि चुँडिएका हात-खुट्टा बटुल्दै चिच्याइरहेका थिए।*[83]

यस कथामा समुदाय-समुदायबिचको द्वन्द्व छ। दुई वटा शक्तिकाबिच उत्पन्न भएको द्वन्द्वमा जेम्स जस्ता अनेकौं सैनिकहरू बाँच्न चाहँदा चाहँदै मृत्युलाई वरण गर्न पुगेका छन्। यो द्वन्द्वले उब्जाएको नकारात्मक परिणाम हो। यस कथामा निहित द्वन्द्वविधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको प्रारम्भ-** विश्वयुद्धको पृष्ठभूमि।

**द्वन्द्वको विकास-** विश्वयुद्धको कारण जेम्सले आफ्नो परिवार र प्रेमिकालाई छोडेर जानु पर्ने बाध्यता।

**द्वन्द्वको चरम-** जेम्सले प्रेमिका र परिवारलाई सम्झन्दै युद्धभूमिमा बाँच्ने अभिलाषा राखु तर बाँच्ने चाहना हुँदाहुँदै जेम्सको मार्मिक मृत्यु हुनु।

**द्वन्द्वको निष्कर्ष-** युद्धजन्य परिस्थितिबाट उत्पन्न भएको द्वन्द्वात्मक परिवेशले ग्रसित जेम्स आफ्नो परिवारसँग मिलन नहुनु र उसको इच्छा, आकाङ्क्षाहरू अधुरो रहनु।

### ४.३.२ *असफल चित्रकार* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

*असफल चित्रकार* समीरण छेत्री 'प्रियदर्शी'-को दोस्रो कथासङ्ग्रह हो। यसको प्रकाशन ज्वाला प्रेस, वाणारासीबाट सन् १९६७ मा भएको थियो। यस कथासङ्ग्रहमा जम्मा १४ वटा कथाहरू सङ्ग्रहित छन्। ती हुन्- 'आखिर पत्नीको मन', 'चित्रकारको हार', 'सोहाग रात', 'बिग्रेको डाक्टर', 'बाबाको चिठी', 'लेखककी स्वास्नी', 'दरखास्तको जीवनी', 'टाडाको माया', 'चौकीदार', 'लीडर', 'दार्जिलिङ बाई नाइट', 'माउन्ट प्लेजेन्ट रोड',

[83]ऐजन, पृ-१०१

'उत्ताउला ओठहरू', 'उत्पादन रोकथाम' आदि। यस कथासङ्ग्रहका कथाहरू विशेषत: स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको पाइन्छ। यीमध्ये 'आखिर पत्नीको मन', 'चित्रकारको हार', 'लेखककी स्वास्नी', 'माउन्ट प्लेजेन्ट रोड' आदि कथाहरूमा द्वन्द्वलाई मूलकथ्य बनाइएको देखिन्छ। यसमा आयोजित द्वन्द्वविधानको अध्ययन यसरी गर्न सकिन्छ-

### ४.३.२.१ आखिर पत्नीको मन

*असफल चित्रकार* कथासङ्ग्रहभित्र रहेको 'आखिर पत्नीको मन' आन्तरिक द्वन्द्वमा आधारित कथा हो। यसको विषयवस्तु, घटना अनि कथागत संरचना पनि सरल देखिन्छ। तर यस कथामा निहित द्वन्द्व कथामा देखाइनुभन्दा पनि पाठकले अनुभूत गर्ने किसिमका छन्। यस कथाका पात्रकी स्वास्नीले भर्खरै एकजना सन्तानलाई जन्म दिएकी हुन्छ र यस अवस्थामा उसको पति भने कुनै एकजना वेश्यासँग भुलिएको छ। यहाँ पति-पत्नीको आस्था र विश्वासबिच द्वन्द्व छ। मनोवैज्ञानिक दृष्टिले हेर्दा एकातिर पत्नीप्रतिको माया र अर्कोतिर अतृप्त यौनको चाहनामध्ये एउटा रोज्नु परेकोले 'म' पात्रमा सकारात्मक-नकारात्मक द्वन्द्व उत्पन्न भएको देखिन्छ।

यौन भोगको चाहना व्यक्तिको नैसर्गिक प्रवृत्ति हो। मानिसलाई काम अथवा यौनको आवश्यकता पर्दछ। यसलाई अध्येताहरूले जीवनलाई विकसित गर्ने शक्तिका रूपमा वर्णन गरेका छन्। यद्यपि व्यक्तिले आफ्नो अहमद्वारा यसको नियन्त्रण गर्नु पर्छ। स्वास्नी अस्पतालमा हुँदा साथै उसकी स्वास्नी गर्भवती हुँदा सम्भवतः पात्रको मनमा यो विचलन आएको हो। फलस्वरूप ऊ वेश्या भएकोमा गएको देखिन्छ। तर कथाको अन्त्यमा आफ्नी स्वास्नीले यी सबै घटनाहरू केही थाहा नपाइ आफ्नो लोग्नेको शारीरिक अवस्थालाई देखेर *आजकल तिमी पकाउनको अल्छीले खानै छोड्यौं हो कि-हेर गालाका हड्डी देखिन लागेछ। रातभरी मेरै माया गरिबस्न किन पर्‍यो, सुतेनौं हो कि.......आँखा पनि कति रातो*[84] भन्दा पात्रको मनमा अपराधबोध भएको छ। अलफ्रेड एडलरको

[84]समीरण छेत्री 'प्रियदर्शी', सन् १९६७, *असफल चित्रकार*, वाणारासी, ज्वाला प्रेस, पृ-४

अवधारणा अनुसार व्यक्तिमा रहेको कमी कमजोरीका कारण उसलाई हीन भावना आउँछ अनि आफ्नो गल्तीहरूमा अपराधबोध गर्दछ। यस कथाको अन्त्यमा 'म' पात्रको मनमा उत्पन्न अपराधबोधले उसको मानसिक द्वन्द्वको सङ्केत गरेको छ। यस अपराधबोधमा उसको आन्तरिक द्वन्द्व प्रस्तुत भएको देखिन्छ।

द्वन्द्वविधानका दृष्टिले यो कथा सरल कथा हो। यस कथामा द्वन्द्व कतै पनि देखिँदैन तर पात्रको मानसमा भने द्वन्द्व अवस्थित छ। यसको विधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** पत्नी गर्भवती बनेपछि पति अर्थात् 'म' पात्र अतृप्त यौनेच्छाले कुण्ठित हुनु।

**द्वन्द्वको विकास-** अतृप्त यौनेच्छाले 'म' पात्रमा विचलन आउनु र पत्नीलाई धोका दिदैं वेश्या भएकोमा जानु।

**द्वन्द्वको चरम र निष्कर्ष-** बिमारी पत्नीलाई भेट्न जाँदा ऊप्रति पत्नीको प्रेम देखेपछि उसले जुन प्रेम अनुभूत गर्छ, त्यसैका आधारमा सम्पूर्ण द्वन्द्वको चित्र पाठकले पनि अनुभूत गर्न सक्छ। त्यसैले यसमा निष्कर्षले नै द्वन्द्वको चरम स्थिति देखाएको छ।

### ४.३.२.२ चित्रकारको हार

*असफल चित्रकार* कथासङ्ग्रहको पहिलो संस्करणको विषय सूचीअन्तर्गत दोस्रो कथामा 'असफल चित्रकार' लेखिए तापनि भित्री पातोमा यस कथाको नाम 'चित्रकारको हार' दिइएको छ। यस कथामा एउटी भिखारी लङ्गडी युवतीलाई एकजना कविले सधैं केही दिने गर्छ। प्रतिदिनको यस घटनाले दुईजनामा आकर्षण बढेको देखिन्छ। कविले उसलाई आफ्नो कविताको स्रोत मान्छ अनि उसलाई शारीरिक प्रेमभन्दा आत्मिक प्रेमको स्तरमा राखेर हेर्छ र त्यस भिखारी युवतीलाई पनि प्रेमको अर्थ बुझाउने गर्दछ। यस कथामा युवतीलाई त्यस कविसँग प्रेम गर्ने अनि आफ्नो मनको तृष्णा मेट्न रहर हुन्छ तर एकदिन अचानक कवि हराएको देखिन्छ। यसैबिच उसले एकजना चित्रकारलाई भेट्छ।

चित्रकारले पनि उसलाई प्रेम अनि कलाको परिभाषा मान्ने गर्दछ। कवि नआएकाले युवती पनि त्यस चित्रकारसँग मोहित बनेकी देखिन्छ। यसैबिच एकदिन चित्रकार र कविको भेट हुन्छ। उसले आफ्नो कविताको प्रेरणालाई फर्काइ माग्छ तर युवती भने कविसँग जान मान्दिन। यस कथाको घटना अघि बढ्नेक्रममा चित्रकारले एकदिन त्यस युवतीको नग्न चित्र बनाउने इच्छा प्रकट गरेको छ। त्यस प्रस्तावलाई युवतीले सङ्कोच मान्दै स्वीकार गरेकी देखिन्छ। तर चित्रकारको मनमा युवतीको शरीर देखेर वासना उत्पन्न भएको छ। त्यसैको प्रभावमा आएर उसले त्यस युवतीलाई बलात्कार गर्दछ। त्यसको फलस्वरूप त्यो युवती गर्भवती हुन्छे तर चित्रकार भने बेपत्ता बनेको देखिन्छ।

यो एउटा प्रतीकात्मक कथा हो। यहाँ स्वच्छ प्रेम र वासनात्मक प्रेमको द्वन्द्व छ। प्रेमले सदैव सकारात्मक विचारलाई प्रोत्साहन गर्छ भने वासनाले विनाशलाई निम्ताएको हुन्छ। तर मानिसभित्र लुकेको पाश्विक प्रवृत्ति प्रेम अनि वासना दुवैमा हुन्छ। यसैले नैतिक र अनैतिकताको द्वन्द्व पनि यसमा देखिन्छ।

कार्ल गुस्ताव जुङ्गले सामुहिक अवचेतनको चर्चा गरेका छन्। यसैद्वारा मानिसको व्यक्तित्व निर्माण हुन्छ। चित्रकारको यस अवचेतनलाई उसको अहम्ले स्वीकार गरेको छैन र उसले युवतीको बलात्कार गरेको छ। यस कथाको अर्कोपाटो पनि रोचक देखिन्छ। यहाँ कलाबिच हुने द्वन्द्वलाई प्रतीकात्मक रूपले चर्चा गरिएको छ। कलाका विभिन्न विधा छन्। साहित्य पनि एउटा कला हो भने चित्रकला पनि एउटा कला हो। यी दुई कलाबिच वैचारिकताको द्वन्द्व छ। कला-कलाबिच हुने द्वन्द्वले विनाश र विकास दुवै गर्छ भन्ने अभिप्राय यस कथाबाट बुझिन्छ।

**द्वन्द्वको आरम्भ-** कवि र लङ्गडीको भेट हुनु अनि उनीहरूबिच प्रेम सम्बन्ध स्थापित हुनु।

**द्वन्द्वको विकास-** कवि हराउनु र लङ्गडी उसलाई खोज्दै चारैतिर भौतारिनु, उसको मायाले विचलित र व्याकुल बन्नु।

**द्वन्द्वको चरम**- युवतीको चित्रकारसँग भेट हुनु, पुनः दुईबिच प्रेम हुनु तर चित्रकारले वासनामा लिप्त भइ उसको बलात्कार गर्नु।

**द्वन्द्वको निष्कर्ष**- लङ्गडी गर्भवती भइ दयनीय अवस्थामा पुग्नु, कवि पुनः युवती भएकोमा आउनु र उसलाई स्वीकार गर्नु।

### ४.३.२.३ लेखककी स्वास्नी

'लेखककी स्वास्नी' कथा व्यक्ति र समुदायबिच हुने द्वन्द्वको उदाहरण हो। यस कथामा वर्तमान समयमा लेखनक्षेत्रमा देखा परेको विसङ्गतिको चित्रण भएको छ। साहित्यमा व्यवसायले पारेको नकारात्मक प्रभाव र त्यसको कारण लेखनकार्य छोड्नु परेको देखाउँदै प्रस्तुत कथामा तत्कालीन लेखन र प्रकाशन व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ। यस कथाको मूल पात्र धनसिंह एकजना लेखक हो। उसले पन्ध्र वर्षदेखि कथा लेख्न थालेको भए तापनि उसको कुनै पुस्तक नछापिनाको कारण ऊ कुण्ठित बन्दै गएको देखिन्छ। साहित्यप्रति लगनशील भएर कार्य गरेर पनि उसको रचनाहरूले सम्मान नपाउँदा ऊ तत्कालीन प्रकाशन व्यवस्थाप्रति असन्तुष्टि प्रकट गर्दछ। यसैबाट कथामा द्वन्द्वको प्रारम्भ भएको छ। उसमा कला र साहित्यप्रतिको वितृष्णा हुँदै गएको छ। यस कथामा धनसिंहले साहित्य संस्थान वा प्रकाशन संस्थानसँग हार्नु परेको अनि आफ्नो जीविकाका लागि अन्य आयस्रोत अप्नाउनु परेको देखिन्छ। उसले आफ्ना साहित्यिक रचनाहरू प्रकाशनका लागि विभिन्न संस्थानमा पठाए तापनि उसको रचना प्रकाशित हुँदैन। उसको पुस्तक प्रकाशित भएपछि राम्रो जीविका चलाऊ भन्ने लेखककी स्वास्नीको चाहना छ। तर त्यो चाहना कहिले पूर्ण भएको कथामा पाइँदैन।

यस कथामा साहित्य गरेर धनी हुन सकिन्छ भन्ने विचारधारा अनि साहित्य कला हो अथवा भाषा र जातिको सेवा हो भन्ने विचारधाराबिचको वैचारिक द्वन्द्व पनि देखिन्छ। व्यक्ति र समूदायको द्वन्द्व अझै पनि समाजमा देखिन्छ। यसले व्यक्तिमा हीनता, नैराश्य अनि कुण्ठा उत्पन्न हुन्छ, जसले गर्दा व्यक्तिले अन्य थोकतिर मन लगाउदै जान्छ।

यसको परिणाम सकारात्मक पनि हुन सक्छ र नकारात्मक पनि हुन सक्छ। व्यक्तिको अहम्ले यसको निर्णय गर्छ। आफ्नो कलाको अवमूल्यन भएपछि धनसिंहको अवस्थालाई कथामा यसरी देखाइएको छ-

*स्वास्नीको सामु धनसिंह आफैलाई बिलिदैं, निखिदैं गएको जस्तो लाग्यो। उ थपक्क पाण्डुलिपि चेपेर चुल्हामा गएर हेर्यो।...उसले आफ्नै हातले पाण्डुलिपि च्यात्यो औ सल्काएर बेसरी ताप्यो। उसले कुन्नी के सम्झ्यो-ओभरकोट लाएर बाहिर निस्क्यो।*[85]

यसरी प्रकाशन व्यवस्थापकहरूले लेखकको रचना प्रकाशित नगरिदिएपछि लेखकले आफ्ना रचनाहरू जलाएका छन्। यो एउटा व्यक्ति र समुदायबिचको द्वन्द्वमा व्यक्तिको हार हो। आफ्ना रचनाहरू जलाएपछि उसले अन्य आय स्रोतको मार्ग रोज्छ। यस कथामा लेखकले आफ्नो कुण्ठा वा नैराश्यलाई अर्को दिशातर्फ लगेका छन्। द्वन्द्व सिद्धान्तमा यसलाई स्थानान्तरण भनिन्छ, जहाँ व्यक्तिले एउटा इच्छालाई अर्को स्थानमा परिवर्तन गरेर मनोद्वन्द्व समाधान गर्दछ। यस कथामा व्यक्ति र समुदायबिच हुने द्वन्द्वको राम्रो उदाहरण पाइन्छ भने यसको द्वन्द्वविधान पनि आरम्भ, विकास, चरम र निष्कर्षमा आधारित देखिन्छ। यसको द्वन्द्वविधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** धनसिंहले आफ्नो पुस्तकहरू प्रकाशित गर्नु नसक्नु।

**द्वन्द्वको विकास-** धनसिंहका कुनै पनि पुस्तकहरू प्रकाशकले प्रकाशित नगर्नु।

**द्वन्द्वको चरम** - त्यसको रिसमा उसले आफ्ना सम्पूर्ण रचनाहरू जलाउनु।

**द्वन्द्वको निष्कर्ष-** आफ्नो मनोद्वन्द्वलाई नियन्त्रण गर्न आफ्नो कृति छपाउने इच्छालाई हटाएर धनसिंह र उसकी स्वास्नीले नयाँ व्यापार सुरु गर्नु यसको निष्कर्ष हो।

### ४.३.२.४ माउन्ट प्लेजेन्ट रोड

'माउन्ट प्लेजेन्ट रोड' कथा बाल मनोद्वन्द्वमा आधारित कथा हो। यस कथाको विषयवस्तु र केही घटनाहरू रूसी कथाकार चेखवको 'वानका' कथासँग मिल्दो देखिन्छ।

---

[85]ऐजन, पृ-४७

उक्त कथामा वानकाले आफ्नो मालिकको अत्याचारले आफ्नो बाजेलाई चिठ्ठी लेखेको छ भने यस कथामा लाक्पाले आफ्नो बाबालाई मनको दु:खहरू लेखेको छ। कथाको विषयवस्तुहरू एकै प्रकारको देखिए तापनि घटनाको शृङ्खला भने अर्कै देखिन्छ। यो कथा पूर्ण रूपले बाल मनोद्वन्द्व अथवा आन्तरिक द्वन्द्वमा आधारित छ भनेर किटान गर्न सकिँदैन किनभने यसमा लाक्पाकी आमाले भोगेकी दु:ख बाह्य द्वन्द्वको सङ्केत हो। यस कथामा युद्धको त्रास र यसको प्रभाव पनि देखिन्छ। चिनियाँ सिपाहीहरूको अत्याचार र शोषणको सिकार बनेकी लाक्पाकी आमा बलात्कृत भएकी छ भने त्यहाँबाट भागेर भारत आएपछि पनि ऊ अन्यको मानिसको जालमा परेर बिक्री हुन परेको छ। यहाँ समूदायको शोषण र व्यक्तिको हार भन्ने प्रत्यक्ष देखिन्छ। यति मात्र नभएर निर्बललाई सबलले गर्ने शोषण पनि प्रतीकात्मक रूपले व्यक्त भएको छ। यस बाह्य द्वन्द्वको प्रभाव लाक्पामा परेको देखिन्छ। ऊ सानो बालक भएको हुनाले उसलाई बाह्य द्वन्द्वको कुनै ज्ञान छैन तर यसको प्रभाव भने उसको बाल मनमा गहिरोसँग परेको छ। आफ्नै अघि ती सिपाहीहरूले उसकी आमालाई बलात्कार गरेको दृश्य देख्दा लाक्पाको मनमा जुन मानसिक स्थिति उत्पन्न भएको छ, त्यो अकल्पनीय छ। लाक्पा र उसको आमा भारत आएपछि पनि उसले आफ्नो आमा गुमाउन वा हराउन परेको पीडा खप्नु परेको देखिन्छ। यसका साथै ऊ काम गर्ने होटेलको मालिकले उसलाई राम्रो खान नदिने र कुट्ने-पिट्ने गर्ने गर्दछ। एकातिर बालश्रम गर्न मन नपर्नु तर अर्कोतिर बाँच्नका लागि बालश्रम गर्नु पर्ने बाध्यताबाट लाक्पामा नकारात्मक-नकारात्मक द्वन्द्वको विकास भएको देखिन्छ। यसको प्रतिफल लाक्पाले आफ्नो बाबुलाई लेखेको चिठ्ठीबाट थाहा लाग्दछ। लाक्पाले आफ्नो मनको सम्पूर्ण पीडा चिठ्ठीको माध्यमले आफ्नो बाबुलाई सुनाउँछ तर त्यो चिठ्ठी लेख्ने शैली भने बढो मार्मिक छ। यसलाई कथामा यसरी देखाइएको छ-

*लाक्पाले पहिला एउटा लामो धर्सा तान्यो औ एकपल्ट मुस्कुरायो।...सायद उसले आफ्नो देश, माता-पिता तथा बन्धु-बान्धवका स्मरण गर्न लाग्यो होला।...लाक्पाले यो*

*कागजमा पेन्सिलले फेरी अर्को धर्सा एकपल्ट कोर्यो। त्यो कोराई अझ दर्दभरी व्यथा लुकेको हुनसक्छ। सायद उसले अक्षररहित पत्रमा आफ्नो सफरमा घटेका दुखमय घटनाहरूका कहानी सुनाईरहेको थियो।...अर्को धर्का तान्यो...उसका पाखुरामा ठुलो चोट थियो, मालिकले अस्ति पिटेको। उसले आफ्नो वर्तमान अवस्थाको पोल चिठ्ठीमा सकेसम्म पोखायो।*[86]

यसले लाक्पाको मनमा ती सम्पूर्ण घटनाहरूले कति ठुलो प्रभाव पारेको छ भन्ने देखाएको छ। यस कथाको अन्तमा लाक्पाले प्रत्येक धर्कामा आफ्नो मनको पीडा राखेपछि पोस्ट अफिसको ढ्वाङमा गएर चिठ्ठी लगाउँछ। तर त्यस चिठ्ठीमा ठेगाना र नाम नभए पनि उसले आफ्नो मनको पीडा आफ्नो बाबुसम्म पुगोस् भन्ने चाहनाले त्यो चिठ्ठी लेखेको छ अनि बाबुले त्यो चिठ्ठी पायो होला भन्ने कल्पनामा ऊ डुबेको छ। आन्तरिक द्वन्द्वका आधारमा लेखिएको यस कथामा द्वन्द्व विधान त्रिकोणात्मक रूपमा नै प्रस्तुत भएको देखिन्छ। यसलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** तिब्बतलाई चीनले अधिकारमा लिएको भूमिका।

**द्वन्द्वको विकास र चरम-** चिनियाँ फौजले लाक्पाकी आमालाई बलात्कार गर्नु, लाक्पा र उसको आमाको बिछोड हुनु, आमा पात्र बेचिनु, लाक्पा अर्काको शोषणमा बस्नु अनि लाक्पाले यी सम्पूर्ण दु:खहरू आफ्ना बाबालाई मार्मिक ढङ्गमा चिठी लेख्नु।

**द्वन्द्वको निष्कर्ष-** यस कथाको निष्कर्षमा कुनै स्थिति साम्य देखिँदैन। लाक्पाले आफ्नो बाबाले चिठी पायो होला भन्न कल्पनाका साथ नै यो कथा अन्त भएको छ। यस दृष्टिले हेर्दा कथामा द्वन्द्वको त्रिकोणात्मक स्वरूप देखिए तापनि द्वन्द्वको विकास र उत्कर्षले नै कथा आकर्षित बनेको देखिन्छ।

### ४.३.३ *अर्को मान्छे* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

[86]ऐजन, पृ-९६-१००

*अर्को मान्छे* कथासङ्ग्रह समीरण छेत्री 'प्रियदर्शी'-को तेस्रो कथासङ्ग्रह हो। यसको प्रकाशन यूनिभर्सल प्रिन्टर्स गान्तोकबाट सन् १९८६ मा भएको थियो। यस कथासङ्ग्रहमा जम्मा २० वटा कथाहरू सङ्ग्रहित छन्। ती हुन्- 'धनबहादुरको लौरो', 'घर झगडा', 'मनेलाई कसले जन्माउने?', 'स्वाधीन प्राप्तिको लागि', 'अन्धकार भइहालोस्', 'मान्छेको असल झमेला', 'दम सकिएको घडी', 'म गोली थाप्न सक्छु', 'छिमेकीसँग प्रेम', 'सेड भित्र र बाहिर', 'सूर्यकिरण छरिएपछि', 'अर्को मान्छे', 'गान्तोकको एक साँझ', 'जिल्लाको माटो', 'सोमबहादुरको संसार', 'तीतो कुइनाइन र सरकारी खाता', 'उ फर्केन फेरि', 'नीलो क्लिप' र 'कालो सनग्लास', 'बाबुको छोरो', 'प्याक अप फर् द डे' आदि। यी मध्ये 'स्वाधीन प्राप्तिको लागि', 'सूर्यकिरण छरिएपछि' 'छिमेकीसँग प्रेम', 'तीतो कुइनाइन र सरकारी खाता' आदि कथाहरूमा द्वन्द्वविधानको सशक्त संयोजन गरिएको देखिन्छ। यसमा प्रयुक्त द्वन्द्वविधानको अध्ययन निम्न प्रकार सकिन्छ-

### ४.३.३.१ स्वाधीनता प्राप्तिको लागि

'स्वाधीनता प्राप्तिको लागि' कथा *अर्को मान्छे* कथासङ्ग्रहभित्र सङ्ग्रहित कथा हो। यसका मूल पात्र-पात्रा कथा मनोज, जिते, पराजिता र अर्पणा हुन्। यस कथामा सामाजिक न्याय र विसङ्गतिको चर्चा नै अघि बढेर व्यक्तिगत रूपमा परिणत भएको स्थिति देखिन्छ। यस कथाको आरम्भ वैचारिक द्वन्द्वबाट सुरु भएर अन्तमा यो बाह्य द्वन्द्वमा परिणत हुन्छ। *भारत स्वाधीन भएको छत्तीस वर्ष भइसक्दा पनि दरिद्रताको कठोर घातले आज अधिकांश मानिस जर्जित छ*[87] भन्ने संवादबाट कथा सुरु भएर जितेको दर्दनाक मृत्यु वा हत्यामा कथा सकिएको छ। जितेलाई यस कथामा उच्छृङ्खल देखाइएको छ भने अन्य तीनजना पात्रहरू अन्तर्मुखी पात्रहरू छन्। जितेको स्वभाव अन्यभन्दा भिन्न छ। प्रस्तुत कथा पढ्दा पाठकलाई पनि जितेलाई जे भयो त्यही सही थियो भन्ने लाग्छ तर कथाको संरचनात्मक रूपलाई हेर्दा जिते वास्तवमा सबै कुरादेखि स्वाधीन हुन चाहने व्यक्ति हो।

[87]समीरण छेत्री 'प्रियदर्शी', सन् १९८६, *अर्को मान्छे,* गान्तोक, यूनिभर्सल प्रिन्टर्स, पृ-३०

जितेको व्यक्तिगत चरित्र हेर्दा उसमा अनैतिकताको झलक देखिन्छ। त्यसैले ऊ भन्छ- *साँच्चै मनोज बाबु दार्जिलिङको कुनै कथाकारले स्वास्नी साट्ने प्रसङ्गमा एउटा कथा लेखेको थियो पढ्नु भयो? यो कुरा हामीबाट पनि सम्भव हुन सक्छ। उज्यालो भएपछि म तपाईलाई साटासाटको लागि पठाउँछु.. ।*[88]

यस कथनलाई अन्तर्मुखी स्वभाव वा चरित्रले गम्भीरताका साथ लिएको छ। यसको कारण जितेको भयङ्कर हत्या हुन्छ, जसमा तीनैजना पात्रहरूको हात रहन्छ। यस कथामा जिते एउटा सबल जातिको शोषणमा परेको शोषित जातिको आक्रोशको सिकार भएको देखिन्छ। जिते अन्य समूदायबाट हुन्छ भने मनोज अर्को समुदायबाट हुन्छ। जिते जुन समुदायबाट आएको हुन्छ त्यस समुदायले मनोजको समुदायलाई धेरै वर्षदेखि शोषण गर्दै आएको प्रसङ्ग कथामा देखाइएको छ। यसले पनि मनोजको मानसिकता एउटा हतासा देखिन्छ। त्यसरी नै बेकारी मनोजकी स्वास्नी बैङ्कमा काम गर्ने हुन्छ र उसको हरेक इच्छाहरू उसकै पत्नीद्वारा पुरा गर्नु पर्ने हुन्छ । ऊ वास्तवमा आफ्नी स्वास्नीको अधिनस्थ देखिन्छ। यसले उसलाई अन्तर्मुखी बनाएको देखिन्छ भने यसको ठीक विपरीत जिते छ। यसो हुँदा यहाँ वैचारिक द्वन्द्वको प्रतिफल बाह्य द्वन्द्वका रूपमा जितेको हत्यामा परिणत हुन्छ। यस दृष्टिले यहाँ अन्तर्मुखी स्वभाव र बहिर्मुखी स्वभावको द्वन्द्व पनि देखिन्छ। यस कथामा जितेको स्वभावले नै द्वन्द्व निर्मित भएको पाइन्छ। कथामा जितेको खुल्ला स्वभाव नै यस द्वन्द्वको कारण हो। यस कथामा घटनाहरू सामान्य रूपले अघि बढेको देखिन्छ तर उत्कर्षमा जितेले स्वास्नी साट्न सकिन्छ भने पछि कथाले अर्कै मोड लिन्छ र यसको निष्कर्ष भयानक बन्छ। द्वन्द्वविधानका दृष्टिले यो कथा निष्कर्षले आकर्षित गर्ने कथा हो। आरम्भ र विकासभन्दा यसमा चरम र निष्कर्षले कथाको सौन्दर्य प्रकट गरेको पाइन्छ।

---

[88]ऐजन, पृ-४०

### ४.३.३.२ सूर्यकिरण छरिएपछि

समीरण छेत्री 'प्रियदर्शी'-को 'सूर्यकिरण छरिएपछि' कथामा अस्तित्ववादी विचारधारा प्रकट भएको देखिन्छ। प्रस्तुत कथामा मेडिकल क्षेत्रमा भएको विसङ्गति, भष्ट्रचार र हेलचेक्राइबाट मानिसहरूले अकाल मृत्यु वरण गर्नु परेको यथार्थ चित्रण भएको छ। यस कथाको मूल पात्र गगनसिंह एउटा शिक्षक हो। शिक्षक हुनुभन्दा अघि ऊ पनि त्यस्तै मेडिकलमा काम गर्थ्यो। गगनले बिमारी पत्नीलाई दवाई सेवन गराउँदा नकारात्मक असर भइ गर्भपात हुनु र निद्रा नलाग्ने बिमारले ग्रस्त भएकी देखिन्छ। यसै बिमारले गर्दा ऊ पागल भइ मार्मिक मृत्यु हुनुबाट यस कथामा द्वन्द्वको प्रारम्भ भएको छ। गगनले पत्नीको मृत्यु हुनुमा आफैलाई दोषी ठहराउदै अपरोधबोध गरेको देखिन्छ। उसले शिक्षक पेशा अप्नाएपछि पनि पत्नीको मृत्युको प्रभाव उसको मन-मस्तिष्कबाट मेटिदैंन।[89] यस्तो परिस्थितिबाट उत्पन्न कुण्ठा, चिन्ता र पीडाले गगन द्वन्द्वग्रस्त भएको छ। यही द्वन्द्वले गर्दा उसमा अस्तित्ववादी धारणाको विकास भएको छ। त्यसैले मृत्युलाई वरण गर्न पनि ऊ केही झैं मान्दैन। उसलाई जीवनका सम्पूर्ण मूल्य-मान्यता निरर्थक लाग्न थाल्दछ। यसलाई कथामा यसरी व्यक्त गरिएको छ-

*जीवनको कुनै मूल्य छैन। मानिसहरू मलाई निराशावादी भन्छन्...यो नैराश्यताकै कुनै मूल्य छैन। मनुष्य र जीवजगत् आफ्नो जम्मै तितो मीठो अनुभव लिएर पृथ्वी र सौरजगतको आयुभित्र सीमाबद्ध छ।...सीमाबद्धताभित्र म कष्ट अनुभव गर्छु। मेरो भन्नु अब केही छैन। यो सानो शिशिमा एकफाले विष छ। कतिले भन्लान् गगनले यो पवित्र स्कुल भवन किन चुन्यो मर्नका लागि। मैले आफ्नै घरमा चेष्टा गरेकै हो। शैशव,*

---

[89]राजेन्द्रप्रसाद भण्डारी, सन् २००१, *सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मुल्याङ्कन,* शोधप्रबन्ध, उत्तरबङ्ग विश्वविद्यालय, पृ-२६७

*किशोरावस्था र यौवनका असंख्य विगत स्मृति बोकेर मेरो घरको प्रत्येक देवलले मलाई बाधा गऱ्यो।*[90] गगनले आफ्नो मृत्यु आफैले पूर्वनिर्धारित गर्नुमा जीवनप्रति मोहभङ्ग हुनु र अस्तित्वबोधको प्रभाव देखिन्छ। यस कथामा प्रयुक्त द्वन्द्वविधानलाई निम्नप्रकारले हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** मेडिकलमा भएको भष्ट्रचार।

**द्वन्द्वको विकास-** गगनले दिएको दवाईको सेवनले उसको पत्नीको गर्भपात भइ पागल हुनु।

**द्वन्द्वको चरम-** पत्नीको मृत्यु हुनुमा उसको पनि गल्ती भएको गगन अपराधबोधले पीडित हुनु अनि उसले पनि मृत्युलाई ग्रहण गर्न खोज्नु।

**द्वन्द्वको निष्कर्ष-** गगनमा अस्तित्वबोध हुनु र मृत्युलाई वरण गर्नु केही झैं नलाग्नु।

### ४.३.३.३ छिमेकीसँग प्रेम

'छिमेकीसँग प्रेम' कथा वैचारिक मतदेखि अघि बढ्दै व्यक्तिगत द्वन्द्वमा परिणत भएको कथा हो। यस कथामा छिमेकीसँग लडाइँ गराउने छिमेकी नै हुन्छ भन्ने जस्ता तथ्यहरू पाइन्छ। प्रस्तुत कथा 'म' पात्र, बसन्ती, सुकमाया र इशाबेलाबिच घुमेको छ। यसमा पनि मूल रूपमा सुकमाया, बसन्ती र इशाबेलाबिच द्वन्द्व देखिन्छ। यस कथाको आरम्भमा इशाबेला र 'म' पात्रबिच वैचारिक सङ्घर्ष छ। यहाँ धर्म र संस्कृतिबिचको वैचारिक सङ्घर्ष देखिन्छ। यहाँ इशाबेला ईसाइ अनि 'म' पात्र हिन्दु भएकाले धार्मिक मतभेदले ल्याउने वैचारिक रूपको द्वन्द्व प्रकट भएको देखिन्छ। यही द्वन्द्व पछि गएर व्यक्तिगत द्वेषको रूपमा परिणत भएको पाइन्छ। बसन्ती र इशाबेलाबिच राम्रो सम्बन्ध हुँदा हुँदै पनि कथाको घटनाक्रम बढ्दै गएपछि खराब हुँदै गएको देखिन्छ। यस्तैमा अर्को पात्रा सुकमाया बिरामी हुन्छे। सबैले ज्वरो भनेको देखिए तापनि वास्तवमा त्यो बिमार उसको पेटमा भएको नानीले गर्दा हो भन्ने हल्ला सुनिन्छ र भ्रुण हत्या गर्नुको मूल

[90]समीरण छेत्री 'प्रियदर्शी', सन् १९८६, पूर्ववत्, पृ-१०९

कारण 'म' पात्र अर्थात् मालिक हो भन्ने आरोप पनि फैलिँदै जान्छ। सुकमाया बसन्तीको घरमा काम गर्छे र इशाबेलाको भनाइले सुकमायाको पेटमा भएको बच्चा उसैको मालिक अथवा 'म' पात्रको हो भन्ने बुझिन्छ-

*तपाईले कुरा को सँग लुकाउनु हुँदैछ दिदी। मलाई चिन्नु हुन्छ? मैले सारा पातलेबास घुमेर खैलो गरेर आएकी छु....त्यो दुष्ट पुरुष पनि को हो, मेरो अढकल पक्का निस्क्यो।*[91]

यसरी इशावेलाले शङ्का गरे तापनि सुकमायाको कथनअनुसार उसको पेटमा नानी थिएन र इशाबेलाले नभएको कुरा गाउँ घरतिर गर्दै हिँडी भन्ने बुझिन्छ। यसैबिच इशाबेला र सुकमायाको ठुलो झगडा हुन्छ। यहाँ नारीको कुरौटे स्वभावले नै द्वन्द्वको सिर्जना भएको देखिन्छ। सुकमायाको पेटमा नानी थियो वा थिएन त्यसको कुनै प्रमाण कथामा देखिँदैन तर इशाबेलाले सुकमायाको पेटमा नानी छ भनेको कारणले उत्पन्न भएको झगडालाई नै गाउँलेहरूले विश्वास गरेको छ र सबै इशाबेलापट्टि नै लागेको कथामा देखिन्छ। यहाँ नारी नारीबिच हुने द्वन्द्व वा नारी नारीबिच हुने अहङ्कारको द्वन्द्व पनि देखिन्छ। यो कथा आन्तरिकभन्दा धेरै बाह्य द्वन्द्वमा आधारित छ। यस कथामा द्वन्द्वको विधानले चारै चरणलाई पार गरेको छ-

**द्वन्द्वको आरम्भ-** इशाबेला र बसन्तीको मित्रता, इशाबेला र 'म' पात्रको धर्म र संस्कृतिले उब्जाएको भेदभाव।

**द्वन्द्वको विकास-** इशाबेला र बसन्तीबिच द्वन्द्व बढ्दै जानु, बसन्तीको काम गर्ने सुकमाया बिमार हुनु।

**द्वन्द्वको चरम-** सुकमायाको पेटमा नानी भएको र त्यसको बाबु चाहिँ 'म' पात्र हो भन्ने सङ्केत गर्दै इशाबेलाले रिस गर्नाका कारणले सुकमाया र इशाबेलाबिच ठुलो झगडा हुनु।

---

[91]ऐजन, पृ-८६

**द्वन्द्वको निष्कर्ष**- सबैले इशाबेलाको पक्ष लिनु र सुकमाया एक्लै हुनु।

### ४.३.३.४ तीतो कुइनाइन र सरकारी खाता

'तीतो कुइनाइन र सरकारी खाता' कथा शोषक र शोषितबिच हुने द्वन्द्वको कथा हो। यस कथामा आर्थिक रूपमा विपन्न श्रमिकहरूलाई मालिकवर्गले गर्ने शोषणलाई देखाइएको छ। यो वर्ग सङ्घर्षमा आधारित कथा हो। प्रस्तुत कथामा राम्रो खान र लगाउन नपाउनु, बिमारी लोग्नेलाई उपचार गर्न नसक्नु जस्तो अवस्थाबाट निम्नमध्यम वर्गले आर्थिक समस्यासँग गर्नु परेको सङ्घर्षको मार्मिक ढङ्गमा प्रकट भएको छ। यस कथाको मूल पात्रा सावित्री यस्तै आर्थिक र वर्गीय द्वन्द्वको चपेटमा परेकी देखिन्छ। आर्थिक विपन्नताका कारण कुल्ली काम गर्ने सावित्रीको दमित इच्छाहरू परिपूर्ति नहुनुले ऊ द्वन्द्वग्रस्त बनेकी छ। यसैबाट कथामा द्वन्द्वको प्रारम्भ भएको छ। यस कथामा सरदार र बहिदार जस्ता शोषकहरूले कुल्लीहरूमाथि गरेको शोषण र अत्याचारको मार्मिक प्रस्तुति पाइन्छ। सावित्रीले रगत पसिना बगाइ काम गर्दा पनि ती शोषकहरूले पाउने हक भन्दा कम पैसा दिनुबाट उसमा द्वन्द्व विकसित भएको देखिन्छ। यस्तो शोषण देखेर पनि सावित्रीले केही गर्न नसक्नुको बाध्यतालाई कथामा यसरी व्यक्त गरिएको छ-*उसलाई लाग्यो बन कन्दरा थर्काउने गरेर उ अब कराउँछे- भुल...सब सरकारी खाता भुल...गरिबको रगत पिउँछन् यिनीहरू! सावित्रीको सिद्राको सपना पूरा भएन।...सावित्रीले ढुंगा टिपी तर बहिदारमाथि प्रहार गर्न सकिन बरू आफ्नो च्यातिएको दुपट्टा मरक मरक चपाउँदै घरतिर लागी।*[92]

प्रगतिवादी प्रवृत्तिका आधारमा लेखिएको यस कथामा द्वन्द्वको सामाजिक रूप देखिन्छ। यस कथामा मालिकहरूले श्रमिकहरूलाई गर्ने शोषण र त्यस शोषणमा श्रमिकहरूले पाउने दु:खबारे राम्रो विवरण पाइन्छ। द्वन्द्वले युद्ध र सङ्घर्षलाई बुझाउँछ। यसले आन्तरिक मनको विविध परिस्थितिहरू पनि बुझाउँछ। यसबाहेक द्वन्द्वले स्थिति र

---

[92]ऐजन, पृ-१६३

परिस्थितिको समीकरण पनि देखाउँछ। सावित्रीको स्थिति र परिस्थितिले कथाको मूल द्वन्द्वलाई सङ्केत गरेको छ। उसको मनमा उत्पन्न हुने आक्रोश वा विद्रोहलाई व्यक्त गर्न नसक्नुको कारण उसको मनमा हीनताबोध र नैराश्य उत्पत्ति भएको छ। यस कथामा सावित्रीको मनस्थिति नै कथाको मूल द्वन्द्व हो। कार्ल मार्क्सले द्वन्द्वलाई सामाजिक विकासको एउटा प्रेरक तत्त्व मानेका छन् तर आख्यानात्मक द्वन्द्वले कथाको मर्मलाई देखाउँछ। सावित्रीले पाएको दु:ख र उसको मानसिक द्वन्द्वले पाठक मर्माहत भएको छ भने शोषक वर्गप्रति आक्रोश पनि उत्पन्न भएको छ। यस कथामा पनि द्वन्द्वका चारै चरण देखिन्छ।

**द्वन्द्वको आरम्भ**- आर्थिक सङ्कट र सावित्रीको सङ्घर्षमय जीवन यसको आरम्भ हो।

**द्वन्द्वको विकास**- सावित्रीको पसिनाको कमाइमा सरदार अर्थात् शोषकवर्गहरूले शोषण गर्दै जानु।

**द्वन्द्वको चरम**- आफ्नो हकको पैसा नपाउँदा सावित्रीले आफ्नो स्वर उठाउनु र शोषणको प्रतिवाद गर्नु।

**द्वन्द्वको निष्कर्ष**- यसको निष्कर्ष कुनै सन्तोषजनक छैन। समूदायले व्यक्तिको शोषण नै गरिरहन्छ भन्ने प्रतिकात्मकतामा कथाको अन्त भएको देखिन्छ।

### ४.३.४ *नीलो झिंगा* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

*नीलो झिंगा* समीरण छेत्री 'प्रियदर्शी'-को चौथो कथासङ्ग्रह हो। यसको प्रकाशन आवाज प्रकाशन, गान्तोकबाट सन् १९९३ मा भएको थियो। यस कथासङ्ग्रहमा जम्मा ७ वटा कथाहरू छापिएको पाइन्छ। ती हुन्- 'लावारिश लाश', 'आत्महत्या', 'नीलो झिंगा', 'साहेबको गाडी : मेम साहेबको देवर', 'अब दुश्मनको डर छैन', 'धनबहादुरको लौरो', 'कालो झोला' आदि। 'नीलो झिंगा', 'लावारिश लाश', 'आत्महत्या' आदि कथाहरूमा प्रयुक्त द्वन्द्वविधानलाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ-

### ४.३.४.१ नीलो झिंगा

'नीलो झिंगा' मनोवैज्ञानिक द्वन्द्वमा आधारित कथा हो। अल्फ्रेड एडलरको भनाइअनुसार हीनत्वग्रन्थि पनि द्वन्द्वको एउटा कारक तत्त्व हो। यसैको प्रभाव कथाको मूल पात्र लखनमा देख्न सकिन्छ। आफ्नै दाजुको प्रतिक्रियाहरूले हीनताबोध भएको लखनलाई सदैव नीलो झिंगाको स्मरण हुनु र आफ्नो सैलुनमा त्यो झिंगा देखु उसको हीनताको प्रतीक हो। फोहोर मैलामा भन्किने नीलो झिंगासरह आफूलाई ठान्नु उसको हीनता ग्रन्थिको प्रभाव हो। यसले उसलाई आफ्नो दाजुप्रति प्रतिशोधको भावना जागेको अनुभव गर्न सकिन्छ। लखनमा आफ्ना दाजुले गरेको व्यवहारले नै मानसिक द्वन्द्व उत्पन्न भएको छ। ऊ जहिले पनि आफ्नो अतीतको घटनाहरू स्मरण गर्छ। यसले उसको अवचेतन मनमा कुनै पीडा छ भन्ने बोध हुन्छ। लखन र उसको दाजु रामलखनबिचको स्थिति नै प्रस्तुत कथामा द्वन्द्वको आधार हो तर यसले मूलतः लखनलाई मात्र प्रभाव पारेको छ।

शक्तिशालीले शक्तिहीन व्यक्तिलाई कुनै न कुनै प्रकारले शोषण गरिरहेको हुन्छ र त्यहाँ द्वन्द्वको विकास हुन्छ। यस्तै स्थिति लखनमा उत्पन्न भएको छ। यस कथामा लखन र रामलखनबिच मानसिक द्वन्द्व देखिन्छ। यो व्यक्ति-व्यक्तिबिचको द्वन्द्व हो। यस्तो द्वन्द्वमा व्यक्ति अर्को विरोधी व्यक्तिसँग सङ्घर्ष गरिरहन्छ। लखन भाउज्यु बैशाखीप्रति आकर्षित हुनुमा यही प्रतिस्पर्धाको भावनालाई मान्न सकिन्छ। भाउज्युप्रतिको आकर्षण र उसमा निहित अतृप्त यौनको चाहनालाई परिपूर्ति गर्ने माध्यम नपाउँदा ऊ कुण्ठित बनेको छ। यही कुण्ठा नै कथाको अन्त्यमा विकृत रूपमा परिणत भएर ऊ हत्यारा बन्न पुगेको देखिन्छ। तर उसको यो अपराध चेतनमा अवस्थामा नभएर अवचेतन अवस्थामा भएको हो[93] भन्ने कुरालाई कथामा यसप्रकार देखाएको छ-

[93]धनबहादुर मगर, सन् २०१३, पूर्ववत्, पृ-१३७

*अपराधी लखन वैशाखी भाउज्युलाई नै सम्झी रहेको थियो, घोक्रो कटिएको मान्छे उसले देखेकै थिएन केवल नीलो झिंगा उसको कानमा पखेटा बजाउदै ब्युँझाउन खोज्दै थियो।*[94]

द्वन्द्वविधानका दृष्टिले यसमा चारै चरण देखिन्छ र यी चार वटै चरणहरू कथामा महत्त्वपूर्ण छ। आरम्भ र विकास पनि चरमका लागि महत्त्वपूर्ण छ अनि यसको निष्कर्षले कथाको स्थिति नै परिवर्तन गरेको देखिन्छ।

**द्वन्द्वको आरम्भ-** दाजुको परपुरुष व्यवहारले लखनमा कुण्ठा उत्पन्न हुनु।

**द्वन्द्वको विकास-** आफू एक्लो भएको अनुभवपछि बिस्तारै उसकी भाउज्यूप्रति आकर्षित हुनु तर दाजुको नकारात्मक प्रतिक्रियाहरूले ऊ अझै कुण्ठित हुँदै जानु।

**द्वन्द्वको चरम-** लखनले एकदिन आफ्नो पसलमा केश काट्न आउने ग्राहकलाई आफ्नै दाजु देख्नु र उसले गरेका सम्पूर्ण शोषण वा क्रियाकलाप सम्झन्दै अवचेतन अवस्थामा त्यस ग्राहकलाई दाजु सम्झेर गला काटिदिनु।

**द्वन्द्वको निष्कर्ष-** लखन वास्तवमा स्थिति र परिस्थितिको सिकार भएको देखिन्छ। उसको मानसिक द्वन्द्वले नै उसलाई हत्यारा बनाएको छ। यो द्वन्द्वको निष्कर्ष हो।

### ४.३.४.२ लावारिश लाश

'लावारिश लाश' नागर जीवनको विसङ्गतिपूर्ण वातावरणलाई लिएर लेखिएको कथा हो। यस कथामा आर्थिक समस्याका कारण निम्नवर्गीय मानिसहरूमा देखिएको मूल्यह्रास र द्वन्द्वको राम्रो चित्रण पाइन्छ। प्रस्तुत कथामा सहरिया परिवेश र त्यहाँको संवेदनहीन भइसकेका मानिसहरूको चित्रण गर्दै आजको व्यापारिक जीवनमाथि व्यङ्ग्य कसिएको छ। यस कथाको मूल पात्र रघुवीर एउटा रिक्सावाला हो। समाजका धनी वर्गबाट हेपिनु र तिरस्कृत हुनुको पीडाले गर्दा उसमा नकारात्मक प्रवृत्तिको जन्म भएको छ। जस्तोलाई त्यस्तै भन्ने भाव रघुवीरमा देखिन्छ। यसैले उसको रिक्सामा लाश होस् वा बिमारी,

[94]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९३, *नीलो झिंगा,* गान्तोक, आवाज प्रकाशन, पृ-१५

कसैलाई पनि दया, धर्म नगरी पैसाको हिसाब गर्न थाल्दछ। यहाँ व्यक्ति र समुदायबिचको द्वन्द्व देख्न सकिन्छ। गरिबीको मार र यातनाले गर्दा उसमा मानवीय संवेदना मृतप्राय छ, लाटी छोरीलाई देख्दा मात्र यदाकदा त्यो ब्युँझिए झैं हुन्छ।[95] त्यही लाटी छोरीको विवाह गर्नु पर्ने तर विवाहको लागि भनेको जस्तो आर्थिक पुँजी नहुनु जस्तो समस्याबाट कथामा द्वन्द्वले प्रवेश पाएको छ। यहाँ दाइजो प्रथाको उल्लेख गरिएको छ। त्यसको अनिवार्यताले कथामा द्वन्द्वको बीजारोपण भएको छ। यसैले रघुवीर लाश बेच्ने अमानवीय कार्य गर्न पनि अग्रसर भएको देखिन्छ। रघुवीरको साधारण जीवनमा आएका उतार चढाउले गर्दा ईश्वरभक्ति, मानवीय, कोमलता, दया करूणा जस्ता कुराहरू हराइ सकेको देखिन्छ। यसैले ऊ भन्छ- *आजको बजारमा जीवित मान्छे भन्दा मर्ने मान्छेको मूल्य बेसी छ।*[96] कुनैपनि लावारिश लास नपाउनुले चिन्तित भइरहेको बेला आफ्नी पत्नी फूलमाया बिमार भइ मृत्यु भएकाले पत्नीको लासलाई नै बेच्ने सोचाइ उसमा आउँदछ। यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ- *गरिब हुनु नै बेवारिस हुनु हो। रघुले यदि स्वास्नीको लाशलाई चितामा हालेर जलायो भने पनि के त्यो धरम गरेको उसको स्वास्नीले हेर्न आउँछे र त्योभन्दा बरू स्वास्नीको हाड अरूको उपकार हुने काममा लागोस्।...लाटी छोरीको गति गर्न पाएको आनन्दमा रघुले सबै भुल्यो।*[97]

यसरी यस कथामा मानव जीवनको मूल्यह्रास हुँदै गएको यथार्थलाई देखाएको छ। लासलाई लैजान खोज्दा उसलाई लाटी छोरीले घृणात्मक दृष्टिले उसलाई हेरिरहेको देखेर ऊभित्र मानवता जागेको छ। यस कथामा निहित द्वन्द्वले मानिसको विकृत मानसिकतालाई देखाएको छ।

रघुवीरको आर्थिक विपन्नता नै यस कथामा निहित द्वन्द्वको प्राथमिक चरण हो। उसले आफ्नो आर्थिक स्थिति सुधार गर्नका लागि राखेको अमानवीय सोचले द्वन्द्वको

[95]समीरण छेत्री 'प्रियदर्शी', सन् २००७, *गैरीगाउँकी चमेली,* गान्तोक, झिल्का प्रकाशन, पृ-च
[96]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९३, पूर्ववत्, पृ-४१
[97]ऐजन, पृ-४४

विकास गरेको छ। यस कथामा रघुवीरको मनमा अर्काको स्थितिमा कुनै संवेदना नदेखाइ पैसाको मात्र विचार आउनु नै कथाको द्वन्द्व हो। यसै विचारले कथाको अन्ततिर उसले आफ्नी स्वास्नीको लाससम्म बेच्ने निधो गरेको छ। उसको मानसिक स्थितिलाई द्वन्द्वको चरममा लाने घटना उसको छोरीको बिहेमा मागिएको दाइजो हो। यसलाई पुर्ति गर्नका लागि उसले विविध कुराहरू सोच्छ र यसैबिच उसकी स्वास्नी मर्छे। आफ्नी स्वास्नीको लाशलाई बेच्नका लागि लगिएको घटना उसको मानसिक द्वन्द्वको उत्कर्ष हो। तर छोरीको घृणात्मक दृष्टिले उसको पापी हृदयमा मानवता जागेको घटनाले उसलाई अपराबोधमा ल्याएको छ अनि यो स्थिति द्वन्द्वको निष्कर्ष हो।

#### ४.३.४.३ आत्महत्या

'आत्महत्या' राजनैतिक द्वन्द्वमा आधारित कथा हो। प्रस्तुत कथा गोर्खाल्यान्ड आन्दोलनको पृष्ठभूमिलाई लिएर लेखिएको छ। यस कथामा राजनैतिक गतिविधिका कारण आफ्नै दाजु-भाइबिच देखिएको वैमनष्यता, झगडा, हत्या, हिंसा आदिलाई मार्मिक ढङ्गमा देखाइएको पाइन्छ। यहाँ द्वन्द्वले हिंसात्मक रूप लिएको छ। यस कथाको मूल पात्र मदनको मनोस्थिति र मानसिक उथलपुथुल कथाको मेरूदण्ड बनेको छ।[98] यहाँ समुदाय-समुदायबिचको द्वन्द्व देखिन्छ। मदन कम्युनिस्ट पार्टी (समुदाय)-को भएकोले उसलाई मार्न गोर्खाल्यान्ड प्रेमी (समुदाय)-ले बगरमा लगिएको घटनाबाट कथामा द्वन्द्वको प्रारम्भ भएको छ। मदनलाई हात बाँधेर खोलाको बगरमा लगेर राखेपछि अनेकौं यातना दिदैं उसलाई पूर्वनिर्धारित मृत्यु दिन खोज्नु हत्याराहरूको परपीडक वृत्ति हो। फ्रायडद्वारा प्रतिपादित मृत्युमूलप्रवृत्तिको प्रभाव यहाँ देख्न सकिन्छ। यस कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्वको समिश्रण भएको छ। मदनको मनमा भएको मृत्युबोध र परिवारको चिन्ता आन्तरिक द्वन्द्व हो भने मदनलाई दिएको पूर्वनिर्धारित मृत्यु, शोषण र हत्या बाह्य द्वन्द्व हो।

---

[98]समीरण छेत्री 'प्रियदर्शी', सन् २००७, पूर्ववत्, पृ-ख

यस कथामा सानी छोरी र पत्नीको अज्ञात भविष्यको कल्पनाले मदनमा चेतन र अचेतनबिचको द्वन्द्व विकसित भएको पाइन्छ। आफूलाई त्यहाँबाट भागेर पत्नी र छोरीसँग राम्रो जीवन बिताएको देखु उसको अवचेतन मनको प्रभाव हो। तर मदनले मृत्युलाई नजिकबाट अनुभूत गरिसकेपछि उसमा मृत्युप्रति भय कम हुन थाल्दछ। यसलाई कथामा यसरी देखाइएको छ- *डराएर फायदा छैन, उसलाई मर्नै पर्छ। मदनले मनमनै भन्यो- ढिलो किन हुँदैछ ? मृत्यु जब अवधारित नै छ भने त्यसलाई टार्ने बाटै छैन। मदनको मन शान्त भयो। मृत्यु जति चाँडो आयो त्यति राम्रो।*[99]

जो मरेपनि नेपाली नै मर्ने भएकोले नेपालीलाई मार्नु आफैलाई मार्नु हो भन्ने यथार्थलाई कथामा यसरी देखाइएको छ- *कालिकोटे मदनको शरीरलाई टाङमुनि राखेर खडा भयो। खबरदार हल्लिएलास् ! कालिकोटेले कोदालो उचाल्यो- त्यति बेलै गम्छाले बाँधिएको मुखबाट मदन चिच्यायो- पर्खि पर्खि...पर्खि कालिकोटे...आत्महत्या नगर् ! तैंले आफ्नै भाइको हत्या गरेर तैंले तँ आफैलाई मार्दैछस्।*[100]

बाह्य द्वन्द्वअन्तर्गत हत्या, हिंसा पर्ने हुनाले यो कथामा देखिएको बाह्य द्वन्द्वको चरम रूप हो। यहाँ राजनीतिको कारणले आफ्नो दाज्यु-भाइबिच द्वन्द्व सुरु भएको छ। यो राजनीतिको नकारात्मक असर हो। यस कथामा देश र समाज परिवर्तनको लागि हुने राजनीतिलाई गलत ढङ्गमा प्रयोग गरेको देखाउनु वास्तवमा कथाकारको सुक्ष्म व्यङ्ग्य हो। मदनले भोगेको त्रास र भयलाई पाठकले सोझै अनुभूत गर्न सकेको देखिन्छ। यस कथाको द्वन्द्वविधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** कथामा गोर्खाल्यान्ड प्रेमी र कम्युनिस्ट पार्टीबिचको द्वन्द्व देखाइएको छ। यसको पृष्ठभूमि नै द्वन्द्वको आरम्भ हो।

**द्वन्द्वको विकास**- एकै जातिबिच वैचारिक मतभेद हुनु ।

---

[99]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९३, पूर्ववत्, पृ-५१
[100]ऐजन, पृ-५४

**द्वन्द्वको चरम-** यस कथामा द्वन्द्वको चरम वा उत्कर्षले कलात्मकता प्रस्तुत गरेको देखिन्छ। एकै जातिबिचको वैचारिक मतभेदले एकाअर्कामा मारकाट गर्नु अर्थात् कालीकोटेले मदनको हत्या गर्नु।

**द्वन्द्वको निष्कर्ष-** मृत्युको नजिकमा पुगेपछि मदनको मनमा उसलाई मार्नु कालिकोटे आफै मर्नु हो भन्ने जातियताको भाव आउँछ यसले द्वन्द्वको निष्कर्षको सङ्केत गरेको छ। तरै पनि कालीकोटेले मदनलाई मार्छ अनि उसमा कुनै अपराधबोध आउँदैन, यो द्वन्द्वको निष्कर्ष हो।

### ४.३.५ ***निर्वाणको रात*** **कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान**

निर्वाणको रात समीरण छेत्री 'प्रियदर्शी'-को पाँचौं कथासङ्ग्रह हो। यसको प्रकाशन निर्माण प्रकाशन, गान्तोकबाट सन् १९९६ मा भएको थियो। यस कथासङ्ग्रहमा जम्मा १५ वटा कथाहरू छापिएको पाइन्छ। ती हुन्- 'कुवाको लाश', 'अर्थहीन आत्मोसर्ग', 'इन्कलाब', 'नीलो झिंगा', 'खाली ठाउँ', 'पिलातुसको आँशु', 'म बाँचे', 'फलेकको कच्चा साँघु', 'गान्तोकमा सार्क सम्मेलन', 'पन्ध्र गोल', 'मालती', 'भाडाको घर', 'असम्पूर्ण दोस्रो तल्ला', 'निर्वाणको रात', 'रघुवीरको कथा' आदि। यी मध्ये 'फलेकको कच्चा साँघु', 'मालती', 'असम्पूर्ण दोस्रो तल्ला' आदि कथाहरूमा द्वन्द्वलाई मूलकथ्य बनाइएकोले यसमा प्रयुक्त द्वन्द्वविधानको अध्ययन निम्नप्रकारले गर्न सकिन्छ-

#### ४.३.५.१ फलेकको कच्चा साँघु

'फलेकको कच्चा साँघु' जीवन र मृत्युको सङ्घर्षमा आधारित द्वन्द्वयुक्त कथा हो। यहाँ फलेकको कच्चा साँघुलाई मानिसको जीवनको प्रतीक बनाइएको छ। हाम्रो जीवनमा मृत्यु कहिले आउँछ त्यो कसैलाई थाहा हुँदैन। कुनै पनि समय हामी मर्न सक्छौं। त्यसैलाई प्रतीकात्मक रूपमा देखाउँदै प्रस्तुत कथा लेखिएको छ। तर जीवनमा मृत्युको डरले सङ्घर्ष नगरी बस्नु भनेको कायर हुनु हो भन्ने सङ्केत पनि यस कथाबाट बुझिन्छ। यस कथामा मृत्युको भय र संत्रासबाट नै द्वन्द्वले प्रवेश पाएको छ। प्रस्तुत

कथामा मृत्युसँगको निकटस्थ अनुभूति र मानिसको परपीडक वृत्तिको चित्रण पाइन्छ।[101] यस कथाको पृष्ठभूमि गोर्खाल्यान्ड आन्दोलन हो। यस कथामा सी. आर. पी-हरूले आन्दोलनकारीलाई पक्रेर वीभत्स मृत्यु दिन खोजेको देखिन्छ। फ्रायडले व्यक्तिको परपीडक वृत्तिको चर्चा गरेका छन्। यस्तो वृत्तिमा व्यक्तिले अरूको पीडामा आनन्द लिने गर्दछ। 'म' पात्रलाई अँध्यारोमा दुवै हात र आँखा बाँधेर एउटा कच्चा फलेकमा हिँड्न लगाउनु ती हत्याराहरूको परपीडक वृत्ति हो। परपीडक हत्याराहरू 'म' पात्रलाई आफै मार्दैनन् तर पूलबाट लडी आफै मरेको हेर्न चाहन्छन्। यसरी मृत्युलाई अनौठो रूपमा प्रस्तुत गरिएको पाइन्छ। यसैको चपेटमा परेर 'म' पात्र द्वन्द्वग्रस्त बनेको छ। 'म' पात्र होशियारीसँग फलेकमा अघि बढ्दै जाँदा उसलाई अनेकौं आफन्तहरूले प्रेरणा र उत्साह दिएको अनुभूत हुनु वास्तवमा उसको अवचेतनमा निहित बाँच्ने चाहना हो। उसको अवस्थालाई कथामा यसरी देखाइएको छ-

*विमल, ऐ विमल, तँ पनि शरीर हल्ला। नत्र भने तैंले भार साम्य राख्न सक्दैनस्।*
*अरे, को रमेश दाई, तपाई कहाँबाट आउनु भयो?*
*कुरा गर्ने समय छैन... विमल। आफ्नो शरीरलाई झुलाउँदै एक-एक पाउ यता बढ।*[102]

त्यस साँघुमा हिड्दा उसको अवचेतनमा थुप्रै मानिसहरू आउँछन्, जान्छन् र उसलाई घरिघरि आफू मर्छु जस्तो पनि लाग्छ। यसरी मर्नु र बाँच्नुबिचको उसको मानसिक द्वन्द्व नै यस कथामा द्वन्द्वको विकास हो। कथाको अन्त्यमा 'म' पात्रले आफ्नो अस्तित्वबोध गरेको छ। मृत्युलाई नजिकबाट अनुभूत गरेपछि उसले भन्छ- *संसारमा सबै बाँच्न चाहन्छन् म पनि बाँच्न चाहन्छु। तर बाँचिरहनु र बँचाइमा कमसेकम एउटा आत्मगरिमा रहनु पर्दैन? त्यो होइन भने ती कीरा-फटेङ्ग्रा भइयो।*[103] यसरी 'म' पात्रमा आत्मसचेतना जागेको छ। यो द्वन्द्वको चरम अवस्था हो। यस्तो असचेत गरिमाहीन

---

[101]समीरण छेत्री 'प्रियदर्शी', सन् २००७, पूर्ववत्, पृ-ग
[102]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९६, पूर्ववत्, पृ-६७-६८
[103]ऐजन, पृ-७०

बचाइलाई नमान्ने अस्तित्ववादी धारणा उसको विचारसँग मिलेको देखिन्छ।[104] यसैले ऊ हत्याराहरूको इच्छाको विपरीत जहाँबाट खेल सुरु भएको थियो त्यही नै फर्केको छ। यस कथामा द्वन्द्वविधानका चार वटै चरण प्रयोग भएको देखिन्छ-

**द्वन्द्वको आरम्भ-** गोर्खाल्यान्ड आन्दोलनको पृष्ठभूमि।

**द्वन्द्वको विकास-** हत्याराहरूको परपीडक वृत्तिको कारण 'म' पात्र शोषित हुनु।

**द्वन्द्वको चरम-** शोषणको मारमा परेर 'म' पात्र जीवन र मृत्युबिच फँस्नु।

**द्वन्द्वको निष्कर्ष-** 'म' पात्रलाई अस्तित्वबोध हुनु अनि त्यसको आवेशमा ती परपीडक व्यक्तिहरूलाई चुनौती दिदैं फर्कनु।

### ४.३.५.२ मालती

'मालती' आर्थिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा आर्थिक विपन्नताले उब्जाएको द्वन्द्वलाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ। यस कथाको मूल पात्र मालती आर्थिक समस्याको कारण द्वन्द्वग्रस्त बनेकी छ। मालतीले काम गर्ने मालिक्नीकी छोरीको कुनै सन्तान नहुनुको कारण उसले ससुरालीबाट शोषण खप्न परेको देखिन्छ। यसैले मालिक्नीले मालतीलाई पाँच तोला सुन दिई बालक चोरी गरिदिने बिन्ती गर्छे। यसैले एकातिर सम्पत्तिको लोभ अनि अर्कातिर मालिक्नीप्रति दया लाग्नुको कारण उसमा सकारात्मक-सकारात्मक द्वन्द्व उत्पन्न भएको देखिन्छ। घर परिवारलाई गरिबीबाट मुक्त गर्ने अनि एउटी सन्तानहीन नारीलाई मातृत्व प्रदान गर्ने उद्देश्यले बच्चा चोरी जस्तो अपराध गरेकीले उसलाई जेलको सजाय हुनुबाट कथामा द्वन्द्व विकसित हुँदै गएको छ। मालती जेलबाट छुटे तापनि उसको पतिले समाजको अघि उसलाई अस्वीकार गर्नु अनि जेलमा बसेकी अपराधी भन्दै तिरस्कार गर्नु पतिमा निहित पराअहम्को प्रभाव हो। ऊ समाजमा इज्जतदार भइ बस्न चाहन्छ। समाजको अघि आफ्नो गरिमा कायम राख्नको लागि नै उसको पति भोटुले उसलाई त्यागेको हो। व्यक्ति सामाजिक नीति-नियम र

[104]धनबहादुर मगर, सन् २०१३, पूर्ववत्, पृ-१४०

व्यवस्थामा बाँधिएको हुनाले ऊ समाज विरूद्ध जान सक्दैन। यस्तै अवस्था भोटुमा देखिन्छ। यसैले मालतीको यथार्थ थाहा हुँदै पनि उसले यस्तो प्रतिक्रिया दिएको हो। कथामा आफ्नै पतिबाट अपमानित भएपछि मालतीले आफ्नो घर छोडी उसँग आएको कैदीसँग नयाँ जीवन बिताएकी देखिन्छ। यहाँ व्यक्ति र समुदायमध्ये व्यक्तिको हार भएको देखिन्छ। मालती परिस्थितिको स़ञ्जालमा फँसेर आन्तरिक द्वन्द्वको सिकार बनेकी छ। यस कथाको द्वन्द्वविधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** मालतीमा उत्पन्न सम्पतिको लोभ र उसमा मालिक्नीप्रति उब्जेको दया।

**द्वन्द्वको विकास-** मालिक्नीका लागि मालतीले गरेको अनैतिक कार्य अर्थात् चोरी।

**द्वन्द्वको चरम-** चोरको संज्ञा पाएपछि उसको पतिबाट पनि अपमानित बन्नु अनि पतिले उसलाई त्याग्नु।

**द्वन्द्वको निष्कर्ष-** मालतीले नयाँ जीवनको चयन गर्नु द्वन्द्वको निष्कर्ष हो।

### ४.३.५.३ असम्पूर्ण दोस्रो तल्ला

'असम्पूर्ण दोस्रो तल्ला' सामाजिक द्वन्द्वमा आधारित कथा हो। यस कथामा गाउँ-पञ्चायतमा देखिने भष्ट्राचार र शोषणको विकृतिपूर्ण चित्रण भएको पाइन्छ। यस कथाको मूल पात्र जीतबहादुर स्वयम् पञ्चायत प्रधान भए तापनि दिलबहादुर जस्तो शोषकको शोषणमा परेको देखिन्छ। जीतबहादुर र दिलबहादुर बेग्ला-बेग्लै गाउँका पञ्चायतका प्रधान हुन्। यी दुईमाझको प्रतिस्पर्धाले कथामा द्वन्द्वको सिर्जना गरेको देखिन्छ। यिनीहरू प्राकृतिक प्रकोपले खति गर्दा सरकारबाट आउने सहुलियतलाई आफ्नो निजी काममा लगाइ धनी हुने इच्छा राखेका देखिन्छ। यसैले जीतबहादुर प्राकृतिक प्रकोपको आशामा ठुलो घर बनाउन थाल्दछ। तर प्रकृतिले उसको गाउँमा कुनै प्रकोप नल्याइदिँदा दोस्रो तल्ला असम्पूर्ण हुनुले उसको इच्छामा बाधा उत्पन्न भइ आन्तरिक द्वन्द्वले पीडित बन्दछ। भगवानलाई प्राकृतिक विनाशको वरदान मागिरहनुमा जीतबहादुरको स्वार्थ झल्किएको छ। यसै स्वार्थले अन्धो भइ ऊ आफ्नो घर संसारको कर्तव्यदेखि विमुख

रहेको देखिन्छ। यसको फायदा उठाउदै दिलबहादुरले उसको छोरी कमलालाई धर्मपूत्र भन्दै छलेर आफ्नो घरको नपुंसक गोठालोसँग विवाह गराइ दिदँछ। यसरी छलेर कमलालाई नपुंसक गोठालेसँग विवाह गराएपछि दिलबहादुर आफैले उसलाई भोग गरेको कारण कमलाले आत्महत्या गरेकी देखिन्छ। छोरीको जीवन बर्बाद भएको थाहा भए तापनि जीतबहादुर केही गर्न सक्दैन। यसै लाचारीपन, पीडा, पश्चाताप र अपराधबोधले ऊ द्वन्द्वग्रस्त बनेको छ। धनी परिवारमा छोरीलाई विवाह गर्ने लोभको कारण आफ्नो छोरीको भविष्य नष्ट गरिदिएको पिरले उसलाई सताएको छ। उसको अवस्थालाई कथामा यसरी वर्णन गरिएको छ-

*होस् अब दोस्रो तल्ला नबनोस्। कमलाको निर्दोष आत्मा यतै घुम्दै होला। उसको बाबुले दोस्रो तल्ला बनाउने परियोजनामा स्वयंलाई हराएर छोरीलाई हेरी नबुझि दिलबहादुर जस्तो अपराधीको एउटा कञ्चुकी गोठालोसँग बिहे गरिदियो भन्दै जीतबहादुर टुक्रुक्क बस्यो। जीतबहादुरको दोस्रो तल्लाका नाङ्गा रडहरूले उसलाई सहस्त्र ठाउँमा घोचिरहेका थिए।*[105] यस कथाको द्वन्द्वविधानलाई यसरी हेर्न सकिन्छ-

**द्वन्द्वको आरम्भ-** दिलबहादुर र जीतबहादुरबिचको प्रतिस्पर्धा।

**द्वन्द्वको विकास-** दिलबहादुरले जीतबहादुरकी छोरी कमलालाई छल गरेर नपुंसकसँग बिहे गरिदिनु।

**द्वन्द्वको चरम-** कमलाले आत्महत्या गर्नुमा दिलबहादुरको षडयन्त्र रहनु।

**द्वन्द्वको निष्कर्ष-** छोरीको मृत्युले जीतबहादुरको मनमा आएको पश्चतापलाई द्वन्द्वको निष्कर्ष मान्न सकिन्छ।

### ४.३.६ *गैरीगाउँकी चमेली* कथासङ्ग्रहका कथाहरूमा द्वन्द्वविधान

*गैरीगाउँकी चमेली* समीरण छेत्री 'प्रियदर्शी'-को छैठौं कथासङ्ग्रह हो। प्रस्तुत कथासङ्ग्रह झिल्का प्रकाशन, गान्तोकबाट सन् २००७ मा प्रकाशित भएको थियो। यस

[105]समीरण छेत्री 'प्रियदर्शी', सन् १९९६, पूर्ववत्, पृ-११६

कथासङ्ग्रहमा जम्मा सत्र वटा कथाहरू समाविष्ट छन्। ती हुन्- 'सीतामाई', 'साना बाबु', 'ध्वाँसे कुकुर', 'ठुलो झरीको त्यो रात', 'सहजलभ्य मुस्कान', 'ब्यारेकपुर लोकलमा', 'मैलो संसार', 'रेशमा र सुष्मिता', 'आत्मनिर्णय क्रान्ति र प्राणदान', 'आरतीलाई आज निद्रा छैन', 'रेलको लाइन बसाउँदा', 'गरिबको सपना मऱ्यो', 'लेबोङको घोडा रेस र राई बाबू', 'गैरीगाउँकी चमेली', 'नेभाराको रूख', 'माछाको पुकुरमा हात हाल्दा', 'जीवन उपन्यासको शेष पृष्ठ' आदि। यी मध्ये 'सीतामाई', 'ध्वाँसे कुकुर', 'आत्मनिर्णय क्रान्ति र प्राणदान' आदि कथाहरूमा द्वन्द्वलाई मूल कथ्य बनाइको देखिन्छ। यसैले यी कथाहरूमा प्रयुक्त द्वन्द्वविधानको अध्ययन निम्नप्रकारले गर्न सकिन्छ-

### ४.३.६.१ सीतामाई

'सीतामाई' *गैरीगाउँकी चमेली* कथासङ्ग्रहमा सङ्ग्रहित पहिलो कथा हो। यो कथा मनोवैज्ञानिक द्वन्द्वमा आधारित छ। यस कथामा पुरुषमा नारी प्रवृत्ति वा स्वभावले ल्याएको विसङ्गतिलाई देखाइएको छ। यस कथाको मूल पात्र शिवपुजन यस्तै द्वन्द्वको चपेटमा परेको छ। रामलीलामा सीताको अभिनय गरेर जीविका चलाउने शिवपुजनलाई सीतामाईको चरित्रले अत्यन्त प्रभाव पारेको देखिन्छ। यसैको फलस्वरूप ऊ पुरुष भएर पनि उसमा नारी चरित्रको विकास भएको छ। कार्ल गुस्ताब जुङ्गले पुरुषमा पाइने यस्तो नारी स्वभावलाई एनिमा भनेका छन्।[106] यसै एनिमाको प्रभावले गर्दा शिवपुजनभित्र विकसित हुँदै गएको नारीपनले उसको पुरुषपनलाई जित्दै गएको छ। यसैले आफ्नो पत्नीसँग हुँदा पनि रामलाई नै सम्झेर शरीर लुलो बनाई ऊ सुत्न खोज्छ। यसबाट उसको चेतनमा पुरुष र अचेतनमा नारी भावनाको द्वन्द्व देख्न सकिन्छ। शिवपुजन आफ्नो पुरुषत्वलाई प्राप्त गर्न आफैसँग सङ्घर्ष गर्न परेको स्थितिलाई यसरी देखाइएको छ- *आफूले हेरेको ऐनामा एउटी भरभराउँदी र कलकलाउँदी तरूणी देख्छ। शिवपुजनलाई आफूप्रति घृणा लाग्छ। ऊ सहन सक्दैन। मन अमिलो हुन्छ। ऐनालाई झटारो हानेर*

[106]मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, वि सं २०७२, पूर्ववत्, पृ-१८६

*फुटाइदिन मन लाग्छ। नकली केशलाई तानतुन पारेर क्लिप लगाइ राख्नु पर्छ। ब्लाउजमा खिलेको सेफ्टी पीन निकाल्नु पर्यो।...साडी साँपको काचुलीजस्तै आफै झर्यो। तेल घसेर मुखको रङ्ग उसले पुछ्यो, बल्ल त्यो ऐनामा शिवपुजन नामको सद्दे पुरुष देखिन लाग्यो। शिवपुजनले बल्ल आफूलाई खोजेर पायो।*[107] यसरी ऊ आफ्नो इच्छा विरूद्ध सीताको अभिनय गर्नु परेको बाध्यताले द्वन्द्वग्रस्त भएको छ।

यस कथामा रामलीला हेर्न आउने दर्शकहरूले शिवपुजनलाई सीतामा आरोपित गर्दै वास्तविक सीता मानेर उसको अभिनयमा रुदैं आँशु झार्नुबाट भट्टलोल्लटको उत्पत्तिवाद वा आरोपवाद रस सिद्धान्त प्रस्तुत भएको देखिन्छ। भट्टलोल्लट अनुसार कुनै नटले आफ्नो योग्यताद्वारा रामको दुरूस्त अभिनय गर्छ भने दर्शकहरू त्यसको अभिनयबाट प्रभावित भइ त्यही नटमा राम, सीता आरोपित गरेर आनन्द प्राप्त गर्दछन्।[108] यसैकारण सम्पूर्ण दर्शकहरूले शिवपुजनलाई सीतामाईको रूपमा स्वीकारेका छन्। तर शिवपुजनलाई भने यसको नकारात्मक असर भएको छ। रामलीलामा आफूले मन पराएको मोतियाले समेत उसलाई सीतामाईको रूपमा नै स्वीकार्दा उसको मनोद्वन्द्व चरमोत्कर्षमा पुगेर ऊ बौलाहा बन्न पुग्दछ। शिवपुजनको भौतिक र मानसिक प्रवृत्तिमा स्त्री स्वभावको विकास हुनाले उठेको द्वन्द्व नै यस कथाको मुख्य आकर्षण हो।

यस कथामा द्वन्द्वविधानका चार वटा चरण देखिन्छ। शिवपुजनले सीतामाईको भूमिका निभाउनु अनि उसमा त्यो गुण पनि विस्तारै आउँदै जानु यस कथाको आरम्भ र विकास हो। भौतिक वा चेतन रूपले ऊ त्यस नारी स्वभावलाई अस्वीकर गर्छ तर उसको अवचेतन मनले त्यसलाई स्वीकार गरिसकेको हुँदा शिवपुजनमा नारी सुलभ गुण आउँदै गएको देखिन्छ। यहाँ उसको मनोद्वन्द्वलाई कलात्मक ढङ्गमा राखिएको पाइन्छ। यसको विकास भएपछि शिवपुजनले मन पराएकी मोतियाले पनि उसलाई नारी रूपमा नै

---

[107]समीरण छेत्री 'प्रियदर्शी', सन् २००७, पूर्ववत्, पृ-४-५०

[108]केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, सन्- २०१०, पा. सं. साझा प्रकाशन, काठमाडौं, पृ-३७

देख्दा उसको मनोद्वन्द्व तीव्र बनेको छ यो द्वन्द्वको उत्कर्ष अवस्था हो। आफ्नो अवचेतन मनको द्वन्द्वलाई चेतन रूपमा सम्हाल्न नसक्दा र आफ्नो विचारलाई सन्तुलित बनाउन नसक्दा ऊ पागल बनेको अवस्था कथामा देखिन्छ। यो कथामा देखिएको द्वन्द्वको निष्कर्ष हो। कथामा द्वन्द्वले व्यक्तिको जीवनको सार रूप नै देखाएको हुन्छ। यस कथामा यही अवस्थालाई राम्ररी प्रस्तुत गरिएको छ।

### ४.३.६.२ ध्वाँसे कुकुर

'ध्वाँसे कुकुर' पशु र मानिसबिचको द्वन्द्वात्मक स्थितिमा आधारित कथा हो। यस कथामा मानिसको पशुप्रवृत्ति र मानवीयताको राम्रो द्वन्द्व देखिन्छ। प्रस्तुत कथामा कुकुरहरूको रगरगी र आतङ्कले गर्दा चारैतिर त्रासमय परिवेश उत्पन्न भएको घटनाको उल्लेख पाइन्छ। यसको कारण नै यस कथाको मूल पात्र कमलमा कुकुरप्रति परपीडक वृत्ति जागेको हो। ध्वाँसे कुकुर प्रस्तुत कथाको मानवेतर पात्र हो। यसले आफ्नो छोरालाई टोक्न खोजेको अनि वरिपरिका मानिसहरू त्यसको डरले ग्रसित भएको देखेर कमलले त्यसलाई मार्ने योजना बनाएको छ। यसै योजनालाई सफल पार्नका लागि कमलले गर्न परेको सङ्घर्षबाट कथामा द्वन्द्वको प्रारम्भ भएको पाइन्छ। रिसको आवेशमा आएर कुकुर मार्ने योजना बनाएपछि त्यसलाई कसरी मार्ने? त्यो खाएर पनि नमरेर उसलाई बदला लिन आयो भने जस्तो शङ्का र भयले कमलमा मानसिक द्वन्द्व उत्पन्न भएको देखिन्छ। कमलले ध्वाँसेलाई मार्ने सुयोग पाएपनि ध्वाँसेको माया लाग्दो रूप देखेर माया जाग्दछ। त्यसैले ऊ ध्वाँसेलाई मार्न चाहदैंन। तर उसले आफ्नो हातमा राखेको विष हालेको केक दिन नचाहँदा नचाहँदै पनि भुइँमा झर्दछ। उसको अवस्थालाई यसरी देखाइएको छ-

*कमलले गोजीबाट केक निकालेर हातमा माथि लगेर हल्लायो। त्यतिबेला आकाशको गर्जन हुँदा हाइटेन्सनको खम्बामा चट्याङ पर्यो। तर्सेर कमल बरण्डामा अघिल्तिरको दहमा हुत्तिएर पुग्यो। उसको हातबाट केक उछिट्टिएर पर दहमा तैरिनु*

*पुग्यो। केकलाई टिप्न कमल जसै लम्क्यो त्यतिबेलै ध्वाँसे पनि केक चेप्न झम्ट्यो।...केक निकै पर पुगिसकेछ। फेरि समाउ भन्दा चिप्लेर दहमा लड्यो। त्यसपछि केक र ध्वाँसे दुवै हराए।*[109]

यसरी प्रस्तुत कथामा पशुत्व र मनुष्यत्वको द्वन्द्व देखिएको छ। कमलको मनमा कुकुरको रगरगीले दिक्क हुनुबाट कथामा द्वन्द्वको विकास भएको देखिन्छ। यसैले उसको मनमा त्यस कुकुरलाई मार्ने विचार आउनुले कथालाई द्वन्द्वको उत्कर्षतिर लगेको छ तर उत्कर्षमा पुग्दा पुग्दै उसको मनमा त्यस कुकुरप्रति सहानुभूति आउनाले कथाको स्थिति नै परिवर्तन भएको छ। द्वन्द्वमा कुनै पनि घटना वा कथालाई नै परिवर्तन गराउन सक्ने शक्ति हुन्छ। यसले जुन स्थितिमा घटना सुरु भएको थियो, त्यसको ठीक निष्कर्षमा नलगेर त्यस घटनाको विपरीत स्थितिमा लगेर पनि निष्कर्ष दिन सक्छ। यस कथामा ध्वाँसे कुकुरलाई मार्ने ताकमा बसेको कमलको मनमा कुकुरप्रति मानवता जाग्नाले कथाको स्थिति परिवर्तन भएको देखिन्छ साथै त्यस कुकुरको मृत्युपछि कमलको व्यवहारमा पनि परिवर्तन आएको छ। यो कथामा देखिएको द्वन्द्वको निष्कर्ष हो। यसरी प्रस्तुत कथामा द्वन्द्वविधानको चारै चरण देखिन्छ तर यसको आरम्भ र निष्कर्षको स्थिति भने अलग अलग रूपमा देखाइएको पाइन्छ।

### ४.३.६.३ आत्मनिर्णय क्रान्ति र प्राणदान

'आत्मनिर्णय क्रान्ति र प्राणदान' कथा राजनैतिक द्वन्द्वमा आधारित छ। यस कथाको पृष्ठभूमि गोर्खाल्यान्ड आन्दोलनको त्रासद परिवेश हो। यस कथाको मूल पात्र मदनलाई आफ्नै साथीहरूको षडयन्त्रले गर्दा जेलको सजाय भएको देखिन्छ। यसै घटनाबाट कथामा द्वन्द्वले प्रवेश पाएको छ। राजनैतिक द्वन्द्वका आधारमा लेखिएको यस कथामा व्यवहारिक द्वन्द्व पनि देखिन्छ। यस कथामा द्वन्द्वको स्थितिले पात्रहरूको जीवन नै अस्तव्यस्त बनेको देखिन्छ। गोर्खाल्यान्ड आन्दोलनका लागि साथीहरूसँग मिलेर मदनले

[109]ऐजन, पृ-२२

गरेको आन्दोलन वा क्रान्तिबाट द्वन्द्वको विकास भएको छ। तर कथामा त्यस आन्दोलनको कुनै पनि प्रतिफल देखिँदैन। छुट्टै राज्य निर्माण गर्ने चाहनाले मदन र उसको साथीहरूले क्रान्तिको घोषणा गर्दछन् तर सञ्जय, गोपाल र दिवाकर जस्ता विश्वासघाती साथीहरूको कारण दीपकको मृत्यु र मदनलाई जेलको सजाय हुन पुग्दछ। दीपकको मृत्युपछि जेल परेको मदनको आफ्नै मानसिक द्वन्द्व छ तर उसका अन्य साथीहरू आन्दोलन छोडेर विभिन्न कामकाजमा लागेका छन्। जेलबाट छुटेर आएको मदनले आफ्ना साथीहरू त्यसरी बसेको देखेर आफूले गरेको त्याग र आन्दोलन व्यर्थ भएको अनुभव गरेको देखिन्छ। त्यसरी नै अर्का साथी दीवाकरलाई उसकी प्रेमिकालाई बिहे गरेर बसेको पनि उसले देख्दछ। मदनले साथीहरूलाई आआफ्नो घर गृहस्थीमा व्यस्त रहेको देखेपछि ऊ क्रोध र घृणाले ग्रसित बन्दछ। यसबाट कथामा द्वन्द्वको उत्कर्ष सुरु हुन्छ। यसैले मदनमा प्रतिशोधको भावना आएको देखिन्छ। उसको यही मानसिक द्वन्द्व अर्थात् प्रतिशोधको भावना बाह्य द्वन्द्वमा परिणत हुदैं उसले तिनीहरूको हत्या गरेको छ। तर दीवाकरलाई क्यान्सर लागेको हुनाले उसले प्राणदान दिन्छ।

यस कथामा द्वन्द्वको कारण र त्यसको प्रतिफल कथामा देखा परेको परिबन्दलाई मान्न सकिन्छ। मानिसको जीवन स्थिर छैन, यो गतिशील छ। यही गतिशीलतालाई बुझ्न नसक्दा मदनको मानसिक स्थिति विकृत बनेको छ। यद्यपि मदनको मनमा प्रतिशोध मात्र थियो रोष थिएन भन्ने यस कथाको अन्तमा बुझिन्छ। द्वन्द्वको चरम स्तरमा पुगेपछि जुन हत्या मदनले गर्छ त्यसको पश्चताप पनि उसले गरेको छ। यो द्वन्द्वको निष्कर्ष हो। द्वन्द्वले घटनाहरूलाई विभिन्न मोड र स्थितिहरूमा पुऱ्याउने गर्दछ। यस कथामा गोर्खाल्यान्ड आन्दोलन र क्रान्ति प्रमुख भए तापनि पनि द्वन्द्वात्मक रूपले प्रस्तुत कथा अपराधमा गएर टुङ्गिएको छ।

## निष्कर्ष

समीरण छेत्री 'प्रियदर्शी' भारतीय नेपाली साहित्यको एक परिचित नाम हो। द्वन्द्व प्रयोगको दृष्टिले उनका कथाहरूमा आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्व दुवैको सफल प्रयोग भएको पाइन्छ। यसका साथै ती कथाहरूमा सामाजिक द्वन्द्व, सांस्कृतिक द्वन्द्व, राजनैतिक द्वन्द्व, आर्थिक द्वन्द्व आदिको पनि सबल प्रस्तुति पाइन्छ। उनको *फुटेको मुरली, असफल चित्रकार, अर्को मान्छे, नीलो झिंगा, निर्वाणको रात, गैरीगाउँकी चमेली* आदि कथासङ्ग्रहहरूका पात्रहरू आर्थिक विपन्नता, राजनैतिक विषमता, वर्गभेद, लैङ्गिक भेद, विश्वयुद्धको भयावह स्थिति, प्रेमको बिछोड, जातीय विभेद, अस्तित्व संकटको भय, त्रास र कुण्ठाले पीडित देखिन्छन्। यसैलाई व्यक्त गर्नेक्रममा समीरण छेत्री 'प्रियदर्शी' आफ्ना कथाहरूमा द्वन्द्वविधानको संयोजन गरेको पाइन्छ। उनका प्राय: कथाहरू आरम्भ, विकास, चरम र अवसान गर्दै द्वन्द्वविधानमा आबद्ध रहेको देखिन्छ।

# पाँचौं अध्याय

## ५. उपसंहार तथा निष्कर्ष

### उपसंहार

सृष्टिको आरम्भदेखि नै द्वन्द्वको स्थान महत्त्वपूर्ण देखिन्छ। प्रकृति मूलतः पदार्थद्वारा निर्मित छ। यसमा निहित परमाणुमा इलेक्ट्रोन र प्रोटनको विपरीत धर्मिता रहेको हुन्छ। यसैको सङ्घर्षबाट जीवन विकसित र गतिशील बनेको वैज्ञानिकहरू मान्छन्। द्वन्द्वबिना जीवनको विकास र गति असम्भव हुन्छ। तसर्थ जीवनमा द्वन्द्वको महत्त्वपूर्ण स्थान रहेको बुझिन्छ। ग्रीक 'डायलेगो'-बाट आएको द्वन्द्व शब्दलाई पूर्वीय र पाश्चात्य दुवै जगत्ले स्वीकारेका छन्। पूर्वमा पुराण र धर्मग्रन्थमा उल्लिखित विभिन्न युद्ध, सङ्घर्ष आदिमा पनि यसको प्रभाव रहेको देखिन्छ भने पाश्चात्य जगत्मा द्वन्द्ववादको मान्यता सुरु भएको देखिन्छ। यसबाट द्वन्द्वको इतिहास धेरै अघिदेखि नै रहेको हो भन्न सकिन्छ। पाश्चात्य जगत्का मनोविश्लेषकहरूले मनोविज्ञानको क्षेत्रमा द्वन्द्वबारे गहन अध्ययन गरेका छन्। उनीहरूको मतानुसार प्रत्येक व्यक्तिका आआफ्नो इच्छा र चाहना हुन्छन्। यसैको परिपूर्तिका लागि व्यक्ति सदैव सङ्घर्षशील रहेको हुन्छ तर व्यक्तिले चाहेको जस्तो इच्छापूर्ति नभएको खण्डमा उसमा द्वन्द्व उत्पन्न हुन थाल्दछ।

पाश्चात्य साहित्य जगत्का मनोविश्लेषक सिग्मन्ड फ्रायडले मानव मनलाई नै द्वन्द्वको मूल स्रोत मानेका छन्। यस्तै अलफ्रेड एडलरले हीनताबोधलाई द्वन्द्वको कारक तत्त्व मानेको देखिन्छ भने कार्ल गुस्ताव जुङ्गले सामुहिक अवचेतनलाई मान्छन्। कुर्ट लेविनले मानव मनमा उत्पन्न हुने सकारात्मक-सकारात्मक, नकारात्मक-नकारात्मक र सकारात्मक-नकारात्मक द्वन्द्वको प्रतिपादन गरेका छन्। यस लघु शोधप्रबन्धमा यिनै मनोविश्लेषकहरूद्वारा प्रतिपादित द्वन्द्वसिद्धान्तलाई आधार मानेर समीरण छेत्री प्रियदर्शी-का कथाहरूको अध्ययन गरिएको छ।

यस लघुशोध कार्यमा अध्ययन सुविधाको निम्ति मुख्यत: पाँच वटा अध्याय निर्धारण गरिएको छ।

पहिलो अध्याय- यस अध्यायमा शोधको परिचय राखिएको छ। यसअन्तर्गत शोधको शीर्षक र शोध शीर्षकको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन र शोध विधि राखिएको छ।

दोस्रो अध्याय- प्रस्तुत अध्याय द्वन्द्वविधानको सैद्धान्तिक परिचयसित सम्बन्धित रहेको छ। यसअन्तर्गत आठ वटा उपशीर्षकहरू राखिएका छन्। पहिलो उपशीर्षकमा 'द्वन्द्वविधानको अर्थ अनि परिभाषा'-को अध्ययन गरिएको छ। यसमा द्वन्द्वको व्युत्पत्तिगत अर्थ र विभिन्न विद्वान्हरूले द्वन्द्वसम्बन्धी दिएका परिभाषाबारे चर्चा गरिएको छ। दोस्रो उपशीर्षकमा 'द्वन्द्वको अवधारणा र पृष्ठभूमि' बारे चर्चा गरिएको छ, जसमा द्वन्द्वको ऐतिहासिक पृष्ठभूमि केलाउदै द्वन्द्वसम्बन्धी पूर्वीय र पाश्चात्य विद्वानहरूको विचारलाई प्रस्तुत गर्ने कार्य भएको छ। तेस्रो उपशीर्षकमा 'द्वन्द्वसम्बन्धी मनोवैज्ञानिक दृष्टिकोण' रहेको छ। यसअन्तर्गत सिग्मन्ड फ्रायड, अलफ्रेड एडलर, कार्ल गुस्ताव जुङ्ग र कुर्ट लेविनद्वारा प्रतिपादित द्वन्द्वसम्बन्धी अवधारणालाई राखिएको छ। यसमा मानिस द्वन्द्वग्रस्त कसरी हुन्छ अनि यसका मूल कारण के हुन सक्छन् भन्ने विषयलाई यी मनोविश्लेषकहरूको सिद्धान्तमार्फत देखाइएको छ। चौथो उपशीर्षकमा 'द्वन्द्वका प्रकार' बारे अध्ययन गर्दै आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वको चर्चा गरिएको छ। पाँचौं उपशीर्षकमा 'द्वन्द्वको स्रोत' को परिचय राखिएको छ। यसमा निष्पत्ति, स्वतन्त्रता, विरोधीभाव, काम र यौनका रूपमा द्वन्द्वको उत्पत्ति हुने कुरा व्यक्त गरिएको छ। छैठौं उपशीर्षकमा 'द्वन्द्वको समाधान विधि' रहेको छ, जसअन्तर्गत द्वन्द्वका प्रमुख र गौण मनोरचनाको गहन अध्ययन गरिएको छ। प्रमुख मनोरचनाअन्तर्गत दमन, रूपान्तरण, प्रतिगमन, उन्नयन, प्रतिक्रिया निर्माण र युक्तिकरण अनि गौण मनोरचनाअन्तर्गत स्थानान्तरण, आत्मीकरण, अन्त:क्षेपण,

प्रक्षेपण, विस्थापन र क्षतिपूर्ति आदिको चर्चा गर्दै द्वन्द्वलाई कसरी समाधान गर्न सकिन्छ र यसका व्यवस्थापन के के हुन् ? जस्ता विषयको अध्ययन गरिएको छ। सातौं उपशीर्षकअन्तर्गत 'साहित्यमा द्वन्द्वको स्थान' बारे चर्चा गर्दै साहित्यमा त्यसको प्रभाव र महत्त्वबारे प्रकाश पारिएको छ। आठौं उपशीर्षकअन्तर्गत 'कथामा द्वन्द्वको स्थान' त्यसको महत्त्व र भूमिकाबारे अध्ययन गर्दै गुस्ताभ फ्लुवर्ट फेट्रागद्वारा प्रतिपादित पिरामिड ढाँचाको आरेखद्वारा द्वन्द्व र कथानकको सम्बन्धलाई पनि देखाउने प्रयास गरिएको छ।

तेस्रो अध्याय- यस अध्यायमा 'आधुनिक भारतीय नेपाली कथामा द्वन्द्वको प्रयोग'-बारे अध्ययन गरिएको छ। यसअन्तर्गत आधुनिक भारतीय नेपाली कथा साहित्यका दशजना प्रतिनिधि कथाकार अनि उनीहरूको कथामा प्रयुक्त द्वन्द्वविधानको चर्चा गरिएको छ। ती कथाकार र उनका कथाहरू हुन्- रूपनारायण सिंहको *कथा नवरत्न,* इन्द्रबहादुर राईको *विपना कतिपय,* हायमनदास राई 'किरात'-को *चौकीदार,* विन्ध्या सुब्बाको *शीतलहर,* मटिल्डा राईको *टोटलाको फूल,* पूर्ण राईको *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा,* सानु लामाको *कथा सम्पद्,* लीलबहादुर क्षत्रीको *लीलबहादुर क्षत्रीका कथाहरू,* गुप्त प्रधानको *मान्छे-मान्छेको बस्तीभित्र* आदि। वस्तुचयन र प्रस्तुतिका दृष्टिले यी कथाहरूमा द्वन्द्वको प्रशस्त प्रयोग भएको देखिन्छ। यी कथाहरूमा वर्तमान समयको मानव जीवनमा देखिएको नैराश्य, पीडा, कुण्ठा र हताशाबाट उत्पन्न द्वन्द्वको राम्रो प्रस्तुति पाइन्छ। यसरी प्रस्तुत अध्याय आधुनिक भारतीय नेपाली कथामा द्वन्द्वको प्रयोगसित सम्बन्धित रहेको छ।

चौथो अध्याय- यो शोध कार्यको प्रमुख अध्याय हो। यस अध्यायमा समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको शोधपरक अध्ययन गरिएको छ। यसमा विशेषत: कथाकार समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा द्वन्द्वविधानको आयोजना कसरी भएको छ ? भन्ने विषयलाई प्रकाश पारिएको छ। यस अध्याय अन्तर्गत जम्मा तीन वटा उपशीर्षक राखिएका छन्। पहिलो उपशीर्षकमा 'समीरण छेत्री 'प्रियदर्शी'-को सामान्य

परिचय' दिदैं र उनको साहित्यिक यात्राबारे चर्चा गरिएको छ। दोस्रो उपशीर्षकमा 'समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा प्रयुक्त मूलभूत प्रवृत्ति'-हरूको अध्ययन गर्दै सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, अस्तित्ववादी, ऐतिहासिक एवम् राजनैतिक आदि प्रवृत्तिलाई उनका कथाहरूको मूलप्रवृत्ति मानिएको छ। तेस्रो उपशीर्षकअन्तर्गत 'समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको विश्लेषण' गर्दै उनको *फुटेको मुरली, असफल चित्रकार, अर्को मान्छे, नीलो झिंगा, निर्वाणको रात र गैरीगाउँकी चमेली* आदि कथासङ्ग्रहहरूको अध्ययन गरिएको छ।

पाँचौं अध्याय- यस अध्यायअन्तर्गत प्रस्तुत लघु शोधप्रबन्धको सार अनि निष्कर्ष राखिएको छ।

**निष्कर्ष**

भारतीय कथाकार समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रयुक्त द्वन्द्वविधानको अध्ययन गर्दा प्राप्त भएका निष्कर्षलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ।

समीरण छेत्री 'प्रियदर्शी'-को आजसम्म प्रकाशित सम्पूर्ण कथासङ्ग्रहहरूमा द्वन्द्वविधानको संयोजन गरिएको देखिन्छ। उनका कथाहरूमा वर्तमान जीवनका विसङ्गतिबोध, विकृतिपूर्ण परिवेशले ग्रसित मानव समाज, हत्या, हिंसा र काटमारबाट उत्पन्न द्वन्द्वात्मक परिस्थिति, अस्तित्ववादी चेतना आदि सशक्त ढङ्गमा प्रस्तुत भएको देखिन्छ। द्वन्द्वको उत्पत्ति कथानकको थालनीसँगै हुने हुँदा उनका कथाहरूमा पनि कथानकमा झैं आरम्भ, विकास, चरम र अवसान गरेर द्वन्द्वविधानको निर्माण भएको छ। उनका कथाका पात्रहरू आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वले पीडित देखिन्छन्। विभिन्न परिस्थिति र घटनाअनुसार ती पात्रहरूले भोग्नु परेको मानसिक अन्याय, अत्याचार, शोषण र पीडाबाट उनका कथाहरूमा द्वन्द्व उत्पन्न भएको देखिन्छ। सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित मानव मनको गत्यात्मक पक्ष (इद्, अहम् र पराअहम्) र आकारात्मक पक्ष (चेतन, अचेतन र अवचेतन)-बाट उत्पन्न द्वन्द्वले पनि उनका पात्रहरू ग्रसित भएका छन्।

यसैलाई सबल रूपमा प्रस्तुत गर्न उनले कुर्ट लेविनको सकारात्मक-सकारात्मक, नकारात्मक-नकारात्मक अनि सकारात्मक-नकारात्मक द्वन्द्वको प्रयोग गरेका छन्।

*फुटेको मूरली* कथासङ्ग्रहको 'भाउज्यू' कथामा त्रिकोणात्मक प्रेमले उब्जाएको पारिवारिक द्वन्द्व देखिन्छ। 'उ पनि आमा थिइ' कथामा आर्थिक समस्याले गर्दा छोरालाई बचाउन नसक्नुको व्यथाले पीडित मातृप्रेमको मार्मिक अभिव्यक्ति पाइन्छ। यसरी नै 'एक उत्कृष्ट रचना' कथामा बलात्कृत पत्नीलाई बचाउन नसक्नाको पीडाले द्वन्द्वग्रस्त पतिको विकृति मनोस्थितिको चित्रण गरिएको छ भने 'लाहुरेको जीवन' कथामा युद्धजन्य परिवेशबाट पीडित पात्र जेम्स बाँच्न चाहँदा चाहँदै मृत्यु भएको देखाउँदै युद्धभूमिको त्रासदीय वातावरणको चित्रण भएको छ।

*असफल चित्रकार* कथासङ्ग्रहको 'आखिर पत्नीको मन' कथामा यौन र आदर्शबिचको द्वन्द्वमा फँसेर पत्नीलाई धोका दिएको अपराध बोधले पीडित पतिको मानसिक द्वन्द्व देख्न सकिन्छ भने 'चित्रकारको हार' कथामा आत्मिक प्रेम र वासनाबिच द्वन्द्व पाइन्छ। त्यसरी नै 'लेखककी स्वास्नी' कथामा लेखनकार्यमा भएको भ्रष्ट्रचारले गर्दा लेखनकार्य नै छोड्ने लेखक पात्रको द्वन्द्वात्मक मनोस्थिति देख्न सकिन्छ भने 'माउन्ट प्लेजेन्ट रोड' कथामा बाल पात्र लाक्पाले बालमजदुर भइ खप्नु परेको दु:ख, कष्ट अनि मातृ वियोगको कारण उत्पन्न द्वन्द्वको मार्मिक चित्रण पाइन्छ।

*अर्को मान्छे* कथासङ्ग्रहको 'स्वाधीन प्राप्तिको लागि' कथामा अरूमाथि आश्रित रहनु परेको कुण्ठा अनि जितेको शोषक प्रवृत्तिले ग्रस्त भएको मनोजको मनोद्वन्द्वलाई लिएर लेखिएको छ। यस्तै 'छिमेकीसँग प्रेम' कथामा छिमेकी-छिमेकीमाझ पोल हाल्ने प्रवृत्तिले गर्दा बाह्य द्वन्द्व उत्पन्न भएको पाइन्छ भने 'तीतो कुइनाइन र सरकारी खाता' कथामा शोषक र शोषितबिचको द्वन्द्व देखाउँदै वर्गीय द्वन्द्वको कारण उत्पन्न पीडा र कुण्ठाको द्वन्द्वात्मक अभिव्यक्ति पाइन्छ।

*नीलो झिंगा* कथासङ्ग्रहको 'लावारिश लाश' कथामा आर्थिक विपन्नताले उब्जाएको विकृत मनस्थितिले स्वार्थीपन बढ्दै गएको रघुवीरको आन्तरिक द्वन्द्व प्रकट भएको देखिन्छ भने 'नीलो झिंगा' कथामा दाजु-भाइबिचको वैमनष्यता र अतृप्त यौनले पीडित भइ अपराधी बन्न पुगेको लखनको मनोद्वन्द्व देख्न सकिन्छ। यसरी नै 'आत्महत्या' कथामा राजनैतिक र जातीय द्वन्द्वबाट पीडित मदनको कुण्ठा, पीडा र चिन्तालाई व्यक्त गरिएको छ।

*निर्वाणको रात* कथासङ्ग्रहको 'फलेकको कच्चा साँघु' कथा मृत्युको खेलमा परेको 'म' पात्रले बाँच्नका लागि गर्न परेको सङ्घर्षबाट उत्पन्न चेतन र अवचेतनबिचको द्वन्द्वलाई लिएर लेखिएको छ भने 'मालती' कथामा आर्थिक समस्याको कारण सम्पत्तिको लोभमा फँसेर मालतीले बच्चा चोर्ने अपराध गरेकाले जीवन नष्ट हुनाको कारण ऊ द्वन्द्वग्रस्त बनेकी देखिन्छ। यसरी नै 'असम्पूर्ण दोस्रो तल्ला' कथामा धन कमाउने लोभमा फँसेर आफ्नो छोरीको भविष्य नष्ट गरिदिएको अपराधबोधले पीडित जीतबहादुरको मनोद्वन्द्वलाई प्रस्तुत गरिएको छ।

*गैरीगाउँकी चमेली* कथासङ्ग्रहको 'सीतामाई' कथामा शिवपुजनको चेतनमा पुरुष र अचेतनमा नारीको चरित्र विकसित भएकाले सकारात्मक-नकारात्मक द्वन्द्वले ग्रसित भएको पाइन्छ भने 'ध्वाँसे कुकुर' कथामा कमलको इद् र अहम्बिचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ। यसरी नै 'आत्मनिर्णय क्रान्ति र प्राणदान' कथामा गोर्खाल्यान्ड आन्दोलनमा लागेको मदन आफ्नै साथीहरूको विश्वासघातले जेल जानु परेको कारण प्रतिशोधको भावनाले ग्रसित भइ द्वन्द्वमा परेको देखिन्छ।

यसरी समीरण छेत्री 'प्रियदर्शी'-का कथामा प्रेम, घृणा, लोभ, युद्ध, यौन, वासना, अपराध, प्रतिशोध, विसङ्गति, मानव मूल्यको ह्रास, राजनैतिक विषमता, भष्ट्राचार, आर्थिक विपन्नता, वर्गभेद, अस्तित्वबोध, जातीयताबोध र जीवनप्रतिको मोह आदिले द्वन्द्वको सिर्जना गरेका छन्। उनका कथाका पात्रहरू पारिवारिक, सामाजिक, राजनैतिक, आर्थिक र

वर्गीय द्वन्द्वबाट पीडित देखिन्छन्। उनीहरू आआफ्ना स्वअस्तित्व र स्वतन्त्रताका लागि द्वन्द्वरत देखिन्छन्। उनका धेरै जसो पात्रहरू आन्तरिक द्वन्द्वले पीडित देखिन्छन्। मनभित्रै आफ्ना व्यथा र आक्रोशलाई दबाएर राखुको कारण कति पात्रहरूमा मानसिक विकृति पनि देखिन्छ। *फुटेको मूरली* कथासङ्ग्रहको पदमफूल, प्रेम, *नीलो झिंगा* कथासङ्ग्रहको लखन, *गैरीगाउँकी चमेली* कथासङ्ग्रहका शिवपुजन आदि यस्तै पात्रहरू हुन्। त्यसबाहेक उनका कतिपय पात्रहरू बाह्य द्वन्द्वको चपेटमा परेर असामान्य जीवन बिताउन बाध्य देखिन्छन्। त्यस्ता पात्रहरूमा *असफल चित्रकार* कथासङ्ग्रहको लङ्गडी, जिते, *अर्को मान्छे* कथासङ्ग्रहको सावित्री, *नीलो झिंगा* कथासङ्ग्रहका मदन, 'म' पात्र आदिलाई लिन सकिन्छ।

समीरण छेत्री 'प्रियदर्शी'-का द्वन्द्वविधानका केही दुर्बल पक्ष पनि देखिन्छन्। उनका धेरै कथामा पात्रहरूलाई द्वन्द्वमार्फत सक्रिय भूमिका निर्वाह गराएको देखिए तापनि नारी र पुरुष पात्रमध्ये नारीलाई कमजोर, असहाय, निर्बल, पराश्रित, आदर्श पत्नी र सहायक पात्रको रूपमा मात्र राखेको देखिन्छ। नारी पात्रहरू द्वन्द्वको चरमोत्कर्षमा पुगेर पनि उनीहरूले कुनै ठुलो क्रान्ति वा परिवर्तन ल्याउन सकेको देखिँदैन। एकाधिक कथाहरूमा नारी पात्रहरू शोषण र अत्याचारको विरोध नगरेर आत्महत्या गर्नु, पतिद्वारा घरबाट निस्कासित हुनुपर्दा पनि कुनै विरोध गर्न नसक्नुको अवस्था रहेको पाइन्छ। कथामा यस्ता दुर्बल पक्ष पाइए तापनि द्वन्द्वको प्रयोगका कारण उनका कथाहरूले साहित्यिक उच्चता प्राप्त गर्न सफल रहेको देखिन्छ। उनका कथामा पात्रहरूले आफ्नो इच्छापूर्तिका लागि सङ्घर्ष गर्ने आधार द्वन्द्वलाई बनाएको छ। तसर्थ कथामा यसको विधान पनि रोमान्चकारी रूपमा प्रस्तुत भएको देखिन्छ। मूलतः द्वन्द्वविधानको प्रयोगले नै समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरू सफल बनेका छन्। विषयवस्तुमा हिंसा, हत्या, यौन, विषयभोग, नैराश्य, शोषण आदि रहे तापनि उनको कथाबाट नकारात्मकता जन्मदैन किनभने यसमा निहित द्वन्द्वले कथाको आरम्भजस्तो छ त्यस्तै प्रवृत्तिको निष्कर्ष दिएको

छैन। यसलाई द्वन्द्वविधानको सफल प्रयोग मान्न सकिन्छ। घटनाको आरम्भ र विकास जस्तै भए तापनि यसको उत्कर्ष र निष्कर्षले कथामा नौलो स्थिति निर्माण गरेको छ। कथामा निष्कर्ष मन ज्ञानबाट निर्मित हुँदैन, यो द्वन्द्वको विधानबाट प्रतिफलित हुँदछ। त्यसैले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा प्रयुक्त द्वन्द्वले गर्दा नै कथाहरू उत्कृष्ट बनेका छन् भन्ने निष्कर्ष दिन सकिन्छ।

अन्तमा, "द्वन्द्वविधानका दृष्टिले समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन" शीर्षकको यस लघु शोधप्रबन्धमा द्वन्द्वविधानलाई आधार गरेर कथाकार समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ। उनका कथाहरूमाथि साहित्यका विभिन्न सिद्धान्तका दृष्टिले पनि शोध वा अध्ययन गरिने सम्भावनाहरू छन्। तीमध्ये केही विषय यस प्रकार छन्-

(क) समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको समाजशास्त्रीय अध्ययन।

(ख) लोकतत्त्वको आधारमा समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको अध्ययन।

(ग) समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूमा अस्तित्ववादी चेतना।

(घ) समीरण छेत्री 'प्रियदर्शी'-का कथाहरूको भाषिक अध्ययन।

# सन्दर्भग्रन्थसूची

## नेपाली पुस्तक


अधिकारी, रामलाल, (सम्पा.), सन् १९९२, *नेपाली कथा यात्रा,* दो. सं. नयाँ दिल्ली, साहित्य अकादमी।

अधिकारी, हेमाङ्गराज, भट्टराई, बद्रीविशाल (सम्पा.), वि सं २०६२, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं, विद्यार्थी प्रकाशन प्रा.लि।

उपाध्याय, केशवप्रसाद, वि सं २०६७, *पूर्वीय साहित्य सिद्धान्त,* पाँ. सं. काठमाडौं, साझा प्रकाशन।

उपाध्याय, गोविन्द शरण, वि सं २०६४, *परिचयात्मक पाश्चात्य दर्शन,* काठमाडौं, पैरवी बुक हाउस।

उप्रेती, विष्णुराज, वि सं २०६१, *द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू,* काठमाडौं, भृकुटी एकेडेमी पब्लिकेसन।

कोइराला, कुमारप्रसाद, वि सं २०६७, *रत्न वृहत समालोचना,* काठमाडौं, रत्न पुस्तक भण्डार।

गौतम, लक्ष्मणप्रसाद, अधिकारी, ज्ञानु, वि सं २०६९, *नेपाली कथाको इतिहास,* काठमाडौं, नेपाली प्रज्ञा प्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद, वि सं २०२५, *समकालीन नेपाली कविताका प्रवृत्ति,* साझा प्रकाशन, काठमाडौं।

...................... वि सं २०६३, *समकालीन नेपाली द्वन्द्वकथा,* काठमाडौं, पैरवी प्रकाशन।

घर्ती, दुर्गाबहादुर, वि सं २०६७, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* काठमाडौं, साझा प्रकाशन।

चालिसे, विजय, वि सं २०६०, *आमसञ्चार द्वन्द्व र आतङ्कवाद,* काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेशन।

चौलागाई, केशवप्रसाद, वि सं २०६७, *द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा आध्यात्मिक क्षेत्रको भूमिका,* काठमाडौं, सक्सेस फाउन्डेसन।

छेत्री, इन्द्रबहादुर, सन् २००३, *दार्जिलिङका नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,* नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय।

छेत्री, गीता, सन् २०१०, *विविध विवेचनाहरू,* दार्जिलिङ, सिस्टम्याटिक कम्प्युटराइज अफसेट प्रिन्टर्स।

छेत्री, राजकुमार, सन् २०११, *अवलोकन अवबोधन,* दार्जिलिङ, दास प्रिन्टर्स।

छेत्री, लीलबहादुर, वि सं २०७३, *लीलबहादुर क्षत्रीका कथाहरू,* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान।

छेत्री, समीरण, सन् १९६४, *फूटेको मुरली,* वाणारासी, राकेश प्रेस।

................. सन् १९६७, *असफल चित्रकार,* वाणारासी, ज्वाला प्रेस।

................. सन् १९८६, *अर्को मान्छे,* गान्तोक, यूनिभर्सल प्रिन्टर्स।

................. सन् १९९६, *निर्वाणको रात,* सिक्किम, निर्माण प्रकाशन।

................. सन्१९९३, *नीलो झिंगा,* गान्तोक, आवाज प्रकाशन ।

................. सन् २००७, *गैरीगाउँकी चमेली,* गान्तोक, झिल्का प्रकाशन।

तामाङ, छत्रकुमार, सन् २०१५, *द्वन्द्वविधानका दृष्टिले मनबहादुर मुखियाका पूर्णाङ्की नाटकहरूको अध्ययन,* लघु शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय।

त्रिपाठी, कल्पना, सन् २०१६, *सानु लामाका कथामा समाज,* सिलगढी, विनायक प्रकाशन।

त्रिपाठी, वासुदेव, वि सं २०६५, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* आ. सं. काठमाडौ साझा प्रकाशन।

थापा, मोहनहिमांशु, वि सं २०६६, *साहित्य परिचय,* पाँ. सं. काठमाडौं, साझा प्रकाशन।

थापा, रेमिका, सन् २०१७, *हायमनदास राई किरातका कथामा चित्रित नर-नारी सम्बन्धः विवेचनात्मक अध्ययन,* शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय।

दाहाल, कृष्णप्रसाद, वि सं २०५७, *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,* शोधप्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालय।

नवीन पौड्याल, सन् २०११, *आख्यान अनुशीलन,* दार्जिलिङ, मणि प्रिण्टिङ बाउस।

नेचाली, हस्त (सम्पा.), सन् २०१०, *भारतेली नेपाली साहित्य स्रष्टाहरू,* दार्जिलिङ, साझा पुस्तक प्रकाशन।

नेपाली, के.बी, सन् २०१०, *केही कवि साहित्यकारहरू र विविध लेखहरू,* असम, बिन्दु प्रकाशन।

नेपाल, घनश्याम, सन् १९८९, *कथा सागर,* सिक्किम, जनपक्ष प्रकाशन ।

.................. सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी, एकता बुक हाउस।

पोखरेल, ठाकुरप्रसाद, वि सं २०७०, *विजय मल्लका नाटकमा द्वन्द्वविधान,* शोधप्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालय।

प्रधान, कुमार र अन्य, सन् २०११, *नेपाली लेखन शैली,* मैसुर, भारतीय भाषा संस्थान।

प्रधान, प्रतापचन्द्र, सन् १९८३, *नेपाली कथा अवलोकन,* दार्जिलिङ, दिपा प्रकाशन।

बराल, ईश्वर, वि सं २०५३, *झ्यालबाट,* चौ.सं, काठमाडौं, साझा प्रकाशन।

भण्डारी, कृष्णप्रसाद, वि सं २०४५, *मानसिक अन्तर्द्वन्द्व र कुण्ठा,* काठमाडौं, साझा प्रकाशन।

भण्डारी, राजेन्द्रप्रसाद, सन् २००१, *सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मुल्याङ्कन,* शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय ।

राई, असित, सन् २००४, *भारतीय नेपाली साहित्यको इतिहास,* दार्जिलिङ, साझा पुस्तक प्रकाशन।

राई, इन्द्रबहादुर, सन् १९६०, *विपना कतिपय,* दार्जिलिङ, श्याम ब्रदर्श।

राई, पूर्ण, सन् १९८५, *गल्ली-गल्ली क्रान्तिको उद्घोषणा,* गान्तोक, दीपक प्रेस।

राई, मटिल्डा, सन् १९७६, *टोटोलाको फूल,* दार्जिलिङ, श्याम बद्रर्स प्रकाशन।

राई, हायमनदास, सन् २००३, *चौकीदार,* दो. सं, गोरूबथान, दार्जिलिङ, कथार्थ प्रकाशन।

रेग्मी, मुरारीप्रसाद, वि सं २०५०, *मनोविश्लेषणात्मक समालोचना,* दो. सं. काठमाडौं, साझा प्रकाशन।

लामा, सानु, सन् १९९५, *कथा सम्पद्,* दो. सं. वाराणासी, माडर्न दीपक प्रेस।

लुइटेल, खगेन्द्रप्रसाद, वि सं २०६०, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा, गोमादेवी, सन् २०१७, *भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास,* मणिपूर, गोर्खा ज्योति प्रकाशन।

शर्मा, डिल्लीराम, सन् १९९७, *सिक्किमका नेपाली कथाको विकास एक सर्वेक्षण,* लघु शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, वि सं २०७२, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* चौ. सं. काठमाडौं, विद्यार्थी पुस्तक भण्डार।

सिंह, रूपनारायण, सन् २०१३, *कथा नवरत्न,* ते. सं. वाणारासी, विश्व-बन्धु प्रकाशन।

सुवेदी, राजेन्द्र, गौतम, लक्ष्मणप्रसाद, वि सं २०६८, *रत्न वृहत समालोचना,* रत्न पुस्तक भण्डार, काठमाडौं।

सुब्बा, विन्ध्या, सन् २०१३, *शीतलहर,* काठमाडौं, ल्टिमेट हाई-टेक प्रेस प्रा.लि.।

श्रेष्ठ, अविनाश, वि सं २०६४, *आधुनिक भारतीय नेपाली कथा,* काठमाडौं, साझा प्रकाशन।

श्रेष्ठ, कृष्णदास, वि सं २०६२, *द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गहरूबारे,* काठमाडौं, नेपाली पुस्तक सदन।

श्रेष्ठ, दयाराम, वि सं २०६३, *नेपाली साहित्यका केही पृष्ठ,* पाँ. सं, काठमाडौं, साझा प्रकाशन।

श्रेष्ठ, मंजु, वि सं २०६९, *माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजको महिलामा परेको प्रभाव,* शोधप्रबन्ध, काठमाडौं, त्रिभुवन विश्वविद्यालय।

**नेपाली पत्र-पत्रिका**

गिरी एस, सहदेव (सम्पा.), सन् २०१४, *चरित्र,* वर्ष २८, अङ्क १३, कालेबुङ, चरित्र प्रकाशन।

छेत्री, उदय (सम्पा.), सन् २०१८, *अकादमी जर्नल,* वर्ष १४, अङ्क ०७, गान्तोक, सिक्किम अकादमी।

छेत्री, कुमार (सम्पा.), सन् २०१३, *साहित्य सङ्केत,* वर्ष ४७, अङ्क ३३, कालेबुङ, नेपाली साहित्य अध्ययन समिति।

छेत्री, हीरा, सन् २००७, *परिपेक्ष्य,* वर्ष १, अङ्क १, कालेबुङ।

तिवारी, वरूणकुमार, वि सं २०३०, *मधुपर्क,* वर्ष ६, अङ्क ९, काठमाडौं।

दास, तारा (सम्पा.), सन् २०१६, *नव प्रभात* वर्ष ९, अङ्क ७, सिक्किम, नव प्रभात साहित्य प्रकाशन।

दाहाल, मोहन, पी (सम्पा.), सन् २००५, *नेपाली अकादमी जर्नल,* वर्ष २, अङ्क २, उत्तरबङ्ग विश्वविद्यालय।

भट्टराई, चुडानाथ, वि सं २०३३, *प्रज्ञा,* वर्ष ४, अङ्क ३, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

### हिन्दी पुस्तक

अग्रवाल, पद्मा, सन् १९५५, *मनोविश्लेषण और मानसिक क्रियाए,* वनारस, मनोविज्ञान प्रकाशन।

काशीनाथ, ज्ञानराज, सन् १९७५, *आधुनिक हिन्दी नाटकों में सङ्घर्षतत्त्व,* कानपुर, गायकवाडा पुस्तक संसार।

कुलश्रेष्ठ, महेन्द्र, सन् १९६३, *पाश्चात्य दार्शनिक,* पन्जाब, विश्वेश्वरानन्द वैदिक रिसर्ज इन्स्टीच्युट प्रेस।

दुबे, स्वयंप्रभा, सन् २००५, *दिनकर के काव्य में द्वन्द्व,* शोधप्रबन्ध, झांसी, बुन्देलखण्ड विश्वविद्यालय।

पाण्डेय, जगदीश, सन् १९५६, *असामान्य मनोविज्ञान,* पटना, गर्न्थमाला कार्यालय।

प्रसाद, देवेन्द्रकुमार (अनु), सन् २०१४, *फ्रायड मनोविश्लेषण,* दिल्ली, राजपाल एण्ड सन्ज।

यादो, रमेश, सन् २००९, *यशपाल के साहित्य में यथार्थ और विचारधारा का द्वन्द्व,* शोधप्रबन्ध, कलकत्ता, कलकत्ता विश्वविद्यालय।

शर्मा, चन्द्रधर, सन् १९८४, *पाश्चात्य दर्शन,* आ. सं, वाराणसी, मनोहर प्रकाशन।

### अङ्ग्रेजी पुस्तक

Brown, J.F. 1940, *The Pshychodynamics of Abnormal Behavior,* New York, McGraw hill book company Inc.

Christian, Christopher, eagle, Morris, Wolitzky, David, 2017, P*sychoanalytic Perspective on Conflict*, UK, Routledge.

Davies, Lynn, 2004, *Education and Conflict,* UK, Routledge.

Fakhruddin, rohmat anang, 2015, *The Internal Conflict Faced By Victor Frankenstein in Mary Shelley Frankenstein* (thesis), Malang, Maulana malik Ibrahim state Islamic university.

Horney, Karen, 1945, *Our Inner Conflicts*, New York, W.w Morton & company, Inc.

Janzen, Randy, 2018, *Conflict Analysis and Transformation,* UK, Cambridge scholars publishing.

Lachman, Judith A. 2010, *A Theory of Conflict,* Hawaii, world public library association.

Murphy, Gardner, Jensen, Friedrich, 1932, *Approaches to Personality*, New York, coward McCann Inc.

# परिशिष्ट

## कथाकार समीरण छेत्री 'प्रियदर्शी'-सँगको अन्तर्वार्ता

१. तपाईको वास्तविक नाम के हो?

मेरो खास नाम सोमबहादुर छेत्री हो। समीरण छेत्री 'प्रियदर्शी' मेरो साहित्यिक नाम हो। मैले साहित्य लेख्न थालेको समय तिनताक साहित्यिक उपनाम धेरै प्रचलित थियो। बनारसमा म एउटा साहित्यिक कार्यक्रममा सामेल भएको थिएँ। त्यसैबेला मेरो एकजना गुरु उमा शङ्कर दीक्षितले यो समीरण छेत्री 'प्रियदर्शी' नाम राखिदिएका थिए।

२. तपाईले साहित्य लेखन कहिलेदेखि थालनी गर्नु भएको हो? कुन विधाबाट?

मैले सर्वप्रथम कथा विधाबाट नै आफ्नो साहित्य लेखनको थालनी गरेको हुँ। म सन्त रोबर्टस् स्कुलमा छँदा त्यसबेला धेरै हस्तलिखित पत्रिका निक्लने गर्दथे। त्यही समय म र धीरेन चामलिङ् भाई भएर हस्तलिखित पत्रिका निकाल्ने जर्मको गऱ्यौं। सन् १९५२ मा हस्तलिखित पत्रिका *टुकी*-को सम्पादन गर्न थालेदेखि नै मैले आफ्नो साहित्य लेखन सुरु गरेको हुँ। त्यस हस्तलिखित पत्रिकामा सर्वप्रथम मेरो 'दोबाटो' कथा छापिएको थियो। *टुकी*-मा एक दुई वटा कथाहरू छपाउन थालेदेखि मलाई कथा लेख्न रहर लाग्न थाल्यो। यसरी लेख्दा लेख्दा मलाई कथा लेख्ने बानी बसेको हो।

३. तपाईले साहित्यका धेरै विधामा कलम चलाउनु भएको छ। यीमध्ये तपाईलाई सबैभन्दा मनपर्ने विधा कुन हो? किन?

मलाई सबैभन्दा मनपर्ने विधा कथा हो किनभने कथा पढ्न र सुन्न मलाई सानैदेखि मन पर्थ्यो। कथा लेख्दा वा पढ्दा मलाई आनन्द लाग्थ्यो। छोटो समयमा नै पढेर सकिने अर्थात् कम समयमा नै धेरै ज्ञान र आनन्द दिने भएकोले मलाई कथा धेरै मनपर्छ।

४. साहित्यप्रति तपाईको धारणा कस्तो छ?

साहित्यको क्षेत्र विशाल छ। यसैमा संसारका सबै विषयहरू आएका हुन्छन्। मानिसका सम्पूर्ण सोचाईहरू यसैमा सबै मिसिएका हुन्छन्। यस्तो साहित्यमा एउटा साहित्यकारले आफ्नो कल्पनाबाट विचरण गर्ने गर्दछ। यसैले मलाई लाग्छ साहित्य विश्वको प्राण हो।

५. साहित्य लेखनप्रति आकृष्ट हुनुमा तपाईको कुनै प्रेरणादायी व्यक्ति वा कुनै पृष्ठभूमि रहेको छ कि?

म सानै छँदा मेरो बाबाले मलाई धेरै कथाहरू सुनाउने गर्नु हुन्थ्यो। वहाँले सुनाउनु भएका कथाहरूमध्ये एउटा मलाई धेरै मन परेको थियो, त्यो थियो लोक रामायण। जसमा उनले सीता र लक्ष्मणको भावनात्मक प्रेम र श्रद्धाको वर्णन गरेका थिए। त्यो सुनेको देखि मलाई पनि कथाप्रति धेरै आकर्षण बढ्यो र लेख्ने जोश जागेको थियो। त्यसैले साहित्यलेखनप्रति आकृष्ट हुनुको पृष्ठभूमिमा मेरो प्रेरणाशक्ति वा प्रेरणादायी व्यक्ति म मेरो बाबालाई मान्दछु। यसका साथै म मेरो अर्को मूल प्रेरणाशक्ति मेरो आफ्नी श्रीमतीलाई मान्दछु। उनले सँधै मेरो कथालेखनलाई सम्मान गरिदिन्थिन्। मैले लेखेको कथाहरूलाई ठुलो आवाजमा पढ्दै सुनाइ दिन्थिन् र मलाई अझ साहित्य लेख्ने प्रोत्साहन दिइ रहन्थिन्। यसैले उनको प्रेरणा र हौसलालाई मेरो साहित्य लेखनको मूल स्रोत मान्दछु।

६. कथा लेखनको प्रारम्भिक चरणमा तपाईको कस्तो अनुभव रहेका छन्?

त्यससमय मलाई कथा लेख्दा धेरै खुशी अनुभव हुन्थ्यो। आफूले लेखेका कथा कसलाई सुनाउ जस्तो लागि रहन्थ्यो। त्यसैबेला प्रत्येक सप्ताह शनिवारको दिन भानुभक्त स्कुलमा गोष्ठी हुने गर्थ्यो अनि म आफूले लेखेका प्राय: कथाहरू त्यहाँ भन्ने गर्दथे। साथीहरू सबै खुशी हुन्थे अनि मलाई अझ कथा लेख्ने र प्रकाशित गराउने उत्साह दिइरहन्थे। यसरी मैले आफ्नो कथालेखनलाई अघि बढाउदै गएँ।

७. मनोवैज्ञानिक प्रवृत्ति वर्तमान लेखनको एउटा महत्त्वपूर्ण प्रवृत्तिमध्ये एक हो। तपाईका धेरै कथाहरूलाई मनोवैज्ञानिक दृष्टिकोणले पनि हेर्न सकिन्छ। तपाईले आफ्ना प्रकाशित कथाहरूमा त्यस प्रवृत्तिको प्रयोग सचेत रूपमा गर्नु भएको हो कि स्वत: ?

मनोवैज्ञानिक प्रवृत्ति स्वत: मेरा कथामा आएको हो। मैले कथा लेख्दा कहिले वाद, सिद्धान्तलाई हेरेर कथा लेख्ने गरिनँ। जब मलाई कथाको भाव आउँदथ्यो, त्यही भावहरू पात्रद्वारा प्रकट भएका हुन्। मेरा कथाहरूमा देखिएको मनोवैज्ञानिक प्रवृत्ति त्यसैको प्रभाव हो।

७. तपाईका कतिपय कथाहरू विभिन्न आन्दोलन र युद्ध विषयक छन्। के ती कथाहरू यथार्थ घटनामा आधारित हुन् कि कल्पना मात्र?

मेरा कथाहरू इतिहासको घटनासँग अलिअलि मिल्छ किनभने गोर्खाल्यान्ड आन्दोलन सम्बन्धित लेखिएको 'आत्महत्या' कथामा भएको घटना सत्य त होइन तर त्यस कथाले गोर्खाल्यान्ड आन्दोलनको इतिहास भने देखाएको छ। त्यसैले मैले कतिपय कथामा इतिहासको पृष्ठभूमिलाई आधार गरेर आफ्नो कथाको रचना गरेको छु। त्यहाँ वर्णित सम्पूर्ण घटना सत्य होइन तर त्यसको पृष्ठभूमि भने ऐतिहासिक विषयक छन्।

८. द्वन्द्व कथाको एउटा महत्त्वपूर्ण घटक हो। के तपाईलाई कथामा द्वन्द्व हुनु आवश्यक छ जस्तो लाग्छ? यदि लाग्छ भने किन?

मलाई कथामा द्वन्द्व हुनु आवश्यक नै छ जस्तो लाग्छ। कारण कथामा देखिएको यस्तो द्वन्द्वपूर्ण स्थितिले नै कथा घतलाग्दो हुने गर्दछ। पाठकमा पनि धेरै कौतुहलता उब्जने गर्दछ। हुनु पर्छ जस्तो नै लाग्छ।

९. *गैरीगाउँकी चमेली* कथासङ्ग्रहमा सङ्ग्रहित 'सीतामाई' कथाको मूल पात्र शिवपुजनलाई तपाई कस्तो पात्र मान्नु हुन्छ ? उसमा निहित द्वन्द्वलाई द्वन्द्वको कस्तो रूप मान्नु हुन्छ ?

शिवपुजनलाई म यस्तो पात्र मान्छु, जो बाहिर पुरुष जस्तो छ तर भित्री मनमा नारी जस्तो छ। उसको आफैसँग द्वन्द्व छ, पुरुष भएर पनि नारी जस्तो भावना आएकोले उ आफ्नै मनको द्वन्द्वमा परेको छ। यसैले म उसमा भएको द्वन्द्वलाई द्वन्द्वको विकृत रूप नै मान्छु किनभने त्यही द्वन्द्वले गर्दा नै उ अन्त्यमा पागल बनेको छ।

१०. आजसम्म प्रकाशित कथासङ्ग्रहमध्ये तपाईलाई मन पर्ने कथासङ्ग्रह कुन हो ? किन ?

मलाई आफ्ना सबै कथाहरू मनपर्छ। तर गैरीगाउँकी चमेली, मलाई धेरै मनपर्ने कथासङ्ग्रह हो। यसमा भएका कथाहरूको विषय, भाव र भाषाशैली सबै मैले धेरै छनौट गरेर लेखेको छु। यो समसामयिक जीवनलाई लिएर लेखिएको छ। यसैले यस कथासङ्ग्रहको कथाहरू मलाई धेरै मन पर्ने खालको छ।

११. तपाई आफ्नो भावी पीढीहरूलाई के सन्देश दिन चाहनु हुन्छ ?

मेरा भावी पीढी सबैलाई म आर्शीवाद दिन्छु, उनीहरूको कलम सधैं अघि बढिरहोस्। हाम्रो नेपाली साहित्यले भविष्यमा अझ उन्नति गर्दै जाओस्। हामीले आफ्नो संस्कार संस्कृतिलाई कहिले बिर्सन हुँदैन। हामीले नै हाम्रो आफ्नोपनलाई जोगाइ राख्नु पर्छ। आफ्नो देश र जातिको सबै कुरालाई समेटेर साहित्यको सिर्जना गरून्। ईर्ष्या, द्वेष र विकृतिको विरुद्ध उनीहरूको कलम बढोस्।

लेखकको हस्ताक्षर ७६-२-२०

रोशनी भुजेल
शोधार्थीको हस्ताक्षर ०६/०२/२०



कथाकार समीरण छेत्री 'प्रियदर्शी'-सँग ३०/१२/२०१९ मा लिइएको अन्तर्वार्ता